# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधी

## २०७९

(मिति २०७९,साउन १५ को मन्त्रीस्तरको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

वन तथा वातावरण मन्त्रालय

मुकामः बुटवल, नेपाल

बिषय-सूची

पेज नं.

परिच्छेद-१ ९

परिचय ९

१.१ पृष्ठभुमी ९

१.२ संक्षिप्त ९

१.३ परिभाषा ९

१.४ कार्यक्रम सञ्चालन प्रक्रिया १०

१.५ कार्यक्रम कार्यान्वयन विधि १२

१.६ कार्यक्रम अनुगमन तथा मूल्याङ्कन विधि १२

परिच्छेद-२ १३

वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम (३२९०००१२) १३

२.१ वन सम्वर्धन प्रणालीमा आधारीत दिगो वन व्यवस्थापन १३

२.१.१ चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन १३

२.१.२ साझेदारी वन व्यवस्थापन कार्ययोजना नविकरण तथा कार्यान्वयन १४

२.१.३ सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना संशोधन तथा कार्यान्वयन १५

२.१.४ सामुदायिक वनमा वन सम्बर्द्धन (थिनिङ्ग) क्रियाकलाप सञ्चालन १५

२.१.५ वनमा आधारित उत्पादन (सरकारद्वारा व्यवस्थित वनमा ढलापडा तथा अन्य वारिसे, वेवारिसे काठ दाउरा संकलन) तथा व्यवस्थापन १६

२.१.६ पञ्चबर्षीय वन व्यवस्थापन योजना तयारी (डिभिजन) १७

२.१.७ ट्रि हार्भेष्टिङ तथा प्रिन्टिङ मेशिन खरिद तथा वितरण १७

२.२.१ सामुदायिक वन हस्तान्तरण (विधान र कार्ययोजना तयारी) १७

२.२.२ सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना नवीकरण १८

२.२.३ स्थानीय वन उपभोक्ता समुहहरुको संयूक्त सिकाई आदानत प्रदान १८

२.२.४ लेखा अभिलेख, कार्यालय व्यवस्थापन र सुशासन अभिवृद्धि तालिम १८

२.२.५ सामुदायिक वन उपभोक्ता समुहको विधान तथा कार्ययोजना कार्यान्वयन अनुशिक्षण १९

२.२.६ सामुदायिक वनको अनुगमन, मूल्यांकन र अभिलेखीकरण १९

२.२.७ कबुलियती वनमा वन व्यवस्थापन तथा जिविकोपार्जन सुधार योजना कार्यक्रम २०

२.२.८ कबुलियती वन समूहमा सामाजिक परिचालन मार्फत कार्ययोजना नवीकरण र आयआर्जन क्रियाकलाप २०
२.२.९ कबुलियती वन समूहको क्षमता अभिबृद्धि कार्यक्रम २२
२.३ वन डढेलो नियन्त्रण अभियान २३
२.३.१ वन डढेलो नियन्त्रणका लागि जोनिङ, सञ्जाल निर्माण, अन्तरकृया तथा परिचालन (जोखिम क्षेत्र केन्द्रित) २३
२.३.२ स्थायी अग्नी रेखा निर्माण २३
२.३.३ अग्नी रेखा सरसफाइ तथा मर्मत सम्भार २३
२.३.४ डढेलो नियन्त्रण सम्वन्धी स्कुल शिक्षा कार्यक्रम (जोखिम क्षेत्र केन्द्रित) २४
२.३.५ वन डढेलो सप्ताह आयोजना २४
२.३.६ वनक्षेत्र भित्र नियन्त्रित डढेलो लगायत ज्वलनशील पदार्थको संकलन तथा व्यवस्थापन सहजिकरण व्यवस्थापनमा सहजीकरण २४
२.३.७ वन भित्रको पत्कर व्यवस्थापनवाट प्राङ्गारिक मल उत्पादन उद्यम सञ्चालनमा सहयोग (जोखिम क्षेत्र केन्द्रित नमूना अभ्यास) २५
२.३.८ सहभागितामुलक वन डढेलो रोकथाम तथा नियन्त्रण २६
२.३.९ वन डढेलो नियन्त्रण सामाग्री खरिद तथा वितरण २६
२.४ वन, वन्यजन्तु संरक्षण र वन अपराध नियन्त्रण कार्यक्रम २६
२.४.१ पुरानो वन अतिक्रमण हटाउने २६
२.४.२ अतिक्रमण नियन्त्रण समन्वय समिति/सुरक्षा निकाय बैठक तथा अन्य संस्थागत समन्वय २६
२.४.३ वन अपराध नियन्त्रण (सूचना संकलन र गस्ती परिचालन समेत) २७
२.४.४ वन तथा वन्यजन्तु सम्वन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दा दायरी (वन अपराध नियन्त्रणमा सरोकारवाला विच समन्वय बैठक समेत) २७
२.४.५ वन अपराध नियन्त्रणमा सरोकारवाला विच समन्वय बैठक **Error! Bookmark not defined.**
२.४.६ वन्यजन्तु अपराध नियन्त्रणमा सहजीकरण (बाँके र रुपन्देही) २८
२.४.७ चुरे लगायत संवेदनशील क्षेत्रमा हरियाली प्रवर्धन कार्यक्रम २८
२.५.१ एक वडा: एक पोखरी कार्यक्रम २८
२.५.२ वर्ड स्याङ्चुरी (Bird Sanctuary) सञ्चालन तथा व्यवस्थापन २९
२.५.३ संकटापन्न तथा लोपोन्मुख वनस्पति, वन्यजन्तुको बासस्थान संरक्षण कार्यक्रम २९
२.५.४ पिडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन २९



सचिव

२.५.५ वन्यजन्तु संरक्षण र उद्दारका लागि र्‍यापिड रेस्पोन्स टिम (Rapid Response Team) परिचालन ३०
२.५.६ विषालु सर्प उद्दार तथा पुनस्थापनाका लागि सिप तथा प्रविधि सहयोग ३०
२.५.७ सास्कृतिक महत्वका वनसपतिहरुको अभिलेखीकरण र संरक्षण (आँप, वर, पिपल लगायत) ३१
२.५.८ तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा व्यवस्थापन ३१
२.६ प्रचार प्रसार र प्रकाशन ३२
२.६.१. वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण सम्बन्धी प्रचार प्रसार (पर्चा, पम्पलेट, होर्डिंग बोर्ड, भित्ते लेखन, रेडियो, टि.भी. पत्रपत्रिका समेत) तथा बार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन ३२
२.६.२ वन संग सेलीब्रेटी कार्यक्रम ३२
२.७ दिवश तथा समारोह ३३
२.७.१ प्रदेश स्थापना दिवस, सिमसार दिवस, राष्ट्रिय बृक्षारोपण दिवस, जैविक विविधता दिवस, विश्व वातावरण दिवस, वन्यजन्तु सप्ताह आदि ३३
२.८ जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापन ३३
२.८.१ पुथा जडिबुटी उद्यान निर्माण तथा व्यवस्थापन, रुकुमपुर्व ३३
२.८.२ शितगंगा जडिबुटी उद्यान निर्माण तथा व्यवस्थापन, अर्घाखाँची ३३
२.८.३ वनस्पती उद्यान निर्माण तथा व्यवस्थापन, रासी गा.पा. दाङ्ग ३३
२.८.४ वनस्पती उद्यान निर्माण तथा व्यवस्थापन, जिवाङ्ग रोल्पा ३३
२.९ अध्ययन अनुसन्धान (पूँजीगत परामर्श) ३३
२.९.१ विगतमा भएको बृक्षरोपणको अवस्था अध्ययन तथा प्रतिवेदन प्रकाशन ३४
२.९.२ लुम्बिनी प्रदेशका सहरी सडकहरुमा रोपिने विरुवाहरुको प्रजाति तथा विधि सम्वन्धी म्यानुअल तयारी ३४
२.९.३ वन विज्ञान विषयमा स्नातक तथा स्नातकोत्तर अध्ययनको शोधपत्र अनुसन्धान सहयोग ३४
२.१० सुशासन अभिवृद्धि कार्यक्रम ३४
२.१०.१ डिभिजन वन कार्यालयको वेभ साईट संचालन र प्रविधीमैत्री सव डिभिजन निर्माण तथा व्यवस्थापन ३४
२.१०.२ सव डिभिजनमा सुशासन तथा सबलीकरण कार्यक्रम ३४
२.१०.३ विकट स्थानहरुका निजी वन तथा वन उपभोक्ता समूहहरुमा घुम्ती सेवा मार्फत सेवा प्रवाह ३५
२.१०.४ वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण अभिमुखीकरण कार्यक्रम ३५
२.११ समन्वय, योजना तर्जुमा र प्रगती समिक्षा गोष्ठी ३६

२.११.१ योजना तर्जुमा गोष्ठी ३६
२.११.२ चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठी ३६
२.११.३ स्थानीय तहसंग समन्वय बैठक (सव डिभिजनस्तर) ३६
२.११.४ वन, वातावरण, जलाधार र जडीबुटी सम्बन्धी कृयाकलापहरूको अनुगमन सहजीकरण र प्रतिवेदन ३६
२.११.५ गत विगत आर्थिक बर्षहरुमा वस्तुगत तथा नगद अनुदान मार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरुको प्रभावकारीता सम्वन्धी अनुगमन तथा उद्योगहरुको प्रभावकारीता सम्वन्धी अनुगमन तथा प्रतिवेदन (वन जन्य उद्यम, होमस्टे समेत) ३७
२.१२ सम्मान तथा पुरस्कार ३७
२.१२.१ उत्कृष्ट वनकर्मी पुरस्कार (Best Forester Award) ३७
२.१२.२ गौतम बुद्ध बृक्ष संरक्षण प्रबल पुरस्कार ३७
२.१२.३ वन कर्मचारीहरको शारिरीक तन्दुरुस्तीका लागि खुल्ला जिम ३७
२.१२.४ फ्रन्टलाईनमा खटिने वन रक्षक दुर्घटना बीमा कार्यक्रम ३७
२.१२.५ वन संरक्षण कार्यका लागि फिल्ड गियर व्यवस्थापन ३८
२.१३ वन, जडीबुटी, जैविक विविधता सम्बन्धी आवश्यक कानून, नीति रणनीति, मापदण्ड, कार्यविधी, निर्देशिका निर्माण तथा अभिमुखीकरण ३८
२.१४ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम ३८
परिच्छेद-३ ४४
जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम ४४
३.१ जडिबुटी पकेट क्षेत्र सवलीकरण ४४
३.२ जडिवुडी नर्सरी निर्माण, मर्मत तथा स्तरोन्नति ४४
३.३ पकेट क्षेत्र केन्द्रीत प्रजाति विशेष जडिवुटी विरुवा उत्पादन ४४
३.४ पकेट क्षेत्र स्तरीय जडिबुटी खेति विस्तार सञ्जाल गठन तथा परिचालन ४४
३.५ पकेट क्षेत्र स्तरीय जडिबुटी खेति विस्तार सञ्जाललाई क्षमता विकास र अध्ययन भ्रमण ४५
३.६ एक पकेट क्षेत्र एक जडिबुटी खेति विस्तारमा कृषकलाई निःशुल्क विरूवा, ढुवानी, मलखाँद र रोपणमा सहुलियत ४५
३.७ विगतका वर्षहरूमा निजी क्षेत्रमा वृक्षारोपण गरिएका जडिवुटी खेतीको स्याहार सम्भार सहयोग (पुनरोपण समेत) ४६
३.८ पकेट क्षेत्रमा सामुदायिक तथा सार्वजनिक जग्गामा जडिबुटी खेति विस्तारमा सहयोग ४७
३.९ जडिवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यम प्रवर्धनमा सहयोग ४७

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल नेपाल

३.१० आर्थिक महत्वका जडिबुटीहरूको स्वःस्थानीय संरक्षण ४८
३.११ प्रदेशका महत्वपुर्ण जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको खेति प्रविधि दिग्दर्शन तयारी र प्रकाशन ४८
३.१२ टिमुर खेति विकास तथा प्रवर्धन कार्यक्रम ४९
३.१३ तेजपात खेति विकास तथा प्रवर्धन कार्यक्रम ४९
३.१४ अल्लो प्रवर्धन कार्यक्रम ४९
३.१५ उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम ४९
३.१६ जडिबुटी फोकल टिम बैठक ५०
३.१७ जडिबुटी खेति विस्तारमा सहजीकरण ५०
३.१८ जडिबुटी प्रवर्धनका लागि कृषक, व्यवसायी र प्राविधिक बिच अन्तरकृया ५०
परिच्छेद -४ ५१
भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम (३२९०००१४) ५१
४.१ कार्य सञ्चालन प्रकृया ५१
४.१.१ कार्यनीति ५१
४.१.२ जनशक्ति व्यवस्थापन तथा समय सिमा ५२
४.१.३ खरीद र भुक्तानी प्रकृया तथा गुणस्तर नियंत्रण ५२
४.२ बार्षिक स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन विधी ५३
४.२.१ एकिकृत जलाधार संरक्षण कार्यक्रम ५३
४.२.१.१ नदी तथा खोला किनारा व्यवस्थापन ५३
४.२.१.२ ग्रामीण सडकसँग भू-संरक्षण कार्यक्रम ५४
४.२.१.३ विरूवा उत्पादन (डालेघाँस तथा बायोइन्जिनियरिङ प्रजाति) ५४
४.२.१.४ आकस्मिक पहिरो व्यवस्थापन (प्याकेज) ५५
४.२.१.५ गल्छी पहिरो तथा खहरे नियन्त्रण (प्याकेज) ५५
४.२.१.६ सिमसार तथा पानी मुहान संरक्षण/पोखरी निर्माण कार्यक्रम (प्याकेज) ५६
४.२.१.७ संवेदनशिल उपजलाधार क्षेत्रहरुमा कृषि वन प्रणाली प्रवर्धन (डालेघाँस तथा फलफुलका विरुवा वितरण तथा रोपण) (प्याकेज) ५७
४.२.१.८ संवेदनशिल शहरी जलाधार क्षेत्र संरक्षण कार्यक्रम (प्याकेज) ५७
४.२.१.९ ब्रस लेयरिङ, फेसिन निर्माण (Fascine Construction), पालिसेड (Palisade) मार्फत भू-संरक्षण कार्यक्रम ५८

सचिव

४.२.१.१० भूक्षय नियन्त्रणको लागि बाँसको क्रिबवाल (Bamboo Cribwall) निर्माण ५८
४.३ भू तथा जलाधार संरक्षणका स्थान विषेश कार्यक्रमहरू ५८
४.४ प्रचार प्रचार, Activity Profile र योजना तर्जुमा गोष्ठी )भू-संरक्षण/बृक्षारोपण( ५९
परिच्छेद-५ ६०
वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम ६०
५.१ वन क्षेत्र भित्रका खोला/खोल्सी व्यवस्थापन तथा नदीजन्य पदार्थ संकलन) घनफिट लाखमा( ६०
परिच्छेद-६ ६१
वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम (३२९०००१६) ६१
६.१ स्वच्छ वातावरण एवम् कार्यालय परिसर सौन्दर्यीकरण ६१
६.२ सार्वजनिक स्थल गाँउ/नगर सरसफाई कार्यक्रम ६१
६.३ वातावरण संरक्षणका लागि विद्यालय क्षमता अभिवृद्धी कार्यक्रम ६१
६.४ फोहोरलाई श्रोतमा नै वर्गिकरण तथा व्यवस्थापन ६१
६.५ वातावरणीय परीक्षण प्रतिवेदन अध्ययन/पुनरावलोकन ६२
६.६ जलबायु परिवर्तन र अनुकुलन सम्बन्धी अभिमुखीकरण ६२
६.७ स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनहरूको स्थलगत परीक्षण ६२
६.८ वातावरणीय निर्देशिका/मार्गदर्शन निर्माण तथा प्रकाशन ६२
परिच्छेद- ७ ६४
वन उद्यम र पर्यापर्यटन प्रबर्धन कार्यक्रम (३२९०००१७) ६४
७.१ वन उद्यम प्रवर्धन कार्यक्रम ६४
७.१.१ जडिबुटी तथा काष्ठजन्य उद्यम विकासमा सहयोग (निजी, सहकारी, सामुदायिक, साझेदारी) ६४
७.१.२ एक सामुदायिक वनः एक उद्यम विकास कार्यक्रम ६५
७.१.३ काष्ठजन्य वन पैदावार (नरम प्रजाति विशेष) को गुणस्तर प्रवर्द्धन प्रविधि भित्राउने उद्यम विकास सहयोग ६६
७.२ पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम ६६
७.२.१ खाता क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, बर्दिया ६८
७.२.२ मदाने क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी ६८
७.२.३ रेसुंगा क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी ६८
७.२.४ थाप्ले सत्यवती सालिमेदह क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी ६८
७.२.५ गौमुखी क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, प्यूठान ६८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मकाम: बुटवल, नेपाल


७.२.६ जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम, रोल्पा ६८
७.३ पर्यापर्यटन विकास तथा प्रवर्धन कार्यक्रम ६८
७.३.१ ऐतिहासिक गुरिल्ला ट्रेल निर्माण, रोल्पा ६९
७.३.२ विगतमा सुरु गरेको यार्सा पदमार्ग निर्माण ६९
७.३.३ वन क्षेत्रमा पर्यापर्यटन प्रवर्धन कार्यक्रम ६९
७.३.४ सिद्धबाबा सामुदायिक वनमा पर्यापर्यटन विकास बगनासकाली ८ पाल्पा ६९
७.३.५ ऐतिहासिक नाच्ने डाँडामा पर्यापर्यटन पुर्वाधार विकास, बगनासकाली– ७, पाल्पा ६९
७.३.६ कमलदह क्षेत्रमा पर्यापर्यटन विकास कार्यक्रम ६९
७.३.७ देवालय क्षेत्र सौन्दर्यीकरण तथा पर्यापर्यटन विकास कार्यक्रम छत्रकोट-३ गुल्मी ६९
७.३.८ बढैयाताल पर्यापर्यटन सम्भाव्यता अध्ययन ६९
७.३.९ बरादह संरक्षण तथा पर्यापर्यटन प्रवर्धन शितगँगा, अर्घाखाँची ६९
७.३.१० सिसौबगर सामुदायिक वनमा सिमसार संरक्षण र पार्क निर्माण, लमही– ६ देउपुर ६९
७.३.११ सत्यवती ताल संरक्षण तथा पर्यापर्यटन प्रवर्धन तिनाउ ४ पाल्पा ६९
७.३.१२ वाउन्न घोला सिमसार क्षेत्रमा पर्यापर्यटन प्रवर्धन, बर्दघाट १०, नवलपरासी (ब.सु.प) ६९
परिच्छेद-८ ७०
कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम (३२९०००१८) ७०
८.१.१ एक पालिकाः एक वन नर्सरी निर्माण तथा सञ्चालन (पालिकासँग साझेदारी मार्फत) (पालिका) ७०
८.१.२ नर्सरी मर्मत तथा स्तरोन्नति ७१
८.१.३ गत वर्षको विरुवा स्याहार सम्भार (वहु बर्षियको रुपमा अल्या भइ आएको) ७१
८.१.४ आगामी वर्षका लागि विरुवा उत्पादन (वहु बर्षिय) ७२
८.१.५ चालु आ.व.को लागि विरुवा उत्पादन (एक बर्षिय) ७३
८.१.६ अनुसन्धानमुलक वन नर्सरी (अनुसन्धान, सञ्चानल ईत्यादी) ७४
८.२ बृक्षरोपण, समृद्धी बृक्षरोपण, पुनःरोपण, गोडमेल तथा संरक्षण ७४
८.२.१ गत विगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुनः रोपण, स्याहार सम्भार र संरक्षण ७४
८.२.२ बृक्षरोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला वृक्षरोपण समेत) ७५
८.२.२.१ बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला बृक्षारोपण समेत) ७५
८.२.२.२ वन क्षेत्रको वृक्षरोपण र संरक्षण ७५
८.२.२.३ अतिक्रमण हटाई वन क्षेत्रको पुनर्स्थापना (बृक्षरोपण) ७६
८.२.३" हरित सडक लुम्बिनीको पहिचान "कार्यक्रम मार्फत सडक सौन्दर्यीकरण वृक्षारोपण ७६




सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

८.२.४ ठुला रुख स्तानान्तरणका लागि ट्री स्पेड ट्रक खरिद तथा व्यवस्थापन ७८
८.२.५ बृहत बाँस रोपण अभियान ७८
८.३ निजी तथा कृषि वन कार्यक्रम ७८
८.३.१ "एक पालिका, एक नमुना कृषि वन" कार्यक्रम ७८
८.३.२ कृषि वन प्रवर्धन कार्यक्रम ७९
८.३.३ कृषि वन विकासमा प्राविधिक सहजीकरण मार्फत उत्पादन वृद्धि कार्यक्रम ८०
८.३.४ घुम्ति विरुवा वितरण र रोपण सहजिकरण विशेष अभियान ८२
८.३.५ विविध/अन्य कार्यक्रम सम्बन्धमा ८५

सचिव

परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभुमी

वन तथा वातावरण मन्त्रालय र मातहतका वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरू र भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरू लगायत मन्त्रालयबाट अख्तियारी प्राप्त निकायहरूबाट आ.व. २०७९/८० मा सञ्चालन हुने वार्षिक कृयाकलापहरूको लक्ष्य बमोजिम प्रभावकारी कार्यान्वयनमा सहजता एक रूपता एवम् मार्गदर्शन गर्न आवश्यक भएकाले लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीस्तरको निर्णयले यो वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गरी जारी गरिएको छ ।

## १.२ संक्षिप्त

क. यस कार्यविधिको नाम "बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

ख. यो कार्यविधि आ.व. २०७९/८० को अवधीभर वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश र अन्तरगतका कार्यालयमा लागु हुनेछ ।

## १.३ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु मार्फत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यविधिलाई सम्झनुपर्छ ।

ख. "मन्त्रालय" भन्नाले प्रदेश सरकार, लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रांलयलाई सम्झनुपर्छ ।

ग. "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकायलाई सम्झनुपर्छ।

घ. "महाशाखा" भन्नाले वन तथा वातावरण मन्त्रालयका महाशाखा हरु सम्झनुपर्छ ।

ङ. "कार्यालय" भन्नाले वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका निर्देशनालय, केन्द्र तथा कार्यालयहरुलाई सम्झनुपर्छ ।

च. "स्थानीय तह/पालिका" भन्नाले कार्यक्रम लागु हुने स्थानको उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।

छ. "उद्योग" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई सञ्चालन भएका उद्योगलाई सम्झनुपर्छ ।

ज. "प्रचलित कानून" भन्नाले संघ र प्रदेश सरकार, लुम्बिनी प्रदेशले निर्माण गरेका तथा हाल कार्यान्वयनमा रहेका कानूनहरुलाई जनाउँछ ।

झ. "वातावरण मैत्री क्रियाकलापहरू" भन्नाले यस कार्यविधि अनुरूप सञ्चालन हुने निर्माण सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्दा सकभर सिमेण्ट, फलाम जस्ता वस्तुहरूको प्रयोग नगरी/कम प्रयोग गरी स्थानीय स्तरमा प्राप्त हुने प्राकृतिक तथा जैविक सामग्रीहरू जस्तैः काठ, ढुंगा, माटो, खर आदीको प्रयोग गरी गरिने कृयाकलापलाइ संझनुपर्छ । सो शब्दले उद्यान, पार्कमा निर्माणजन्य क्रियाकलाप कम र हरियालीजन्य क्रियाकलापहरूलाई प्राथमिकता दिने समेत जनाउँछ ।

## १.४ कार्यक्रम सञ्चालन प्रक्रिया

स्वीकृत वार्षिक कार्यक्रम निम्न प्रकृया अवलम्बन गरी सञ्चालन गरिनेछ ।

क. स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा सार्वजनिक गर्ने ।

ख. स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टीकरण र आवश्यकता अनुसार कार्य विभाजन गरी कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने ।

ग. क्रियाकलापहरूको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह क्षेत्र स्थानीय तहमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरकृया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थानको पहिचान गर्ने ।

घ. विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयार गर्ने। कार्यालयमा विषयगत प्रविधीक नभएको अवस्थामा स्थानिय तह, प्रदेश तथा संघिय सरकारी कार्यालयका प्राविधीक वा निजि क्षेत्र समेत सेवा खरिद गरि कार्य सञ्चालन गर्न सकिने छ।

ङ. विशेष सिपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्ने ।

च. प्रदेश अन्तर्गतका कार्यालयहरूबाट सञ्चालन हुने तालीम तथा अनुसन्धानका विषयहरूमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।

छ. यस कार्यविधी बमोजिम मन्त्रालय, निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालन गरीने तालिम गोष्ठी, सेमीनार जस्ता नियमीत कार्यहरु कार्यालयका मौजुदा जनशक्ती मार्फत अमानतमा सञ्चालन गरी लक्ष अनुसारको प्रगती हाँसील गरीने छ।

ज. वन विकास सम्वर्धन, संरक्षण, व्यवस्थापन सम्वन्धी विशिष्टिकृत कार्यहरु जस्तै वन नर्षरी निर्माण/मर्मत, विरुवा उत्पादन, वृक्षरोपण, तारवार, कार्ययोजना निर्माण, परिमार्जन, वन सर्भेक्षण आदी अग्नी रेखा निर्माण/मर्मत, पानी पोखरी निर्माण/मर्मत, सरसफाई, नियन्त्रीत आगलागी, Weeding,

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

cleaning, thinning, सुधार कटान, हार्भेस्टीङ्ग आदी जस्ता विशुद्ध वन भित्र सञ्चालन हुने हुँदा यस्ता कामहरु कार्यालयका मौजुदा जनशक्ती मार्फत अमानतमा सञ्चालन गरी लक्ष अनुसारको प्रगती हाँसील गरीने छ।

झ. लागत अनुमान तयार गर्दा प्रदेश सरकार, लुम्बिनी प्रदेश, आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट तयार भएको स्वीकृत नर्मस्, प्रचलित नर्मस् जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई आधार लिने।

ञ. यस कार्यविधी बमोजिम सञ्चालन गरीने कार्यक्रमहरुको प्रभावकारीता अभिवृद्धी तथा मूल्यांकन गर्ने कार्यका लागि सम्वन्धित कार्यक्रमको प्याकेजमा नै ४ प्रतिशत कन्टीन्जेन्सी रकम सहीतको लागत अनुमान स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ। कन्टीन्जेन्सी रकम प्रचलीन कानुन अनुसार खर्च गर्न सकीने छ।

ट. कार्य योजनाले निर्दिष्ट गरे बमोजिम वा सरकारद्वारा स्वीकृत विकास कार्यहरु (नर्सरी निर्माण, विरुवा उत्पादन, वृक्षरोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हारभेष्टिङ्ग, फेलिङ्ग इत्यादि) अमानतबाट कार्य गर्दा कम्तिमा वन सेवाको पाँचौ तहको कर्मचारी (रेञ्जर)ले प्रचलीत नर्मस, निर्देशिका र मापदणडहरुको अधिनमा रही लगत इष्टिमेट बनाई अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई सञ्चालन गर्नु पर्नेछ।

ठ. लागत अनुमानमा देहायका विषयहरू समावेश गर्ने:

१. कार्यक्रम/कृयाकलापको शीर्षक
२. कार्यक्रम सञ्चालन हुने स्थान
३. कार्यक्रमको डिजाइन, नक्सा, इकाइ, परिमाण, प्रति इकाइ लागत र कुल लागत परिमाण अनुमान
४. श्रोत साझेदारीको अवस्था

ड. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव तयार गर्दा देहायका विषयहरू स्पष्ट खुलाउने

१. कार्यक्रमको नाम
२. कार्यक्रमको पृष्ठभूमि
३. कार्यक्रमको लक्ष्य र उद्देश्य
४. कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र
५. लक्षित समूह सम्बन्धी विवरण, लाभान्वित घरधुरी, जनसंख्या
६. कार्यक्रम सञ्चालन विधि र प्रकृया
७. कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान

८. अपेक्षित उपलब्धीहरू

९. अनुगमन तथा मूल्याङ्कन

## १.५ कार्यक्रम कार्यान्वयन विधि

यसमा उल्लेख भएका कार्यक्रमहरू प्रचलित कानूनको अधिनमा रही तपसिल अनुसार सञ्चालन गरिनेछ ।

क. अमानतबाट (कार्यालयले सम्पादन गर्ने नियमीत कार्यहरु)

ख. उपभोक्ता समूह वा समितिबाट

ग. ठेक्कापट्टाबाट

घ. परामर्श सेवा खरिदबाट

ङ. साझेदारी वा सम्झौताबाट

## १.६ कार्यक्रम अनुगमन तथा मूल्याङ्कन विधि

कार्यक्रमको अनुगमन तथा मुल्यांकन तपशिल बमोजिम गरिनेछ ।

क. वन निर्देशनालयले अनुगमन योजना बनाई मन्त्रालयबाट स्वीकृत गराई नियमित रूपमा अनुगमन गरी पृष्ठपोषण दिने ।

ख. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूले योजना बनाई नियमित रूपमा अनुगमन गरी समयमै पृष्ठपोषण र गुणस्तर नियन्त्रण गर्ने ।

ग. अनुगमन मूल्याङ्कन गर्दा प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई समेत आधार बनाउनुपर्ने ।

घ. भौतिक निर्माणको कार्यक्रम सम्पन्न भएपछि आयोजना स्थलमा सम्बन्धित कार्यक्रमबाट नै खर्च बेहोर्ने गरी सकभर काठको वा अन्य उपयुक्त होर्डिंग वोर्ड राखुपर्ने ।

ङ. कार्यक्रम कार्यान्वयनको प्रगति मासिक रूपमा सम्बन्धित निकायमा पेश गर्नु पर्ने ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय

## परिच्छेद-२

## वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम (३२९०००१२)

### २.१ वन सम्वर्धन प्रणालीमा आधारीत दिगो वन व्यवस्थापन

#### २.१.१ चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन

यस शीर्षकमा विनियोजित भएको रकम वन वाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली (Selection System), माउरूख प्रणाली (Seed Tree Method), छत्र प्रणाली (Shelterwood System), सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मध्य कुनै एक प्रणाली अपनाई तयार गरीएको वा परिमार्जन गरिएको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका साथै वन सम्वर्धन प्रणालीमा आधारीत कार्ययोजना निर्माण, अग्नीरेखा मर्मत संभार, अग्नी रेखा निर्माण, खहरे तथा पानी निकास व्यवस्थापन, अतिक्रमण नियन्त्रण र वन संरक्षण (वन हेरालु तथा घाटगद्दी चौकिदार समेत) लगायतका कार्यहरुलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ। डिभिजन वन कार्यालयले उपलब्ध एकमुष्ट वजेटलाई स्वीकृत वन व्यवस्थापन कार्ययोजना वमोजिम हुने गरी माथि उल्लेखित क्रियाकलापहरूमा विभाजन गरी प्रचिलत नर्मस र नियम वमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरी गराई तयार गरी कार्यान्वयन गर्नुपर्नेछ। माथि उल्लेखित क्रियाकलापहरु मध्ये कुनै क्रियाकलाप कार्ययोजनामा छुट हुन गएको तर स्थलगत रूपमा नगरी नहुने अवस्था आएमा पुरक कार्ययोजना वनाई स्वीकृत गरी सम्पादन गर्न सकिनेछ र यस किसिमको पुरक कार्ययोजना कार्यान्वयन गर्नुपुर्व वन निर्देशनालय र मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ। एकमुष्ट वजेटको विभाजन गरी कार्यक्रम तयार गर्दा निम्न अनुसारको क्रियाकलाप निम्नानुसार गर्नु पर्नेछ ।

क. पुनरूत्पादन कटान पश्चात वा अन्य कारणबाट बारबेर गर्नुपरेमा कटानबाट उत्पादित हाँगा विंगा वा थिनिङबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेर गर्नुपर्नेछ। वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले समेत सिमेण्टको पोल र काँडेतार प्रयोग गर्न पाइने छैन ।

ख. यस कार्यक्रम कार्यन्वयन गर्दा चक्ला वन संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार कमि वा नभएमा चौकिदार भवन, सम्बन्धित सव डिभिजन वन कार्यालय भवनको मर्मत सम्भार, सवारी साधन व्यवस्थापन एवम् कार्यालय सञ्चालन गर्न तथा वन व्यवस्थापनसँग सम्बन्धित क्षमता अभिवृद्धिका क्रियाकलाप समेत गर्न सकिनेछ तर यस शीर्षकमा विनियोजन भएको रकमको २० प्रतिशत भन्दा बढी रकम यस्ता क्रियाकलापमा खर्च गर्न पाईने छैन ।

कार्यसम्पन्न भए पश्चात हरेक कार्यक्रमको अन्य कागजातका अतिरिक्त तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन, जाचँपास फारम र नापी किताव तयार गरी पेश गर्नुपर्नेछ ।

२.१.२ साझेदारी वन व्यवस्थापन कार्ययोजना नविकरण/परिमार्जन तथा कार्यान्वयन

यस शीर्षक अन्तर्गत विनियोजित भएको रकम साझेदारी वनहरूको वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली (Selection System), माउरूख प्रणाली (Seed Tree Method),छत्र प्रणाली (Shelterwood System),सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मध्य कुनै एक उपयूक्त प्रणाली अपनाई कार्ययोजना नविकरण/परिमार्जन गर्ने कार्यमा खर्च गरीने छ।

वन व्यवस्थापन कार्ययोजना अनुसार सम्वन्धित वनको संरक्षण र व्यवस्थापनसँग सम्वन्धी पुनरूत्पादन कटान, पुनरूत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान, पुनरूत्पादन अभिबृद्धि कार्यक्रम, अग्नीरेखा मर्मत संभार, अग्नी रेखा निर्माण, खहरे तथा पानी निकास व्यवस्थापन, वन संरक्षण, अतिक्रमण नियन्त्रण र वन संरक्षण लगायतका कार्यलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ। यो शीर्षकमा विनियोजित रकम वन क्षेत्र वाहिरको नर्सरी, विरूवा उत्पादन, वृक्षारोपण एवम् सामाजिक विकास निर्माणका कार्यहरूमा खर्च गर्न पाइने छैन । डिभिजन वन कार्यालयले उपलव्ध एकमुष्ट वजेटलाई साझेदारी वन व्यवस्थापन समुहसगँ समन्वय गरी स्वीकृत वन व्यवस्थापन कार्ययोजना वमोजिम हुने गरी माथि उल्लेखित क्रियाकलापहरूमा विभाजन गरी प्रचलित नर्मस र नियम वमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरी गराई कार्यान्वयन गर्नुपर्नेछ। वजेटको विभाजन र प्रगतीको जानकारी निर्देशनालयलाई नियमित रुपमा गराउनु पर्नेछ। माथि उल्लेखित क्रियाकलापहरु मध्ये कुनै क्रियाकलाप कार्ययोजनामा छुट हुन गएको तर स्थलगत रूपमा नगरी नहुने अवस्था आएमा प्राविधिक प्रतिवेदन लिई पुरक कार्ययोजना बनाई वन निर्देशनालयबाट स्वीकृत गराई सम्पादन गर्न सकिनेछ र यस किसिमको पुरक कार्ययोजना कार्यान्वयन गर्नुपुर्व मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ। प्रचलित नियमानुसार उपभोक्ता समूह मार्फत कार्य गराउनु परेमा हरेक कार्यको लागत अनुमान तयार तथा स्वीकृत गरी सम्झौता गरी समूहको खातामा रकम पठाई कार्य गर्न यसले वाधा पुराएको मानिने छैन । समूहको खातामा रकम गई समूह मार्फत कार्य हुँदा सक्कल कागजात समूहमै रहन सक्ने अवस्था हुने हुँदा कार्य सम्पन्न हुँदाका विल भरपाई कार्यसम्पन्न प्रतिवेदन, जाचँपास फारम र नापी कितावको प्रमाणित प्रतिलिपी कार्यालयमा राख्नुपर्नेछ।

एकमुष्ट वजेटको विभाजन गरी कार्यक्रम तयार गर्दा निम्न अनुसारको क्रियाकलाप निम्नानुसार गर्नु पर्नेछ ।

क. पुनरूत्पादन कटान पश्चात वा अन्य कारणबाट वारबेर गर्नुपरेमा कटानबाट उत्पादित हाँगा विंगा वा थिनिङबाट पोल खम्वा तयार गरी नेट जालीको बारबेर गर्नुपर्नेछ। वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले समेत सिमेण्टको पोल र काँडेतार प्रयोग गर्न पाइने छैन ।

ख. यस कार्यक्रम कार्यन्वयन गर्दा साझेदारी वनको संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार कमि वा नभएमा चौकिदार भवन, सम्वन्धित सव डिभिजन वन कार्यालय भवनको मर्मत सम्भार, सवारी साधन व्यवस्थापन एवम् कार्यालय सञ्चालन गर्न तथा वन व्यवस्थापनसँग सम्वन्धित क्षमता अभिवृद्धिका क्रियाकलाप समेत गर्न सकिनेछ। तर यस शीर्षकमा विनियोजन भएको रकमको २० प्रतिशत भन्दा वढी रकम यस्ता क्रियाकलापमा खर्च गर्न पाईने छैन ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय

समूह मार्फत कार्य नभई कार्यालयवाटै कार्य सञ्चालन भएको अवस्थामा कार्यसम्पन्न भए पश्चात हरेक कार्यक्रमको अन्य कागजातका अतिरिक्त तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन, जाचँपास फारम र नापी किताव तयार गरी पेश गर्नुपर्नेछ ।

यस शीर्षक अन्तर्गत निम्नानुसारका साझेदारी वनहरुमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछः

१. तिलौराकोट साझेदारी वन, कपिलवस्तु (प्याकेज)
२. मायादेवी साझेदारी वन, कपिलवस्तु (प्याकेज)
३. गौतमबुद्ध साझेदारी वन, कपिलवस्तु (प्याकेज)
४. कपिलवस्तु साझेदारी वन, कपिलवस्तु (प्याकेज)
५. शिवराज साझेदारी वन, कपिलवस्तु (प्याकेज)
६. लुम्विनी साझेदारी वन, रूपन्देही (प्याकेज)
७. देवदह साझेदारी वन, रूपन्देही (प्याकेज)
८. बुद्धशान्ति साझेदारी वन, नवलपरासी ब.सु.प.(प्याकेज)

**२.१.३ सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना संशोधन/परिमार्जन तथा कार्यान्वयन**

वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै दिगो रूपमा वन पैदावार प्राप्त गर्ने उद्देश्यले स्वीकृत वन व्यवस्थापन योजनाको अधिनमा यो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। यस कार्यक्रमको समग्र उद्देश्य प्रदेशमा वृहत्तर रूपमा वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली (Selection System), माउरूख प्रणाली (Seed Tree Method), छत्र प्रणाली (Shelterwood System), सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मध्य कुनै एक प्रणाली अपनाई कार्ययोजना नविकरण/परिमार्जन गर्ने वा नयाँ कार्ययोजना तयार गर्ने र यसरी नविकरण/परिमार्जन भएका वा नयाँ वनेका कार्ययोजना कार्यान्वयन गर्ने क्रियाकलापमा खर्च गरीने छ।

**२.१.४ सामुदायिक वनमा वन सम्बर्द्धन (थिनिङ्ग) क्रियाकलाप सञ्चालन**

यस शीर्षकमा विनियोजन भएको रकम लामो समय देखि वन सम्वर्द्धनका क्रियाकलापहरू सञ्चालन हुन नसकेका लाथ्रा र पोलको वाक्लो उपस्थिती भई वनको वृद्धी अपेक्षित रूपमा हुन नसकेका सामुदायिक वनहरूमा ५ वर्षे थिनिंग विशेष कार्ययोजना वनाई वा वन सम्वर्धा प्रणालीमा आधारित कार्ययोजना वमोजिम थिनिङ्ग गर्नु पर्ने कार्यका लागि डिभिजन वन कार्यालयबाट स्वीकृत गराई कार्यान्वयनका लागि खर्च गर्नु पर्नेछ। यसरी खर्च गरिने रकम वनको वाक्लोपना, प्रजातिको समिश्रण, भौगोलिक अवस्था, थिनिंग

सचिव

इन्टेन्सिटी, थिनिंग गरिने क्षेत्रफल र उपभोक्ताहरूको लागत सहभागिता अनुसार प्रति इकाई लागत फरक पर्न सक्ने हुँदा सो समेत विचार गरि प्रचलित नर्मस अनुसार लागत अनुमान तयार गरी सामुदायिक वन सँग सम्झौता गरी कार्यान्वयनमा खर्च गर्न सकिनेछ।

यसमा विनियोजन भएको रकमको बढिमा दश प्रतिशत रकम कार्यक्रम कार्यान्वयनको चरणमा सहजीकरण र तथ्यांक अद्यावधिक गर्न खर्च गरिने छ।

यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नु पर्नेछः

- स्वीकृत कार्ययोजनाको प्रतिलिपी
- थिनिंग गर्नु पूर्व र थिनिंग पश्चातको अवस्था झल्कने एकै स्थानबाट लिइएको फोटो र फोटो लिइएको स्थानको जि.पि.एस. कोओर्डिनेट सहितको विवरण
- थिनिंग कार्यबाट सिर्जित रोजगारी (श्रमदान समेत) श्रमदिनमा
- थिनिंग गरिएको सामुदायिक वन अनुसार नक्सा र नेट क्षेत्रफल,
- उत्पादन विवरण र लाभान्वित घरधुरी

सल्ला प्रजातिका वनमा तत्कालिन वन अनुसन्धान तथा सर्वेक्षण विभागले तयार गरेको "नेपालमा पाटे र खोटे सल्ला बृक्षारोपण वन पत्ल्याउने सम्बन्धी मार्गदर्शन, २०६४" र साल र साल मिश्रित प्रजातिको हकमा निम्नानुसार गर्न सकिनेछः

| क्र.सं. | D.B.H क्लास (से.मि.) | कायम गर्नुपर्ने अनुमानित लाथ्रा, पोल, रूख संख्या (प्रति हे.) | अनुमानित औसत उमेर (वर्ष) | रूख देखि रूख विचको दुरी(मिटर) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५-१० | १०००० | ७ | १ | लाथ्रा बाहुल्यता |
| २ | १०-१५ | ३०००-४००० | १२ | १.७ | कलिलो पोल बहुल्यता |
| ३ | १५-२५ | १५००-२००० | २० | २.४ | पोल |
| ४ | २५-४० | ६२५-१२५० | ३२ | ३.३ | कलिलो रूख |
| ५ | ४०-५० | ३००-४०० | ४५ | ५.३ | युवक रूख |

Modified from http://bankojanakari.gov.np/articles/14_Subed_1521540119.pdf

२.१.५ वनमा आधारित उत्पादन (सरकारद्वारा व्यवस्थित वनमा ढलापडा तथा अन्य वारिसे, वेवारिसे काठ दाउरा संकलन) तथा व्यवस्थापन

सरकारद्वारा व्यवस्थित वनमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरु तथा वारिसे, वेवारिसे, मुद्दाको सिलसिलामा वरामद वन पैदावार संकलन तथा घाटगद्दी गर्नुपर्नेछ । यसरी काठ दाउरा संकलन गर्दा अन्य

रुखहरुलाई असर नपर्ने गरी वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गर्नुपर्नेछ । घाटगद्दी सकभर जंगल क्षेत्र भन्दा बाहिर गर्नुपर्नेछ । रुखहरु अकस्मात ढली बाटो अवरुद्ध लगायत धनजनको क्षति हुने अवस्था आएमा जुनसुकै महिनामा पनि संकलन गर्न सकिने छ । संकलित काठ दाउराको घाटगद्दी गर्दा सुरक्षाको यथोचित व्यवस्था मिलाई आगलागी, खोलानालाको बाढीले प्रभाव पार्न नसक्ने स्थान छनौट गर्नुपर्दछ । ढलापडाको अवस्था, छपानदेखि कटान– मुछान घाटगद्दीको अवस्थासम्म निरन्तर अनुगमनको प्रवन्ध डिभिजन वन कार्यालयले मिलाउनुपर्नेछ र चौमासिक रुपमा निर्देशनालयमा जानकारी पठाउनु पर्नेछ। यो शीर्षकमा विनियोजित रकम सूचना प्रकाशन, छपान, कटान मुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा स्विकृत नर्मस/जिल्ला दररेट अनुसार लागत अनुमान तयार गरी खर्च गर्नुपर्ने छ ।

### २.१.६ पञ्चबर्षीय वन व्यवस्थापन योजना तयारी (डिभिजन)

प्रदेश वन ऐन २०७८ तथा प्रदेश वन नियमावली २०७९ मा उल्लेख भए बमोजिम वन विकास, सदुपयोग तथा संरक्षण कार्यक्रम सञ्चालन गर्दा डिभिजनमा पञ्च वर्षिय वन व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्ने छ। पाँच वर्षको म्याद सकिएका कार्ययोजनालाई समय सापेक्ष पुनः अध्यावधिक गरि संशोधन गरिनेछ। यसरी कार्ययोजना बनाउँदा गर्नुपर्ने प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन कार्य पनि यसै अन्तर्गत गर्नुपर्नेछ। कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, IEE प्रतिवेदन तयारी, सरोकारवालासँग छलफल, अन्तर्क्रिया गोष्ठी, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामग्री खरिद, स्टेशनरी नक्सा फोटो खरिद, तथ्याँङ्क विश्लेषण, कार्ययोजना लेखन, प्रिन्टिङ, पुनरावलोकन तथा समिक्षा लगायतका कार्यमा खर्च गर्न सकिने छ।

### २.१.७ ट्रि हार्भेष्टिङ तथा प्रिन्टिङ मेशिन खरिद तथा वितरण

यस शीर्षकमा विनियोजन भएको रकम रूख कटानका लागि प्रयोग गरिने पावर चेन सः र यसका लागि चाहिने एसेसोरिज (हेलमेट, वुट, मिनी जाकेट,अतिरिक्त चेन, टुलवक्स लगायत) खर्च गर्ने छ। मन्त्रालयले गोलिया प्रिन्टिङ मेशिन एकमुष्ट खरिद गरी डिभिजन वन कार्यालयहरूलाई उपलब्ध गराउनु पर्नेछ। डिभिजन वन कार्यालयहरूले मातहतका कर्मचारीहरूलाई उपकरण प्रयोग र सुरक्षा सम्वन्धी अभिमुखीकरण गरी उपयोगमा ल्याउनु पर्नेछ। यस अन्तर्गतको वजेट लागत अनुमान तयारी, सूचना प्रकाशन तथा प्रस्ताव माग, प्रस्ताव मुल्याँङ्कन तथा छनौट, मेसिन खरिद तथा वितरण कार्यमा खर्च गर्नुपर्ने छ ।

## २.२ सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम

### २.२.१ सामुदायिक वन हस्तान्तरण (विधान र कार्ययोजना तयारी)

यस कार्यक्रम अन्तर्गत विनियोजित वजेट प्रचलित प्रदेश वन ऐन, नियमावली र मार्गदर्शनले निर्धारण गरेको

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

प्रक्रियाहरु पुरा गरेर समुह गठन, विधान तथा कार्ययोजना तयारी गर्दा वन श्रोत मापन, चारकिल्ला सिमाङ्कन, उपभोक्ता भेलाको लागि दैनिक भ्रमण भत्ता, ईन्धन, खाजा, तथ्याँङ्क विश्लेषण तथा कार्ययोजना लेखन, सम्पादन, प्रिन्टीङ्ग, बाईन्डीङ्ग र मसलन्द लगायतका कार्यमा डिभिजनल वन अधिकृतबाट स्विकृत लागत अनुमानको सिमा भित्र रहि कार्य सम्पन्न गर्न खर्च गर्न सकिने छ।

### २.२.२ सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना नवीकरण

यस कार्यक्रम अन्तर्गत विनियोजित वजेट प्रचलित प्रदेश वन ऐन, नियमावली र मार्गदर्शनले निर्धारण गरेको प्रक्रियाहरु पुरा गरेर कार्ययोजना नवीकरणमा खर्च गर्नुपर्नेछ । सामुदायिक वन कार्ययोजना नवीकरण प्रक्रियामा सहजीकरणको काम कम्तीमा फरेष्टर स्तरको वन प्राविधिकबाट हुनुपर्नेछ। यस अन्तर्गत विनियोजित बजेट वन श्रोत मापन, चारकिल्ला सिमाङ्कन, सामाजिक-आर्थिक तथ्याङ्क संकलन, उपभोक्ता भेला, ईन्धन, खाजा, तथ्याँङ्क विश्लेषण तथा कार्ययोजना लेखन, सम्पादन, प्रिन्टीङ्ग, बाईन्डीङ्ग र मसलन्द लगायतका कार्यमा स्विकृत लागत अनुमानको अधिनमा रहि खर्च गर्न सकिने छ।

### २.२.३ स्थानीय वन उपभोक्ता समुहहरुको संयूक्त सिकाई आदानत प्रदान

यस कार्यक्रम अन्तर्गत स्थानीय वन उपभोक्ता समुहका उपभोक्ताहरुको बिचमा वन संरक्षण, सम्वर्धन, व्यवस्थापन, सदुपयोग र आयआर्जन वा जिविकोपार्जनका नविनतम क्रियाकलाप एवम सुशासन प्रवर्धन गर्नका लागि संयूक्त सिकाई आदान प्रदानका लागि गरिने १ दिने अन्तरक्रिया कार्यक्रम गर्नुपर्नेछ । यसमा विनियोजित वजेट खाजा, यातायात खर्च, मसलन्द, दैनिक भ्रमण भत्ता लगायतका कार्यमा खर्च गर्न सकिने छ।

### २.२.४ लेखा अभिलेख, कार्यालय व्यवस्थापन र सुशासन अभिवृद्धि तालिम

यस कार्यक्रमको उद्देश्य सामुदायिक वन उपभोक्ता समूहहरूको लेखा अभिलेख व्यवस्थापन र कार्यालय सञ्चालन क्षमता विकास गरी सुशासन अभिवृद्धी गर्नु रहेको छ। यस कार्यक्रम अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूको लागि दैनिक र नियमित रूपमा आवश्यक पर्ने लेखा अभिलेख, कार्यालय व्यवस्थापन सम्वन्धी नीतिगत तथा व्यवहारिक ज्ञान, सीप र दक्षता हस्तान्तरणका लागि एक दिवशीय तालिम सञ्चालन गरिनेछ। तालिममा सहभागीको रूपमा प्रति समूहबाट अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्येबाट कम्तिमा २ जना र नियमित रूपमा लेखा र कार्यालय व्यवस्थापन सम्वन्धी कार्यगर्ने थप १ जना (समिति पदाधिकारी) गरी जम्मा ३ जनाका दरले कम्तिमा १५ जना सहभागी हुनुपर्नेछ।।यस तालिमलाई सामुदायिक वनको आर्थिक कार्यविधी निर्देशिका, २०७३ र सामुदायिक वनमा सुशासन अभिवृद्धीमा आधारित भई संचालन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजित रकम सहभागी, प्रशिक्षक तथा सहयोगीको दैनिक भ्रमण भत्ता, कार्यपत्र तयारी खर्च, स्टेश्नरी, खाजा, सहभागीको यातायात खर्च, व्यानर,

तालिम सामग्री, प्रतिवेदन, इन्धन, संचार तथा विविध (पानी, मास्क, सेनिटाइजर, फोटो आदी) शीर्षकमा खर्च गर्न सकिनेछ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुदाँहरू समावेश गर्नुपर्नेछ:

- सहभागीहरूको आर्थिक पारदर्शिता र सुशासनको लिखित प्रतिवद्धता
- सामाजिक समूह अनुसारको सहभागीको विवरण
- खर्चको विल भर्पाई र कार्यक्रमको फोटोहरू
- सार्वजनिक लेखा परिक्षणको निर्णय

सामुदायिक वन उपभोक्ता समूहको आफ्नै लगानीमा एक वा एक भन्दा बढी समूहहरू मिली यस किसिमको तालिम संचालन गर्न चाहेमा स्वीकृत नर्मस अनुसार समूहले लागत अनुमान स्वीकृत गरी सोही वमोजिम प्राविधिकको सहयोगमा तालिम सञ्चालनमा रकम खर्च गर्न सक्नेछन्। यसरी स्वीकृत भएको लागत अनुमान सम्वन्धित सब डिभिजन वन कार्यालयबाट प्रमाणित गराई सब डिभिजन स्तरको कम्तिमा फरेष्टर स्तरको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कार्य सम्पन्न गर्नुपर्नेछ। यस कार्यबाट डिभिजन वन कार्यालयलाई लक्ष्य तोकिएको संख्या भन्दा बढी प्रगति गर्न बाधा पर्ने छैन।

### २.२.५ सामुदायिक वन उपभोक्ता समुहको विधान तथा कार्ययोजना कार्यान्वयन अनुशिक्षण

यस कार्यक्रम अन्तर्गत विनियोजित वजेट स्थानीय वन उपभोक्ता समुहका उपभोक्ताहरुलाई विधान तथा कार्ययोजनामा भएको वन संरक्षण, सम्वर्धन, व्यवस्थापन र सदुपयोग एवम सुशासन प्रवर्धन सम्वन्धी ज्ञान, सिप र क्षमता अभिवृद्धी गर्नको लागि १ दिने अनुशिक्षण कार्यक्रममा भत्ता, खाजा, मसलन्द, ईन्धन लगायतका कार्यमा खर्च गर्न सकिने छ।

### २.२.६ सामुदायिक वन उपभोक्ता समुहलाई वन व्यवस्थापन तालिम

यस कार्यक्रम अन्तर्गत विनियोजित वजेटवाट स्थानीय वन उपभोक्ता समुहलाई कार्ययोजनामा समावेस भएको वन संरक्षण, सम्वर्धन, व्यवस्थापन र सदुपयोग सम्वन्धी कार्यहरु स्थलगत रुपमा सञ्चालन गरी ज्ञान, सिप र क्षमता अभिवृद्धी गर्नु पर्ने छ। यस कार्यक्रममा खाजा, मसलन्द, ईन्धन, कर्मचारीको दैनिक भ्रमण भत्ता, संयोजक भत्ता, कार्यपत्र लगायतका कार्यमा खर्च गर्न सकिने छ।

### २.२.७ सामुदायिक वनको अनुगमन, मूल्यांकन र अभिलेखीकरण

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन तथा सामुदायिक वनको कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरु सञ्चालन भए नभएको अनुगमन, तथ्याँङ्क संकलन-विश्लेषण र प्राप्त नतिजाहरु लिपीबद्ध गरी अनुगमन पुस्तिका प्रकाशन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

यो शीर्षकमा विनियोजित रकम अनुगमन फारम तयारी, तथ्यांक संकलन,यातायात खर्च, तथ्यांक विश्लेषण तथा लेखन, सम्पादन तथा अनुगमन पुस्तिका प्रकाशन गर्न खर्च गर्नु पर्नेछ। अनुगमन कार्य प्रारम्भ गर्नु अघि डिभिजनल वन अधिकृतले अनुगमनमा खटिने कर्मचारीहरूलाई अनिवार्य रूपमा फारम, औचित्य र तथ्यांक संकलन विधिको विषयमा अभिमुखीकरण गरी विशेष प्राथमिकता दिई यो कार्य सम्पादन गर्नुपर्नेछ। यसरी गरिएको अभिमुखीकरण कार्यको रेकर्ड राख्नुपर्नेछ। अनुगमन फारमको एकरूपताको लागि निर्देशनालयले आवश्यक निर्देशन दिन सक्नेछ। यसरी अनुगमन गरिएको फारम आवश्यकता अनुसार सम्वन्धित सव डिभिजन कार्यालय र डिभिजन वन कार्यालयमा डिजिटल र भौतिक रूपमा अभिलेख राख्नुपर्नेछ। यसरी तयार भएको अनुगमन पुस्तिका १/१ प्रति मन्त्रालय, वन निर्देशनालय र प्रदेशका सबै डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ। वन निर्देशनालयले डिभिजन वन कार्यालयहरूबाट प्राप्त अनुगमन सम्वन्धी विवरणहरू एकिकृत गरी कार्यक्रम अनुगमन सम्वन्धी बजेटबाट प्रदेश स्तरीय सामुदायिक वन अनुगमन प्रतिवेदन तयार गरी प्रकाशन गर्नुपर्नेछ ।

**२.२.८ कबुलियती वनमा वन व्यवस्थापन तथा जिविकोपार्जन सुधार योजना कार्यक्रम**

कबुलियती वनहरूको व्यवस्थापनका क्रियाकलापहरू जस्तै गोडमेल, मलजल, बारबेर, पुनःरोपण, संरक्षण, सम्वर्द्धनका कार्यहरु सञ्चालन गरी वनको अवस्था र हैसियतमा सुधार गरी वनमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावारको खेती, अम्रिसो लगायतका घाँस, डालेघाँस, फलफूल, घुसुवा बालीको प्रवर्द्धनबाट आयआर्जनमा टेवा पुग्ने कार्यहरुमा र वन क्षेत्र बाहिर मौरीपालन, पशुपालन जस्ता आयमुलक क्रियाकलापहरूलाई समेत लक्षित गरी समूहमा संलग्न घरधुरीको जिपिकोपार्जन सुधार योजना बमोजिमका क्रियाकलाप सञ्चालनका लागि सम्बन्धित समूहसँग सम्झौता गरी यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुँदाहरू समावेश गर्नुपर्नेछः

- प्रत्येक समूहको जिविकोपार्जन सुधार योजनाको सारांश
- समूह अनुसारको सञ्चालित क्रियाकलापको एकमुष्ट विवरण र मुख्य मुख्य उपलब्धीहरू
- जिविकोपार्जन सुधार योजनाको सबैभन्दा प्रभावकारी क्रियाकलापको संक्षिप्त विवरण
- कार्यक्रमको विल, भर्पाई, कार्यसम्पन्न प्रतिवेदन र तस्विरहरू

**२.२.९ कबुलियती वन समूहमा सामाजिक परिचालन मार्फत कार्ययोजना नवीकरण र आयआर्जन क्रियाकलाप**

यस शीर्षकमा विनियोजन भएको रकम कबुलियती वन समूहमा नियमित रूपमा वन व्यवस्थापन र अन्य बहुआयामिक कार्यक्रम मार्फत आयआर्जन बृद्धि हुने किसिमका क्रियाकलापहरू सञ्चालन गर्न वन प्राविधिक (कम्तिमा डिप्लोमा फरेष्ट्री गरेको), जिल्ला सुपरभाइजर (District Supervisor) तथा समूह सहयोगी (Group Promoter) को पारिश्रमिक,कार्ययोजना नविकरण र आयआर्जन क्रियाकलाप सञ्चालनमा समेत खर्च गरिनेछ। नयाँ समूह गठन गरी समूहको विधान तथा कार्ययोजना तयार गर्नुपर्दा अधिकतम रू. दश हजार

सम्म खर्च गर्न सकिनेछ । कवुलियती वन बिकास कार्यक्रममा काम गर्ने कर्मचारीहरु फिल्ड खटिदाको दैनिक भ्रमण भत्ता, यातायात खर्च आदी कार्यालयमा अन्य शिर्षकको वजेटवाट व्यवस्था गर्नुपर्ने छ।

यस कार्यक्रमबाट कवुलियती वन समूह रहेको जिल्लामा प्रति ५० समूह एक जना वन प्राविधिक र जिल्ला सुपरभाईजर एवं समूह संख्याको आधारमा समुह सहयोगी डिभिजन वन कार्यालयले छनौट गरी कबुलियति वनमा विभिन्न समुह परिचालनका कार्यक्रमहरु जस्तै कवुलियती वन उपभोक्ता समूहहरुको भेला गराउने, समिति गठन तथा नवीकरण गर्ने, छलफल कार्यक्रमहरु सञ्चालन गर्ने, नियमित वचत संकलन तथा सहकारी गठन, समूहको व्यवसायिक योजना वनाई आयमूलक जडीवुटी, घाँस तथा गैरकाष्ठ वन पैदावारको खेती, फलफुल तथा वन प्रजातिका विरुवा रोपण, पशुपालन जस्ता आयमूलक क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्ने, सहभागितात्मक रुपमा समूहहरुको मूल्याङ्कन गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ। वन प्राविधिक, सुपरभाईजर र समुह सहयोगीको कार्य जिम्मेवारी निम्न अनुसारको हुनेछः

(क) डिभिजन वन कार्यालयको निर्देशन अनुसार कबुलियती वनमा अनुगमन निरीक्षण, संरक्षण, सम्वर्धन लगायत समूहहरूलाई आवश्यक प्राविधिक सहयोग गर्ने,

(ख) कवुलियती वन समूह, सब डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानीय तह र पशुसेवा सम्वन्धी कार्यालय लगायतका निकायको वीचमा सम्वन्ध र समन्वय कायम गर्ने,

(ग) समूह गठन तथा नवीकरणका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,

(घ) वैठक व्यवस्थापन गर्न कवुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने, वचत कार्यमा सहयोग गर्ने र साधारण शिशु स्वास्थ्य, पोषण र सरसफाईवारे समूह सदस्यलाई ज्ञान दिने,

(ङ) सब डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालय सँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालीम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,

(च) आफ्नो कार्यक्षेत्रका सवै कवुलियती वन समूहको वैठकमा भाग लिने,

(छ) कवुलियती वन समूहको अनुगमन कार्य गरी वन कार्यालयलाई नियमित रिपोर्टिङ गर्ने,

(ज) समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयवाट जानकारी लिई सोही वमोजिम समूहलाई जानकारी गराउने,

(झ) वन तथा पशु सेवा सम्वन्धी इन्टर्न विद्यार्थीलाई कार्यक्षेत्रमा परिचालन गरी कबुलियती वन विकास कार्यक्रममा सहभागी गराउने,

(ञ) अन्यको हकमा डिभिजन वन कार्यालयले तोके वमोजिम हुनेछ ।

कबुलियति वनको विधान, कार्ययोजना र जिविकोपार्जन सुधार योजना तयारीमा निम्नानुसार खर्च गर्न सकिनेछः

- टोल, घरधुरी सर्वेक्षण, समुदाय छलफल गोष्ठी, खाजा खर्च,
- सहजीकरणमा खटिएको कर्मचारीको भ्रमण खर्च, ईन्धन र संचार खर्च

* टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्ग

कबुलियती वन समूह गठन पश्चात प्रगति प्रतिवेदनमा निम्न बुदाँहरू समाबेश गर्नुपर्नेछः

* गठित समूह र हस्तान्तरित कबुलियती वनको नाम र ठेगाना
* सामाजिक समूह अनुसारको लाभान्वित घरधुरी संख्या र जनसंख्या
* कार्यसमितिको स्वरूप
* गठन वा नवीकरण गरिएको कबुलियती वनको क्षेत्रफल

### २.२.१० कबुलियती वन समूहको क्षमता अभिबृद्धि कार्यक्रम

यस शीर्षकमा विनियोजन भएको रकम कबुलियती वन समूहको लेखा अभिलेख व्यवस्थापन, कोष सञ्चालन, वन व्यवस्थापन, जग्गा व्यवस्थापन योजना तयारी, जडिबुटी खेती, आयमुलक कार्यक्रम लगायतका उद्यमशिलता विकास सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रम र वचत तथा खर्च अभिलेख सम्बन्धी व्यवस्थापनमा गर्न खर्च गरिनेछ। यसका लागि समूहका सदस्यहरूलाई फिल्ड स्तरमै प्रयोगात्मक तालिम सञ्चालन गर्नुपर्नेछ। सहभागीहरूलाई खाजा, तालिम सामग्री, संयोजन भत्ता, सञ्चार लगायत प्रशिक्षकको दैनिक भ्रमण भत्ताका विषयमा खर्च गरी न्यूनतम लागतमा अधिकतम क्षमता वृद्धीका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ। यस बाहेक डिभिजन वन कार्यालयले वन प्राविधिक र सहजकर्ताहरूलाई यस विषयमा प्रशिक्षक प्रशिक्षण तालिम समेत सञ्चालन गर्न सक्नेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
नेपाल

## २.३ वन डढेलो नियन्त्रण अभियान

### २.३.१ वन डढेलो नियन्त्रणका लागि जोनिङ, सञ्जाल निर्माण, अन्तरकृया तथा परिचालन (जोखिम क्षेत्र केन्द्रित)

यस शीर्षकमा विनियोजन भएको रकम डिभिजन वन कार्यालयको समग्र कार्यक्षेत्रलाई वन डढेलो संवेदनशीलतको आधारमा अति जोखिम, संवेदनशील र न्यून जोखिम क्षेत्रमा वर्गीकरण तथा नक्सांकन गरी जोनिङ/वन डढेलो प्रकोप नक्सांङ्कन (Forest fire hazard mapping) गर्ने, सन्जाल निर्माण र जोखिम क्षेत्र केन्द्रित वन डढेलो रोकथाम तथा नियन्त्रण सम्वन्धि अभिमुखिकरण जस्ता क्रियाकलापमा खर्च गरिनेछ। यसका लागि कार्यक्षेत्रमा विगतका वर्षहरूमा भएको वन डढेलोका घटनाहरूको विश्लेषण, भू-उपग्रह सूचना प्रणालीबाट प्राप्त तथ्यांक र स्थानीय वन उपभोक्ताहरूबाट जानकारी लिई सहभागितामुलक जोखिम नक्सांकन तयार गरिनेछ। जिल्ला स्तरबाट मात्र प्राय जिल्ला भरको एकै पटक जोनिङ सम्भव नहुने हुदाँ क्लष्टर वेसिसमा जोनिङ गरी जिल्ला स्तरमा सबै सरोकारवाला राखी अन्तिम रूप दिँदा यथार्थपरक हुने हुदाँ यस कुरामा विचार पुर्‍याउनु पर्नेछ। यसमा विनियोजन भएको रकम गोष्ठी, सूचना संकलन, नक्सा तयारी तथा नक्सा प्रकाशनमा र पहिचान भएको जोखिमयुक्त क्षेत्रमा डढेलो नियन्त्रण सञ्जाल गठन, सञ्जाल सवलिकरण, वन डढेलो अभिमुखीकरण, डढेलो पूर्व तयारी तथा सञ्जाल परिचालनमा खर्च गर्न सकिनेछ।

### २.३.२ स्थायी अग्नी रेखा निर्माण

यस शीर्षकमा विनियोजन भएको रकम वन डढेलोको उच्च जोखिम भएका संवेदनशील क्षेत्रमा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुरूप स्थायी अग्नी रेखा निर्माणमा खर्च गरिनेछ ।यस कार्यक्रममा विनियोजित रकम अग्नीरेखा सर्भेक्षण, नक्सांकन, अग्नीरेखा निर्माण, प्रतिवेदन तयारी लगायतका क्रियाकलापमा खर्च गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुँदाहरू समावेश गर्नुपर्नेछः

- अग्नी रेखाको परिमाण(लम्बाई) र विवरण सहितको नक्सा
- अग्नी रेखा निर्माण पूर्व र निर्माण पश्चातको अवस्था झल्कने तस्वीर
- रोजगारी सिर्जना र सम्भाव्य लाभान्वित क्षेत्र सम्वन्धी विवरण
- कार्य सम्पन्न प्रतिवेदन र नापी किताब

### २.३.३ अग्नी रेखा सरसफाइ तथा मर्मत सम्भार

यस शीर्षकमा विनियोजन भएको रकमवाट माघ महिना देखि जेष्ठ महिना सम्म वन डढेलो अति जोखिम तथा संवेदनशील क्षेत्रमा हाल कायम रहेका अग्नी रेखाहरूको सरसफाई तथा मर्मत तथा अस्थायी अग्नी रेखा निर्माण गर्न सकिनेछ। यस कार्यक्रममा विनियोजित रकम निम्न कार्यमा खर्च गर्न सकिनेछः

- अग्नी रेखामा रहेको पत्कर, हाँगाविंगा, जरा तथा अन्य ज्वलनशिल पदार्थको अग्रिम संकलन तथा व्यवस्थापन,
- विग्रे भत्केका अग्नीरेखाहरूको मर्मत संभारका लागि खाडल पुर्ने, नालाको मर्मत सम्भार, कज-वे (Cross Drainage) निर्माण
- ज्यामी खर्च तथा खाजा र प्रतिवेदन

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न वुदाँहरू समावेश गर्नुपर्नेछः

- अग्नी रेखा मर्मत पूर्व र पश्चातको अवस्था झल्कने तस्वीर
- रोजगारी सिर्जना र सम्भाव्य लाभान्वित क्षेत्र सम्वन्धी विवरण
- कार्य सम्पन्न प्रतिवेदन

### २.३.४ डढेलो नियन्त्रण सम्वन्धी स्कुल शिक्षा कार्यक्रम (जोखिम क्षेत्र केन्द्रित)

यस शीर्षकमा विनियोजित रकम विद्यालय स्तरमा वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि अति जोखिम तथा सम्वेदनशिल क्षेत्रमा रहेका स्कुलहरुमा शिक्षक तथा विद्यार्थीलाई सचेतना जगाउने कार्यमा खर्च गरिनेछ। यस कार्यक्रममा विनियोजन भएको रकम विद्यालयमा सचेतना जागरणका लागि संचालन गरिने अन्तर्क्रिया तथा प्रशिक्षण गोष्ठीका लागि आवश्यक प्रचार प्रसार सामाग्रि निर्माण, प्रशिक्षक भत्ता, खाजा/खाना, ईको क्लव गठन र परिचालनमा खर्च गर्न सकिनेछ ।

### २.३.५ वन डढेलो सप्ताह आयोजना

यस शीर्षकमा विनियोजित वजेट वन डढेलो सप्ताहलाई समारोहको रूपमा मनाउन खर्च गरिनेछ । यसका लागि वृहत्तर र्‍याली आयोजना गरी सहभागीहरूलाई साधारण खाजा पानीको प्रवन्ध गर्न, सवारी भाडा, सांस्कृतिक बाजागाजा, साउण्ड सिस्टमको व्यवस्थापन गर्न, प्रचारप्रसार सामग्री उत्पादन र वितरण गर्न, विभिन्न डढेलो नियन्त्रण सम्वन्धी अभिमुखीकरणका फिल्डमा आधारित (फायरलाईन सरसफाई, ज्वलनशिल पदार्थ संकलन र व्यवस्थापन) जस्ता कार्यक्रम आयोजना गर्न, वन डढेलो सातामा रेडियो/पत्र पत्रिकामा सूचना प्रवाह गर्ने लगायतका कार्यक्रममा खर्च गर्न सकिनेछ ।

### २.३.६ वनक्षेत्र भित्र नियन्त्रित डढेलो लगायत ज्वलनशील पदार्थको संकलन तथा व्यवस्थापनमा सहजीकरण

यस कार्यक्रमको मुख्य उदेश्य डढेलोको समय भन्दा अघि नै वन क्षेत्र भित्र रहेका पात, पतिंगर, हाँगा विंगा लगायतका ज्वलनशिल पदार्थलाई ठाँउ ठाँउमा संकलन गरी नियन्त्रित र सुरक्षित रूपमा दहन तथा प्राङ्गारिक मल उत्पादन गरि वन डढेलोको जोखिम न्यूनिकरण गर्नु रहेको छ ।यस बाहेक अग्निरेखा सफाई, प्रतिरोधि आगो लगाउने जस्ता कार्य गर्न सकिनेछ।सल्ला प्रजाति लगायत कतिपय वनहरूमा यस्तो कार्य पटक पटक गर्नुपर्ने हुँदा कार्यान्वयन योजना बनाउँदा डिभिजन वन कार्यालयले यस कार्यमा विशेष

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
बुटवल नेपाल

ध्यान दिन आवश्यक देखिन्छ ।वन क्षेत्र नजिकका घना वस्ती, बजार क्षेत्र र सार्वजनिक भवन आसपासका वन क्षेत्रमा सम्भव भए सम्म सुरक्षा निकाय, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय समुदाय, स्थानीय तह समेतलाई परिचालन गरी यो कार्यक्रमलाई प्राथमिकता दिई सञ्चालन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजन भएको रकम प्रज्ज्वलनशील वस्तुको संकलन तथा व्यवस्थापन र डढेलो रोकथाम तथा नियन्त्रणमा खटिने जनशक्तिका लागि खाना,खाजा, पानी, सञ्चार, यातायात, इन्धन आदीमा खर्च गर्न सकिनेछ ।

**२.३.७ वन भित्रको पत्कर व्यवस्थापनबाट प्राङ्गारिक मल उत्पादन उद्यम सञ्चालनमा सहयोग (जोखिम क्षेत्र केन्द्रित नमूना अभ्यास)**

यस शीर्षकमा विनियोजित रकम वन क्षेत्रमा खेर गैरहेको र वनमा रहेका ज्वलनशिल पदार्थबाट प्राङ्गारिक मल उत्पादन गर्ने उद्यम सञ्चालन गरी वन डढेलोको जोखिम न्यूनीकरण र आयआर्जनमा वृद्धी गर्नु रहेको छ। यसका लागि डिभिजन वन कार्यालयहरूले जोखिमयुक्त वनक्षेत्रका समुदायमा आधारित वनहरूको हकमा इच्छुक समुह/समितिबाट प्रस्ताव माग गरि प्राविधिक लागत अनुमान तथा डिजाईनका आधारमा सम्झौता गरी गर्न सक्नेछ । सरकारी वनको हकमा डिभजन वन कार्यालयले मौजुदा कर्मचारी परिचालन गरि गर्न सक्नेछ । कुनै उद्योग/संस्थाले यस प्रकारको मल गर्न चाहेमा वनक्षेत्र बाहिर गर्नुपर्नेछ । राष्ट्रिय वनको हकमा प्रचलित कानुन बमोजिम लाग्ने दस्तुर तिरि सरकारी वनक्षेत्रबाट पत्कर तथा झिंजा नियमानुसार संकलन गर्न सक्नेछ । समुदायमा आधारित वनबाट पत्कर तथा झिँजा संकलन गर्न चाहेमा समुह/समितिसँग सम्झौता गरी प्राप्त गर्न सकिनेछ । मल तयार गर्दा खाडलमा जमिनको सहतमा मोटो प्लाष्टिक विच्छ्याई सुरूको सतहमा हरित पातपतिंगर, त्यस माथि गोबरको पातलो तह र त्यस माथि सुख्खा पातपतिंगरको तह बनाउनु पर्नेछ । एवं रितले हरित स्याउला, गोबरको पातलो तह र सुख्खा पातको निरन्तर बढाउँदै लगि खाडलको माथि सम्म ल्याई प्लाष्टिकले पूर्ण रूपमा ढाक्नु पर्दछ। गड्यौंला, डिकम्पोजर जस्ता उत्प्रेरकहरूको प्रयोग र अन्य प्राविधिक विषयमा सम्वन्धित कृषि प्राविधिक सँग सल्लाह लिन सकिने छ।

यसमा विनियोजित रकम खाडल खन्न, प्लाष्टिक खरिद, हरित तथा सुख्खा पातपत्कर संकलन गर्न ज्याला, मल बनाउन आवश्यक गड्यौंला/डिकम्पोजर, गोबर खरिद, मल पल्टाउने ज्याला लगायतको कार्यमा खर्च गर्न सकिने छ । डिभिजन वन कार्यालय वा मातहतको निकायबाट नियमित रूपमा यस कार्यको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुँदाहरू समावेश गर्नुपर्नेछः

- प्राङ्गारिक मल उत्पादन उद्यम निर्माणको चरणवद्ध तस्वीर
- उद्योगको मल उत्पादन क्षमता (क्विन्टलमा)

- रोजगारी सिर्जना र सम्भाव्य लाभान्वित क्षेत्र सम्वन्धी विवरण
- खाडलको नक्शा डिजाईन
- कार्य सम्पन्न प्रतिवेदन

२.३.८ सहभागितामुलक वन डढेलो रोकथाम तथा नियन्त्रण

वन कर्मचारी, उपभोक्ता, सुरक्षाकर्मी, स्थानिय तहका प्रतिनिधी, पत्रकार, बुद्धिजिवी लगायतका सरोकारवालहरुको वृहत्त सहभागिता जुटाई वन डढेलो रोकथाम तथा नियन्त्रण गर्न यो कार्यक्रम सन्चालन गरिनेछ ।यस शीर्षकमा विनियोजित वजेट वन डढेलो रोकथाम तथा नियन्त्रण गर्नका लागि र्‍यालीको आयोजना, सवारी भाडा, सांस्कृतिक बाजागाजा, साउण्ड सिस्टम, प्रचारप्रसार सामग्री उत्पादन र वितरण, खाजा पानी खाना, फायरलाईन सफाई, वन डढेलो सम्वन्धी रेडियो/पत्र पत्रिकामा सूचना प्रवाह लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।

२.३.९ वन डढेलो नियन्त्रण सामाग्री खरिद तथा वितरण

यस शीर्षकमा विनियोजित वजेट वन डढेलो नियन्त्रण गर्नको लागि आवश्यक पर्ने साफ्टर/दाँते, Fire rake, portable water tank, fire extinguisher, Helmet, Boot, hoe लगायतका सामाग्रीहरु प्रचलीत नियमानुसार खरिद गरी वितरण गर्नु पर्नेछ ।

## २.४ वन, वन्यजन्तु संरक्षण र वन अपराध नियन्त्रण कार्यक्रम

### २.४.१ पुरानो वन अतिक्रमण हटाउने

वनक्षेत्र भित्र व्यक्तिगत,संस्थागत एवं संगठित रुपमा भएको अतिक्रमण हटाउन यो कार्यक्रमा सन्चालन गरिने छ । कार्यक्रम सन्चालन पूर्व यस प्रकारका अतिक्रमित क्षेत्र पहिचान गरी स्थान, चार किल्ला सहितको क्षेत्रफल, अतिक्रमित क्षेत्रको अवस्था आदि खुल्ने नक्शा तयार गरी अभिलेख तयार गर्नुपर्नेछ । सकेसम्म सर्वपक्षिय सहमति जुटाई यस्ता अतिक्रमण क्षेत्र खालि गर्नुपर्नेछ र संवेदनशीलतालाई समेत मध्यनगर राख्दै कानुन बमोजिम वल प्रयोग समेत गरि अतिक्रमण हटाई वनक्षेत्र कायम गर्न सकिनेछ ।

यस शीर्षकमा विनियोजित वजेट अतिक्रमण हटाउने कार्यको लागि गरिने समन्वय, छलफल, विवरण संकलन, ईन्धन, सवारी साधन, आवश्यक बन्दोवस्तीका सामाग्रीहरु, खाजा/खाना, पानी, औषधी लगायत भैपरी आउने अन्य कार्यमा खर्च गर्न सकिने छ।

### २.४.२ अतिक्रमण नियन्त्रण समन्वय समिति/सुरक्षा निकाय बैठक तथा अन्य संस्थागत समन्वय

देहायका सदस्यहरू रहने गरी डिभिजन स्तरमा डिभिजन वन अतिक्रमण नियन्त्रण समन्वय समिति गठन गरिने छ :

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय — संयोजक

| | |
|---|---|
| प्रमुख, जिल्ला प्रहरी कार्यालय, नेपाल प्रहरी | सदस्य |
| प्रमुख, सशस्त्र प्रहरी बल कार्यालय | सदस्य |
| जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | सदस्य |
| प्रमुख, जिल्ला मालपोत कार्यालय | सदस्य |
| प्रमुख, नापी कार्यालय | सदस्य |
| जिल्ला स्थित राजनैतिक दलका प्रतिनिधिहरू | सदस्य |
| जिल्ला स्थित पत्रकारमहासंघको प्रतिनिधि | सदस्य |
| डिभिजन वन अधिकृत, जिल्ला वन कार्यालय | सदस्य सचिव |

यस शीर्षकमा विनियोजित वजेट उल्लेखीत समितिलाई खाजा/खाना, पानी, बैठक भत्ता लगायत अतिक्रमण हटाउने कार्यमा आवश्यक बन्दोवस्तीका सामाग्रीहरु आदी कार्यमा खर्च गरीने छ।

**२.४.३ वन अपराध नियन्त्रण (सूचना संकलन र गस्ती परिचालन समेत)**

यस कार्यक्रमको मुल उद्देश्य वन, वन्यजन्तु र वन क्षेत्रको प्रभावकारी संरक्षणको लागि गस्ती परिचालन र सम्भावित आरोपीहरूलाई सुराकको माध्यमवाट समयमै नियन्त्रणमा राखी वन अपराध हुने नदिने वा भइ हालेमा कुनै पनि अपराधी सकभर अपराधवाट मुक्त हुन नपाउने प्रवन्ध मिलाउनु हो ।

यस शीर्षकमा विनियोजित बजेट निम्नानुसारको कार्यमा खर्च गर्न सकिनेछः

- सुचना संकलन
- सुराकी परिचालन
- गस्ती परिचालन र यसमा खटिने जनशक्तिहरूको लागि खाजा खाना, फिल्ड गियर, उपकरण आदि
- सवारी साधन मर्मत सम्भार, भाडा, इन्धन आदि

**२.४.४ वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र मुद्दा दायरी (वन अपराध नियन्त्रणमा सरोकारवाला विच समन्वय बैठक समेत)**

यस कार्यक्रमको मुल उद्देश्य वन, वन्यजन्तु र वन क्षेत्रको संरक्षणको क्रममा अभियोजन गर्नुपर्ने मुद्दाहरूको अनुसन्धान, तहकिकात र दायरी रहेको छ ।यसका साथै वन संरक्षणका लागि सरोकारवालाहरू जस्तै जिल्ला प्रशासन कार्यालय, सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय, निकुञ्ज तथा आरक्ष कार्यालय र अन्य सम्बन्धीत संस्थाका प्रतिनिध तथा सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया गर्न सकिने छ ।

यस शीर्षकमा विनियोजन भएको वजेट तपसिलमा उल्लेखित कृयाकलापहरूमा खर्च गरिनेछ ।

- वन तथा वन्यजन्तु अपराध सम्बन्धी सूचना संकलन, गस्ती परिचालन, मुद्दाको अनुसन्धान, तहकिकात र दायरी, यस कार्यमा खटिने कर्मचारीका लागि दैनिक भ्रमण भत्ता/खाना र खाजाको व्यवस्थापन, सवारी साधनको भाडा, इन्धन, यातायात खर्च आदि ।
- सरोकारवालाहरुसँग छलफल र अन्तरक्रियामा लाग्ने खर्च ।

प्रगति प्रतिवेदनमा कृयाकलाप भएको स्थान, मुद्दाको क्रममा संकलित विभिन्न प्रतिवेदनहरू, फोटोहरू, खर्च रकमको विल भर्पाइ, उपलव्धीहरू पेश गर्नुपर्नेछ ।

२.४.५ वन्यजन्तु अपराध नियन्त्रणमा सहजीकरण (बाँके र रुपन्देही)

यस कार्यक्रमको उद्देश्य वन र वन्यजन्तु अपराध नियन्त्रणमा खटिने वन कर्मचारीहरु,प्रहरी, केन्द्रीय अनुसन्धान व्यूरो, राष्ट्रिय अनुसन्धान,निकुञ्ज तथा आरक्ष जस्ता कार्यालय र निकाय एवं अन्य सम्बन्धित संस्थाहरुको वन अपराध रोकथाम तथा नियन्त्रणमा सक्रीय सहभागिता जुटाउनु रहेको छ। यस शीर्षकमा विनियोजित रकम अपराध नियन्त्रण तथा अनुसन्धानको क्रममा गरिने समन्वय बैठक, अपराध नियन्त्रणका लागि परिचालन गरिने संयुक्त अभियान सञ्चालन लगायतका क्रियाकलापमा नियमानुसार खर्च गर्न सकिनेछ।

२.४.६ चुरे लगायत संवेदनशील क्षेत्रमा हरियाली प्रवर्धन कार्यक्रम

भूक्षय, पहीरो तथा अन्य जोखिमबाट संवेदनशिल भएको चुरेक्षेत्रको पुनरस्थापनाका लागी यो कार्यक्रम सन्चालन गरिनेछ। रुपन्देहीको वमघाट र लक्ष्मीनगर लगायतको चुरे पहिरोलाइ लक्षित गरि स्थानिय तहको समन्वय र साझेदारीमा कार्यक्रमको कार्यन्वयन हुनेछ। यस कार्यक्रम कार्यन्वयनका लागी पहिरोमा हुर्कन सक्ने बिरुवा उत्पादन/खरीद तथा योजना निर्माण,अध्ययन अनुसनुधान तथा सर्भे लगायतका काम गर्ने गरि एक जना वन प्राविधिक (वन विज्ञानमा स्नातक उत्तिर्ण) बढीमा मासिक रू ३० हजार पारिश्रमिक पाउने गरी बढीमा वर्षभरी नै काममा लगाइने छ ।

यस कार्यक्रमको उद्धेश्य अनुसार कार्यक्रम कार्यन्वयन गर्न स्थानिय तहको वडा अध्यक्षको संयोजकत्वमा कार्यक्रम व्यवस्थापन तथा सन्चालन इकाइ गठन गरिनेछ ।इकाइले कामको ब्यबस्थापन तथा समयसमयमा अनुगमन तथा अन्य निकायसँग समन्वय गर्ने छ । यस्मा बिनियोजित बजेट चुरेक्षेत्रको पहिरोमा कम खर्चिलो भूसंरक्षण प्रविधि अवलम्वन गरि बाँस, अम्रिसो, बैश, ईपिल-ईपिल आदीको Live palisade वनाइने तथा अन्य घास प्रजाती जस्तै नेपियर, Vetiver, Molasses आदी रोपण लगायतको कार्यमा खर्च गरिने छ।

२.५ सिमसार क्षेत्र, पंक्षी-जलचर र जैविक विविधता संरक्षण कार्यक्रम

२.५.१ एक वडाः एक पोखरी कार्यक्रम

पुनरभरण तथा बहुउद्धेश्यी पोखरी निर्माण तथा मौजुदा पोखरीहरुको स्तरउन्नती तथा व्यवस्थापन गरि वन्यजन्तुका लागि वनभित्रै पानीको व्यवस्था,डढेलो नियन्त्रण,सिचाई कुलो,आयआर्जन तथा पानीको श्रोत संरक्षण वडास्तरमा प्रदेशभर गर्ने यो कार्यक्रमको उद्धेश्य रहेको छ।स्थान छनोट तथा सम्भाव्यता अध्ययन गरि कार्यक्रमको कार्यन्वयन गरिने छ । सम्भव भएसम्म स्थानिय तह समेतको साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ खोजिनेछ । पोखरी निर्माण गर्दा वातावरण मैत्रि संरचनामा प्रथामिकता दिनुपर्ने छ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

२.५.२ वर्ड स्याङ्चुरी (Bird Sanctuary) सञ्चालन तथा व्यवस्थापन

यो कार्यक्रमले जगदिसपुर वर्ड स्याङ्चुरी (Bird Sanctuary) क्षेत्रको व्यवस्थापन गर्न स्विकृत व्यवस्थापन कार्ययोजनाले निर्दृष्ट गरेका कृयाकलापहरु सन्चालन गर्ने उद्येश्य राखेको छ। यो कार्यक्रम डिभिजन वन कार्यालय कपिलवस्तु मार्फत सन्चालन गरिनेछ ।कार्यक्रम कार्यन्वयनका लागि डिभिजन वन कार्यालयमा जनशक्ति अभाव भएमा कम्तिमा वन विज्ञानमा स्नातक तह उत्तिर्ण एक जना वन प्राविधिकलाई चालु आवका लागि बढीमा मासिक रू ३० हजार पारिश्रमिक पाउने गरी सेवा करारमा लिन सकिने छ। यस कार्यमा पंक्षी संरक्षण संघ नेपाल, विश्व वन्यजन्तु कोष नेपाल, IUCN नेपाल, ZSL नेपाल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग जस्ता निकायहरुबाट समेत सहयोग लिन सकिनेछ ।यस अन्तर्गत बिनियोजित बजेट कार्यक्रम कार्यन्वयका लागि गरिने छलफल बैठक,कार्यालय व्यवस्थापन,स्थान छनोट,सर्भ तथा लई र कृयाकलाप कार्यन्वयनमा खर्च गरिनेछ ।

२.५.३ संकटापन्न तथा लोपोन्मुख वनस्पति, वन्यजन्तुको बासस्थान संरक्षण कार्यक्रम

यो कार्यक्रम संकटापन्न र लोपोन्मुख अवस्थामा रहेका विजयसाल,सतिसाल जस्ता वनस्पति,सालक बाघ जस्ता वन्यजन्तु तथा लोपउन्मुख चराचुरुंगीको वासस्थापन पहिचान गरि सो को संरक्षणका लागि सनुचालन गरिने छ ।यसका लागि आवधिक संरक्षण योजना **(Periodic Conservation Plan)** तयार गरी सोही बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।यसका लागि बासस्थान पहिचान, अध्ययन तथा सर्भेक्षण,संरक्षण कार्ययोजना तयारी तथा स्वीकृति,सरोकारवालाहरूको भूमिका पहिचान, आवधिक संरक्षण कार्ययोजना निर्माण र उक्त कार्ययोजनाको कार्यान्वयनमा खर्च गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुँदाहरू समाबेश गर्नुपर्नेछः

- संरक्षित बासस्थान क्षेत्रको नक्सा,क्षेत्रफल,गरीएका कृयाकलाप समेत झल्कने सुचना पाटीको प्रमाण
- लई बमोजिमका आवश्यक कागजातहरु
- कार्यसम्पन्न प्रतिवेदन

२.५.४ पिडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य प्रदेशमा मानव वन्यजन्तु न्यूनीकरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्नुका साथसाथै मानवको जीउ धनमा हुने क्षतिलाई तत्काल राहत पुर्याउनु रहेको छ। यसका लागि मानव वन्यजन्तुको वारम्वार घटना घट्ने गरेको क्षेत्रमा न्यूनीकरणका लागि तारवार तथा पर्खाल निर्माण, मचान निर्माण लगायतका पूर्वाधार निर्माणमा खर्च गर्नुपर्नेछ। यसका अतिरिक्त वन्यजन्तुबाट हुन सक्ने क्षतीको बिमा, डिभिजन क्षेत्र अन्तर्गत समस्याग्रस्त वन्यजन्तु नियन्त्रणमा लिनका लागि आवश्यक पर्ने केज, औजार, उपकरण सामाग्री खरिद समेत गर्न सकिनेछ। यी वाहेक द्वन्द्व प्रभावित क्षेत्रमा बासस्थान सुधार,

स-साना कोरिडोरको कनेक्टिभिटी, सिमसार तथा पानीपोखरीहरूको व्यवस्थापन, सचेतनामूलक क्रियाकलापहरू, विद्युतको सुविधा नभएको स्थानमा सोलार बत्तीको व्यवस्थापनमा खर्च गर्न सकिनेछ। घाइते तथा टुहुरा वन्यजन्तुहरूको उद्धारपछिको औषधी उपचार र आवश्यक आहाराको व्यवस्था र पूनःस्थापनका प्राकृतिक बासस्थान सम्म पुर्‍याउने कार्य समेतमा यस शीर्षकको वजेट खर्च गर्न सकिनेछ। यसका साथै वन्यजन्तुका कारण घरपालुवा जनावर तथा मानवीय क्षती भएको अवस्थामा राहत वितरणको लागि जिल्ला स्तरीय कार्यक्रम कार्यन्वयन समन्वय समितिका सदस्यहरूको बैठक भत्ता तथा यातायात खर्च समेत यस शीर्षकबाट व्यहोर्न सकिनेछ। कुनै स्थानमा मानवीय क्षतिको घटना घटेमा मृत्यु भएको अवस्थामा १ लाख रूपैयाँ र सख्त घाइते भएको अवस्थामा वढीमा २५ हजार रूपैयाँ सम्म घटनाको पुष्टी हुने कागजातको आधारमा राहत रकम नियमनुसार तत्कालै उपलव्ध गराउन सकिनेछ। यस कार्यक्रमबाट उपलव्ध गराईएको राहतको कारणले संघीय सरकारवाट उपलव्ध गराइने राहतमा कुनै प्रभाव पार्ने छैन।

## २.५.५ वन्यजन्तु संरक्षण र उद्दारका लागि र्‍यापिड रेस्पोन्स टिम (Rapid Response Team) परिचालन

डिभिजन वन कार्यालयस्तरमा वन्यजन्तु संरक्षण र उद्धारका लागि एउटा Rapid Response Team गठन गर्नुपर्नेछ। डिभिजन वन कार्यालयको क्षेत्रमा रहेका घाइते तथा टुहुरा तथा समस्याग्रस्त अवस्थामा रहेका वन्यजन्तुहरूको संरक्षण तथा उद्दारका लागि डिभिजन वन कार्यालयको कर्मचारी, अन्य सुरक्षा निकायका प्रतिनिधी, वन्यजन्तु उद्धार सम्वन्धी विज्ञ, उद्धार सहजकर्ता, उपलब्ध भए सम्म पशु सेवा कार्यालयका प्रतिनिधी तथा उद्धार केन्द्रका प्रतिनिधी सम्मिलित एक चुस्त Rapid Response Team गठन गर्न सकिनेछ। उक्त टिमको परिचालन मार्फत वन्यजन्तुको संरक्षण, उद्धार तथा व्यवस्थापन गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। यस शीर्षकबाट विनियोजत बजेटवाट उक्त टोलीलाई फिल्डस्तरमा वन्यजन्तु संरक्षण र उद्दार सम्वन्धी गतिविधी संचालन लाग्ने फिल्ड गियर/उपकरण खरिद, उद्दार सामग्री निर्माण/मर्मत, खाजाखाना, यातायात खर्च, संचार, इन्धन लगायतमा यस शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्नुपर्नेछ।

## २.५.६ विषालु सर्प उद्दार तथा पुनस्थापनाका लागि सिप तथा प्रविधि सहयोग

यस शीर्षकमा विनियोजित रकम तराईका जिल्लाहरूमा विषालु सर्पको कारणले वर्षेनी हुने गरेको मानवीय क्षति न्यूनीकरण र सर्पको समेत संरक्षणका लागि उद्धारमा खटिने कर्मचारीलाई प्रविधी तथा सिप विकासमा खर्च गर्न सकिनेछ। यसमा विनियोजित बजेट सर्प उद्धारका लागि प्रयोग गरिने औजारहरू/उपकरण, मानवीय सुरक्षाका सामग्रीहरू खरिदका साथसाथै यस किसिमको औजारहरू प्रयोगका लागि प्रशिक्षक मार्फत इच्छुक वन कर्मचारी तथा स्थानिय व्यक्ति र सुरक्षा निकायहरुलाइ समेत तालिमको आयोजना समेत गर्न सकिनेछ।

## २.५.७ सास्कृतिक महत्वका वनसपतिहरुको अभिलेखीकरण र संरक्षण (आँप, वर, पिपल लगायत)

यस कार्यक्रमको उद्देश्य प्रदेशका जिल्लाहरूमा पुर्खाहरूले मिहेनतले हुर्काएको आँप, वर, पिपल लगायत बगैचाहरूको अभिलेखीकरण गरी आवश्यक संरक्षणको व्यवस्था मिलाउनु रहेको छ। यसका लागि जिल्लामा रहेका सार्वजनिक, धार्मिक स्थल वा वन क्षेत्रमा रहेका आँप, वर, पिपल लगायतका बगैचाको सन्दर्भमा स्थानीय जेष्ठ तथा जानकार व्यक्तिहरूसंग जानकारी संकलन गरी उक्त बगैचाको रोपण सम्वन्धी विवरण, प्रजाती, विउको श्रोत, रोपणको मुख्य अगुवा व्यक्तिहरू, क्षेत्रफल जस्ता विवरणहरू संग्रहित गरिनेछ भने प्रत्येक रूखहरूको मापन तथा नम्वरिङ्ग र जि.पि.यस. सहित नक्सा तयार गरिनेछ। उक्त संग्रहित विवरणको सारांश तथा नक्सा सहित एक वटा होर्डिग वोर्ड बनाएर वगैचामा राखिने छ। यसका साथै जिल्ला भरिको वगैचाहरूको विवरण तथा नक्सांकन सहितको प्रतिवेदन र यसको सारांशको प्रकाशन तयार गरी वन निर्देशनालयमा पेश गर्नु पर्नेछ। यसमा विनियोजित रकम अभिलेखीकरणका साथसाथै रकम बचत भएमा आवश्यक संरक्षण सम्वन्धी गतिविधीमा समेत खर्च गर्न सकिनेछ ।

यस शीर्षकमा विनियोजित वजेट निम्नानसारको कार्यमा खर्च गर्न सकिनेछः

- तथ्यांक संकलनमा खटिने कर्मचारीहरूको खाजा,खाना र इन्धन
- मुख्य मुख्य आँप, वर, पिपल वगैचाको जानकारी मुलक होर्डिग वोर्ड र प्रकाशन खर्च
- आवश्यकता अनुसार बारबेर समेत गरीने छ।

## २.५.८ तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य तराईका जिल्लाहरूमा विशेष गरी थारू समुदायको सस्कृतिससँग जोडिएको मौवा प्रजातिको रूख विरूवालाई संरक्षण, प्रवर्द्धन गरी पकेट क्षेत्रको रूपमा विकास गरी स्थानीय समुदायको आम्दानी बढाउनु र लोपान्मुख प्रजातिको संरक्षण गर्नु रहेको छ ।यस शीर्षकमा विनियोजित रकम मौवा प्रजाति तथा सो को पकेट क्षेत्रको संरक्षण तथा व्यवस्थापन सम्वन्धी क्रियाकलापमा खर्च गरिनेछ। यसका लागि मौवा प्रजातिको रूखहरूको अवस्थिती पहिचान, उक्त प्रजातिको प्रोत्साहन हुनेगरी अन्य प्रजातिहरूको व्यवस्थापन, पुनरूत्पादन प्रवर्द्धन, वृक्षारोपण, संरक्षण तथा स्थानीयहरूको सचेतना लगायतका क्रियाकलापहरू सञ्चालन गरि उल्लेखित कृयाकलापहरुमा विनियोजित रकम खर्च गर्न सकिनेछ ।

२.६ प्रचार प्रसार र प्रकाशन

२.६.१. वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण सम्बन्धी प्रचार प्रसार (पर्चा, पम्पलेट, होर्डिंग बोर्ड, भित्ते लेखन, रेडियो, टि.भी. पत्रपत्रिका समेत) तथा बार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन

यस कार्यक्रमको मुल उद्देश्य वन, वनस्पति, वन्यजन्तु, जलाधार, जैविक विवधता, सिमसार, वातावरण, जलवायु परिवर्तन लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्ने रहेको छ । यस कार्यक्रमबाट आवश्यकता अनुसार निम्न अनुसारका क्रियाकलापमा खर्च गरिनेछ ।

- आम संचारका माध्यमहरू रेडियो, टेलिभिजन र पत्रपत्रिकाबाट सन्देशमुलक सामग्री निर्माण तथा प्रसारण गर्ने ।
- सूचनाको हक सम्वन्धी विषयहरूमा कार्यालयका गतिविधिहरूको नियमित प्रकाशन, सब डिभिजन स्तरमा सार्वजनिक सुनुवाई, वेभसाइट सञ्चालन गर्ने ।
- पुस्तिका प्रकाशन, प्रचार प्रसार सामग्री उत्पादन र वितरण गर्ने
- कार्यदल र सरोकारवालाहरूसँगको समन्वय वैठक, गोष्ठी आदि गर्ने

२.६.२ वन संग सेलीब्रेटी कार्यक्रम

यस कार्यक्रममा विनियोजित वजेट वन संरक्षण तथा व्यवस्थापनका कार्यहरु जस्तै वन डढेलो नियन्त्रण, वन अतिक्रमण नियन्त्रण, वन्यजन्तु चोरी शिकार नियन्त्रण, मानव वन्यजन्तु द्वन्द व्यवस्थापन, वृहत वृक्षारोपण, हरित सौन्दर्यकरण, वन संवर्द्धन प्रणालीमा आधारित व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी रुपमा सफल बनाउनका लागि समाजमा लव्ध प्रतिस्थित व्यक्ति/चर्चित कलाकारहरुलाई उल्लेखित अभियानमा सहभागि गराउने र उक्त वन डढेलो, अतिक्रमण, वन्यजन्तु चोरी शिकार जस्ता कार्यहरुलाई नियन्त्रण तथा निरुत्साहित गर्न जनसमुदायस्तरमा जनचेतना अभिवृद्धि गराउन खर्च गर्न सकिनेछ ।कार्यसम्पन्न पछि निम्न कागजात सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ

- सेलिब्रेटिसँग गरिएको सम्झौता
- कार्यक्रम व्यवस्थापनको बिल भर्पाइ
- कार्य सम्पन्नका फोटोहरु

## २.७ दिवश तथा समारोह

### २.७.१ प्रदेश स्थापना दिवस, सिमसार दिवस, राष्ट्रिय बृक्षारोपण दिवस, जैविक विविधता दिवस, विश्व वातावरण दिवस, वन्यजन्तु सप्ताह आदि

यस शीर्षकमा विनियोजित बजेट वन, वन्यजन्तु, जैविक विविधता तथा वातावरण क्षेत्रका विभिन्न दिवस तथा समारोहहरू आयोजना गर्न खर्च गरिनेछ । यस अन्तर्गत वन महोत्सव, विश्व सिमसार दिवस, विश्व वातावरण दिवस, जैविक विविधता दिवस, प्रदेश स्थापना दिवस, भू संरक्षण दिवस, वन डढेलो सप्ताह, वन्यजन्तु सप्ताह, विश्व वन दिवस लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस तथा समारोहको आयोजना गर्न सकिनेछ । दिवसको अवसरमा विभिन्न गोष्ठी, र्‍याली, बृक्षारोपण कार्यक्रम लगायत अन्य सिर्जनात्मक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ ।

## २.८ जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापन

यो कार्यक्रम Ecologocal Zone का आधारमा सन्चालन गरिने छ। यो कार्यक्रमले तपसिल बमोजिमका जिल्लाहरुमा मिल्दोजुल्दो हावापानी भएका अन्य जिल्लाहरुमा समेत पाइने वनस्पति तथा जडिबुटीहरुको रोपण गरि जैविक बिबिधता संरक्षणमा आधारीत पर्यापर्यटन प्रबर्द्धन गर्ने उद्येश्य राखेको छ। जैविक पार्क तथा उद्यान निर्माण गर्दा डिजाईन एवं बिस्तृत परियोजना प्रतिवेदन अनुसार संम्भव भएसम्म सिमेन्ट,फलाम र कंक्रिटको प्रयोग गरिने छैन। डिभिजन वन कार्यालयले पार्क तथा उद्यान क्षेत्रहरुको पहिचान गरि कृयाकलाप सहितको व्यवस्थापन तथा सन्चालन कार्ययोजना तयार गरि स्थानिय तह तथा समुहसँगको साझेदारीमा सन्चालन गर्नुपर्ने छ।

यस शीर्षकको रकम तपशिल अनुसारको कार्यक्रम गर्न प्रचलित कानुन बमोजिम लागत अनुमान अनुरुप जैविक पार्क तथा उद्यानहरुको पहिचान,सरोकारवालहरुसँगको वैठक, डिजाईन एवं बिस्तृत परियोजना प्रतिवेदन(D.P.R.) तयारी र पार्क एवं उद्यान निर्माणमा खर्च गरिने छ।

**२.८.१ पुथा जडिबुटी उद्यान निर्माण तथा व्यवस्थापन, रुकुमपुर्व**

**२.८.२ शितगंगा जडिबुटी उद्यान निर्माण तथा व्यवस्थापन, अर्घाखाँची**

**२.८.३ वनस्पती उद्यान निर्माण तथा व्यवस्थापन, राप्ती गा.पा. दाङ्ग**

**२.८.४ वनस्पती उद्यान निर्माण तथा व्यवस्थापन, जिवाङ्ग रोल्पा**

## २.९ अध्ययन अनुसन्धान (पूँजीगत परामर्श)

यस कार्यक्रमको लक्ष्य लुम्विनी प्रदेशमा विगतका वर्षहरुमा वृक्षारोपण गरिएका विरुवाहरुको अवस्था, शहरी सडकमा रोपिने विरुवाहरुको प्रजाति र विधि छनौट लगायतका वन, जडिबुटी, जैविक विविधताको विभिन्न

क्षेत्रमा नविनतम अध्ययनहरू गर्ने, प्रतिवेदन प्रकाशन गर्ने, म्यानुअल तयारी गर्ने, अध्ययन अनुसन्धान तथा शोधपत्र तयार गर्न सहयोग गर्ने । वन विज्ञान बिषयमा स्नातक तथा स्नातकोत्तर अध्ययनको शोधपत्र अनुसन्धान सहयोगका लागि प्रचलित कानुन बमोजिम स्नातक तहका विद्यार्थीलाई बढीमा पचास हजार रुपैया र स्नातकोत्तर तहका विद्यार्थीलाई दुइ लाख रुपैयासम्म सहयोग गर्न सकिनेछ । यसका विनियोजित बजेट कार्यसूची तयारी, सुचना प्रकाशन,प्रस्ताव मुल्याँङ्कन,परामर्शदाता छनोट, स्थलगत अध्ययन,प्रस्तुतीकरण, प्रतिवेदन तयारी/सम्पादन अनुगमनका कार्य लगायतमा समेत खर्च गर्न सकिनेछ। कार्यक्रम कार्यान्वियन गर्ने निकायले सम्वन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत शर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई सेवा परामर्श मार्फत वा निकाय आफैले प्रचलित कानूनी प्रकृया पुरा गरी कार्यक्रम सम्पादन गर्नुपर्नेछ। यस शीर्षक अन्तर्गत निम्नानुसारको सञ्चालन गरिनेछः

**२.९.१ विगतमा भएको बृक्षरोपणको अवस्था अध्ययन तथा प्रतिवेदन प्रकाशन**

**२.९.२ लुम्बिनी प्रदेशका सहरी सडकहरुमा रोपिने विरुवाहरुको प्रजाति तथा विधि सम्वन्धी म्यानुअल तयारी**

**२.९.३ वन विज्ञान बिषयमा स्नातक तथा स्नातकोत्तर अध्ययनको शोधपत्र अनुसन्धान सहयोग**

## २.१० सुशासन अभिवृद्धि कार्यक्रम

**२.१०.१ डिभिजन वन कार्यालयको वेभ साईट संचालन र प्रविधीमैत्री सव डिभिजन निर्माण तथा व्यवस्थापन**

उक्त कार्यक्रम संचालन गर्दा प्रत्येक सव डिभिजन वन कार्यालयमा इन्टर्नेटको पहुँच विस्तारलाई प्राथमिकताका साथ लागू गरिनेछ जसबाट प्रत्येक सव डिभिजन कार्यालयहरूबाट इन्टर्नेट मार्फत पत्राचारको व्यवस्था भई सेवा प्रवाहमा प्रभावकारीता वृद्धि भएको हुनेछ ।यसका साथसाथै सेवाग्राहीलाई उपयोगी हुने गरी हरेक सव डिभिजन वन कार्यालयहरूको गतिविधीहरू सामाजिक सञ्जालहरूबाट प्रसारण गर्नुपर्नेछ। यसका साथै उल्लेखित बजेट डिभिजन वन कार्यालयले डिजिटल डाटा व्यवस्थापन सम्वन्धी प्रणाली स्थापनामा समेत खर्च गर्न सकिनेछ।

**२.१०.२ सव डिभिजनमा सुशासन तथा सबलीकरण कार्यक्रम**

यस कार्यक्रमको मुख्य उद्देश्य सव डिभिजन वन कार्यालयहरूलाई आधारभुत रूपमा आवश्यक उपकरण, कार्यालय सामग्री तथा अन्य पूर्वाधार व्यवस्थापनमा सहयोग पुर्‍याउनु रहेको छ।यस अन्तर्गत सव डिभिजनहरूलाई दुर्गमताको आधारमा प्राथमिकताका साथ आवश्यक पर्ने कम्प्युटर, कार्यालय समाग्री लगायतका अन्य विद्युतीय सामग्रीहरूको व्यवस्थापनका साथसाथै दैनिक कामकाजका लागि आवश्यक पर्ने इन्टरनेट, मसलन्दहरू व्यवस्थापन, सवारी साधन मर्मत, मेसिनरी औजार मर्मत, इन्धन, मेश सञ्चालनका लागि आवश्यक भाडावर्तन,कार्यालयका सानातिना मर्मत सम्भार, कार्यालयको बोर्ड, सूचना पाटी, फर्निचर लगायतमा खर्च गर्न सकिनेछ। यस शीर्षकमा विनियोजित वजेट डिभिजन वन कार्यालयका लागि भने खर्च गर्न पाइने छैन ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल, नेपाल

## २.१०.३ विकट स्थानहरुका निजी वन तथा वन उपभोक्ता समूहहरुमा घुम्ती सेवा मार्फत सेवा प्रवाह

यस कार्यक्रमको मुख्य उद्देश्य डिभिजन वन कार्यालयबाट भौगोलिक हिसावले टाढा रही नियमित सेवा प्रवाहमा वन्चित रहेका निजी, कवुलियती, धार्मिक तथा सामुदायिक वनका उपभोक्ताहरूलाई सम्वन्धित स्थानमा नै अस्थायी रूपमा छोटो अवधीको मुकाम खडा गरी कार्ययोजना नवीकरण लगायतका विषयमा सेवा प्रवाह गर्नु रहेको छ। यस कार्यक्रम अन्तर्गत डिभिजल वन कार्यालयबाट नियमित रूपमा उपलब्ध हुने सेवाहरू फिल्ड स्तरबाटै उपलब्ध गराउन सकिने गरी डिभिजनल वन अधिकृतको नेतृत्वमा कार्यालयको घुम्ती टोली परिचालन गरी उपभोक्ताहरूलाई सेवा पुर्‍याउन आवश्यक मसलन्दको व्यवस्थापन, खटिने कर्मचारीहरूलाई खाना नास्ता र बासको प्रवन्ध, यातायात खर्च र खटिने कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता उपलव्ध गराउन सकिनेछ। दैनिक भ्रमण भत्ता उपलव्ध गराइएमा खाना र वासको खर्च सोहीवाट व्यवस्थापन गर्नुपर्नेछ। यसवाहेक कार्ययोजना तयारीमा लाग्ने स्टेशनरी, घुम्ती टोलीको उपस्थिती झल्कने प्रचारप्रसार सामग्री तथा कार्यस्थल व्यवस्थापन लगायतमा सामान्य किसिमको खर्च गर्न सकिनेछ ।तर यसरी नवीकरण गरिने कार्ययोजनाहरुको खर्च यस शीर्षक वाहेक अन्यत्रवाट भुक्तानी गर्नुहुदैन।टिम परिचालन गर्दा आवश्यक संख्यामा ल्यापटप, प्रिन्टर र सर्भे उपकरणहरू एवम् कार्यालयको छाप, अलगै दर्ता चलानी किताब समेत लिएर जानुपर्नेछ। यसरी प्रयोग भएको दर्ता र चलानीको रेकर्डलाई टिम फिर्ता भएपछी कार्यालयको मुल दर्ता र चलानीमा अभिलेख जनाई कैफियतमा घुम्ती टोलीबाट सम्पन्न भएको भनी विवरण राख्नु पर्ने छ। यो अनुकरणीय सेवा प्रवाहको काम भएकाले तत्कालै प्रगती विवरण निर्देशानलय र मन्त्रालयमा पठाउनु पर्नेछ। यस शीर्षकबाट उपलव्धी विनाको केवल प्रचार प्रसार मात्र गर्ने घुम्तीसेवा भने सञ्चालन गर्न पाइने छैन ।

## २.१०.४ वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण अभिमुखीकरण कार्यक्रम

लैंगिक तथा सामाजिक समावेशीकरणको अथाह सभावना भएको वन क्षेत्रमा अपेक्षा गरे वमोजिमको परिणाम आउन सकिरहेको छैन। यसको समाधानका लागि प्रदेशका सवै जिल्लालाई समेटी समुदायमा आधारित वन व्यवस्थापन पद्धतीका निर्णायक तहमा वसेका पदाधिकारीहरुलाई यसका समस्याको आकलन गरी र यसको समाधानका लागी समुहहरुले गर्नुपर्ने कार्यहरुको कार्ययोजना तयारी र प्रतिवद्धता संकलन गर्नका लागी पायक पर्ने जिल्लामा एक दिवशीय अन्तरकृया गोष्ठी सञ्चालन गर्नुपर्नेछ। यो कार्यक्रम मन्त्रालय आफै वा सेवा प्रदायक मार्फत गर्नेछ। यसमा विनियोजन भएको रकम नियमानुसार गोष्ठी सचालनका लागी प्रचलित नर्मस वमोजिम स्टेशनरी सहभागी र प्रशिक्षकको खाना खाजा यातायात भाडा एव प्रशिक्षकको दैनिक भ्रमण भत्ता र सेसन फि आदीमा खर्च गर्न सकिनेछ ।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल

## २.११ समन्वय, योजना तर्जुमा र प्रगती समिक्षा गोष्ठी

### २.११.१ योजना तर्जुमा गोष्ठी

यस कार्यक्रमबाट डिभिजन वन कार्यालयहरूले सम्वन्धित सव डिभिजनको सहभागीतामा प्रदेश योजना आयोगले तोकेको प्रकृया र चालु आवधिक योजनाका लक्ष्य पुरा हुने गरी स्थलगत रुपमा कार्यक्रमहरू पहिचान गरी डिभिजन स्तरमा योजना तर्जुमा सम्पन्न गरी मन्त्रालय पेश गर्ने र यसरी प्राप्त हुन आएका कार्यक्रम योजनालाई/मन्त्रालय स्तरमा सामुहिक छलफलबाट अन्तिम टुंगो लगाउन वार्षिक योजना तर्जुमा गोष्ठी गरिनेछ।

### २.११.२ चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठी

यस कार्यक्रमको उद्देश्य वार्षिक स्वीकृत कार्यक्रमको मर्म बमोजिम स्थलगत रुपमा कार्य सम्पादनको अवस्था कस्तो रहेको छ भनी नियमित रुपमा प्रगतिको समिक्षा गरी लक्ष्यमा पुग्न सहयोग पुर्‍याउनु रहेको छ ।यस शीर्षकमा विनियोजित रकम प्रत्येक डिभिजन वन कार्यालयमा हरेक चौमासिकमा र निर्देशनालय स्तरमा मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको सहभागितामा चौमासिक गोष्ठीमा क्षासमि प्रगती वार्षिक / । गरिनेछ खर्च

### २.११.३ स्थानीय तहसंग समन्वय बैठक (सव डिभिजनस्तर)

यस शीर्षकमा विनियोजित वजेट सव डिभिजन वन कार्यालयहरूले स्थानिय तहका जनप्रतिनिधि तथा अन्य उपलब्ध सुरक्षा निकायका कर्मचारीहरू सँग वन क्षेत्रको समग्र संरक्षण र विकासका सन्दर्भमा समन्वयका लागि बैठक आयोजनामा खर्च गर्न सकिनेछ। यस शीर्षकको वजेट बैठकका सहभागीहरूलाई खाजा, यातायात खर्च र बैठक सञ्चालन सम्वन्धी विविध मसलन्दका लागि खर्च गर्न सकिनेछ ।

### २.११.४ वन, वातावरण, जलाधार र जडीबुटी सम्बन्धी कृयाकलापहरूको अनुगमन सहजीकरण र प्रतिवेदन

वन निर्देशनालय मार्फत संचालन हुने यस कार्यक्रमको मूल लक्ष्य नियमित रुपमा स्थलगत अनुगमन गरी समयमा नै गुणस्तरीय कार्य सम्पादन गर्न सहजीकरण र पृष्ठपोषण गर्नु रहेको छ । अनुगमनको क्रममा प्राप्त विवरणहरुको विश्लेषण गरी वार्षिक तथा चौमासिक प्रतिवेदनहरु तयार गरी प्रकाशन गरिनेछ ।यसका साथसाथै विनियोजित वजेटबाट निर्देशनालयले डिभिजन वन कार्यालयहरूले गरेको सामुदायिक वन अनुगमनको प्रतिवदेनहरूलाई एकिकृत गरी प्रदेश स्तरको सामुदायिक वन अनुगमन प्रतिवेदन प्रकाशनमा समेत खर्च गर्नुपर्नेछ ।

२.११.५ गत विगत आर्थिक बर्षहरुमा वस्तुगत तथा नगद अनुदान मार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरुको प्रभावकारीता सम्वन्धी अनुगमन तथा प्रतिवेदन (वन जन्य उद्यम, होमस्टे समेत)
गत आ.व. हरुमा मन्त्रालय बाट सम्पादन भएका वस्तुगत तथा नगद अनुदान मार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरुको प्रभावकारीता सम्वन्धी अनुगमन तथा उद्योग हरुको प्रभावकारीता सम्वन्धी अनुगमन गरी प्रतिवेदन तयार गर्न यस शीर्षकको विनियोजीत रकम खर्च गर्न सकिने छ। विनीयोजित रकम दैनिक भ्रमण भत्ता, यातायात खर्च, प्रतिवेदन तयार तथा प्रकासनमा खर्च गरीने छ।

## २.१२ सम्मान तथा पुरस्कार

### २.१२.१ उत्कृष्ट वनकर्मी पुरस्कार (Best Forester Award)
प्रदेशमा कार्यरत वन प्राविधिक कर्मचारीहरू मध्ये उत्कृष्ट विविध स्तरका विविध विधामा बढीमा ३ जना कर्मचारीलाई यो पुरस्कार उपलब्ध गराइनेछ । उत्कृष्ट कर्मचारी छनौट सम्वन्धी सुचक र आधार एवम् प्रकृया मन्त्रालयले तय गर्नेछ ।

### २.१२.२ गौतम बुद्ध बृक्ष संरक्षण प्रबल पुरस्कार
प्रदेशमा वन संरक्षण, व्यवस्थापन एवम् विकासमा उत्कृष्ट काम गर्ने सामुदायिक वन, निजी वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, स्वतन्त्र संरक्षण कर्मी, व्यक्ति, पत्रकार,सुरक्षा निकाय मध्ये उत्कृष्ट तीन जना संस्था वा व्यक्तिलाई यो पुरस्कार उपलब्ध गराइनेछ। पुरस्कार छनौट सम्वन्धी सुचक र आधार एवम् प्रकृया मन्त्रालयले तय गर्नेछ ।

### २.१२.३ वन कर्मचारीहरको शारिरीक तन्दुरुस्तीका लागि खुल्ला जिम
यस कार्यक्रममा विनियोजित रकम वन कार्यालयमा कार्यरत कर्मचारीहरुलाई वन संरक्षण तथा व्यवस्थापन सम्बन्धि कार्य सम्पादन गर्न शारिरीक रुपमा तन्दुरुस्त हुनुपर्ने भएकोले नियमित रुपमा शारिरीक अभ्यास गर्नको लागि खुल्ला जिम स्थापना गर्न आवश्यक पर्ने सामाग्रीहरुको खरिद तथा स्थापना (Fitting/setup) गर्ने र व्यवस्थित सञ्चालन गर्ने कार्यमा खर्च गरिनेछ ।

### २.१२.४ फ्रन्टलाईनमा खटिने वन रक्षक दुर्घटना बीमा कार्यक्रम
यस कार्यक्रममा विनियोजित रकम वन कार्यालयमा कार्यरत वनरक्षक कर्मचारीहरुलाई वन संरक्षण, व्यवस्थापन तथा विकास सम्वन्धि कार्य गर्दा शारिरीक रुपमा जोखिम हुने भएकोले प्रचलित कानुन बमोजिम विमा कम्पनीहरुसँग सम्झौता गरी दुर्घटना विमा गर्ने कार्यमा खर्च गरिनेछ ।

२.१२.५ वन संरक्षण कार्यका लागि फिल्ड गियर व्यवस्थापन

यस कार्यक्रममा विनियोजित रकम वन कार्यालयमा कार्यरत वन सेवामा कार्यरत कर्मचारीहरुलाई वन संरक्षण तथा व्यवस्थापन सम्वन्धि कार्य सम्पादन गर्दा छुट्टै ड्रेसकोड (पोषाक) को समेत आवश्यकता पर्ने भएकोले प्रदेश वन ऐन, २०७८ को दफा १०५ तथा प्रदेश वन नियमावली, २०७९ को नियम ८७ र सोको अनुसूची-४० बमोजिमको पोषाक प्रचलित कानुन अनुसार खरिद गर्ने कार्यमा खर्च गरिनेछ।

**२.१३ वन, जडीबुटी, जैविक विविधता सम्बन्धी आवश्यक कानून, नीति रणनीति, मापदण्ड, कार्यविधी, निर्देशिका निर्माण तथा अभिमुखीकरण**

यस कार्यक्रमको मूल उद्देश्य वन, जैविक विविधता,जडिबुटी, जलाधार व्यवस्थापन सम्बन्धी नीतिगत विषयहरूको निर्माण गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछः

- प्रदेश स्तरमा आवश्यक पर्ने वन, जैविक विविधता, जडिबुटी जलाधार व्यबस्थापन सम्बन्धी आवश्यकतानुसार नीति, ऐन, नियम, रणनीतिक योजनाहरू कार्यविधि, निर्देशिका, मापदण्ड लगायत निर्माण गरिनेछ ।
- स्वीकृत वार्षिक कार्यक्रम र वजेटको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार विभिन्न कार्यविधि, निर्देशिका, मापदण्डहरू तयार गरिनेछ ।
- कानून मसौदा, कार्यविधि, निर्देशिका, मापदण्डहरू निर्माणका क्रममा आवश्यक्ता अनुसार सरोकारवालाहरुसङ्ग राय सङ्कलन, समिति/कार्यदल वैठक, योजना तर्जुमा बैठक, परामर्श सेवा, गोष्ठी, लेखन, सम्पादन तथा छपाइ सम्वन्धी कार्यको साथै आवश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा होटलमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा सामग्री, खाना, खाजा, अन्य भाडा, ईन्धन, भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

२.१४ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट सञ्चालन हुने तालिमहरुमा यस शीर्षकको विनियोजित बजेट देहाय वमोजिम खर्च गरिने छ।

क. छोटो अवधीको तालिम

ख. लामो अवधीको तालिम

ग. तालिम सहयोगी तथा कर्मचारी क्षमता अभिबृद्दी कार्यक्रम

घ. अन्य कार्यक्रम

क. छोटो अवधीको तालिम

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालन हुने कर्मचारीहरूको ज्ञान सीप र क्षमता तथा कार्यालयको समग्र कार्यसम्पादनमा सहयोग पुर्‍याउने विकासमा आधारित १५ पन्ध्र दिन भन्दा कम अवधिका तालिमहरूलाई छोटो अवधीको तालिम भनिने छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलले वन वातावरण तथा भू-संरक्षण मन्त्रालय, वन निर्देशनालय, प्रदेशका डिभिजन वन कार्यालयहरू, भु-तथा जलाधार व्यवस्थापन कार्यालयहरू, लगायतका सरोकारवालाहरू सँग सम्व्वय तथा बिचार विमर्श अन्तरक्रिया गरि आवश्यकता महसुस भएका तालिम प्राथमिकीकरण गरी यस आ.व. मा सञ्चालन गर्ने तालिमहरु को तालिका वनाई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीहरूबाट अमानतमा सञ्चालन गरि सम्पन्न गरिने छ।

यी तालिमका लक्षित स्तरः

वन तथा वातावरण मन्त्रालयमा कार्यरत नेपाल वन सेवा, प्रशासन सेवा तथा अन्य सेवाका श्रेणी विहीन देखि अधिकृतस्तरको कर्मचारीहरू। साथै लुम्बिनी प्रदेश अन्तर्गतका राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरूमा कार्यरत वन सेवाका कर्मचारीहरू।

ख. लामो अवधिको क्षमता अभिवृद्धि तालिम

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालन हुने कर्मचारी दक्षता/क्षमता अभिवृद्धी तथा सिप विकासमा आधारीत १५ (पन्ध्र) दिन भन्दा बढी अवधिका तालिमहरुलाई लामो अवधीको तालिम भनीने छ। यस अन्तर्गत यस निम्न विषयका तालिमहरु संचालन गरिने छ।

१. विकासका लागि वन संरक्षण र व्यस्थापन आधारभुत तालिम(सेवाकालीन)

समयावधि

यस तालिमको समयावधि ३५ कार्यदिनको हुनेछ। शनिवार बाहेकका सार्वजनिक बिदाका दिनमा समेत तालिम सञ्चालन गर्नु परेमा व्यवस्थापन समितिले तोक्न सक्ने छ।

लक्षित स्तरः

लुम्बिनी प्रदेश भित्र वन क्षेत्रमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउट वा रेञ्जर स्तरका कर्मचारीहरु

तालिमको उद्देश्यः

लुम्बिनी प्रदेश भित्र वन तथा वन्यजन्तुको क्षेत्रमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउटर रेञ्जर स्तरका कर्मचारीहरुलाई वन, वन्यजन्तु, वातावरण, जडीवुटी, जलाधार तथा जैविक विविधताका विविध विषयहरुमा आधारभुत ज्ञान प्रदान गर्ने मुख्य उद्देश्यले यो तालिम सञ्चालन गरीने छ

अपेक्षित उपलव्धीः

- ✓ यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीको क्षमता तथा कार्य दक्षतामा सुधार भई गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्न सक्षम हुनेछन् ।
- ✓ तालिममा सहभागी भै सफलता पूर्वक सम्पन्न गर्ने कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुग्ने छ।

सेवाकालिन तालिममा सहभागी छनोट

व्यवस्थापन समितिले निर्णय गरेबमोजिम छनोट भै आएका सहभागिलाई तालिममा सहभागी गराईने छ। यसरी छनोट गर्दा जेष्ठताका र शैक्षिक योग्यताको आधारमा छनोट गर्नु पर्ने छ।

तालिम मूल्याङ्कन विधी

तालिम मुल्याङ्कन समितिले तालिमका सहभागीको मुल्याङ्कन गर्ने छ। तालिम सुरु हुन पहिले बसेको व्यवस्थापन समितीले तालिम मुल्याङ्कनको लागि मुल्याङ्कन ढाँचा तयार गर्ने छ।

२. सेवा प्रवेस तालिम

समयावधि

यस तालिमको समयावधि ३५ कार्यदिनको हुने छ। शनिवार बाहेकका सार्वजनिक बिदाका दिनमा समेत तालिम सञ्चालन गर्नु परेमा व्यवस्थापन समितिले तोक्न सक्ने छ।

लक्षित स्तरः

प्रदेश लोक सेवाबाट आयोगबाट सिफारीस भई आउने वन सेवाका वन रक्षक र फरेष्टर पदका कर्मचारीहरू वन सम्वन्धी बिषयको अध्ययन नगरी प्रवेश गर्ने हुँदा आधारभुत तालिम प्रदान गरीने छ।

तालिमको उद्देश्यः

वन क्षेत्रमा नव आगन्तुक कर्मचारीहरुलाई वन सम्वन्धी आधारभुत तहको सैदान्तीक तथा व्यवहारीक ज्ञान, सीप र क्षमता प्रदान गरी समग्र कार्यालयको कार्य सम्पादनमा चुस्तता प्रदान गर्ने रहेको छ।

अपेक्षित उपलव्धीः

- ✓ यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीको क्षमता तथा कार्य दक्षतामा सुधार भई गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्न सक्षम हुनेछन् ।
- ✓ तालिममा सहभागी भै सफलता पूर्वक सम्पन्न गर्ने कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुग्ने छ।

तालिममा सहभागी छनोट

लोकसेवा आयोग बाट सिफारीस भै मन्त्रालयमार्फत तालिमका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा पठाईने छ।

तालिम मूल्याङ्कन विधी

तालिम मुल्याङ्कन समितिले तालिमका सहभागीको मुल्याङ्कन गर्ने छ। तालिम सुरु हुन पहिले बसेको व्यवस्थापन समितीले तालिम मुल्याङ्कनको लागि मुल्याङ्कन ढाँचा तयार गर्ने छ।

### ग. तालिम सहयोगी कार्यक्रम

यस कार्यक्रम अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीलाई कम्प्यूटर सम्वन्धी डिजाईनीङ्ग (प्रमाणपत्र, फोटोग्राफी, भिडीयोग्राफी आदी) सिप विकास (ड्राईभिङ्ग, उदघोषण, TOT आदी), वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा तालिम सम्वन्धी पुर्वाधार निर्माण गर्ने, पुस्तकालय निर्माण गर्ने, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको Website Update गर्ने, तालिमका सहभागी तथा प्रशिक्षकको डाटावेस तयार गर्न सफ्टवयर निर्माण गर्ने, तालिम आवश्यकता पहिचान तथा तालिम अनुगमन गर्न आवश्यक फिल्ड भ्रमण, फिल्ड भ्रमणमा आवश्यक फिल्ड गियर (जुत्ता, झोला, स्लिपीङ्ग व्याग, वाटर बोटल, रेनकोट आदी) खरिद तथा तालिम संचालनमा आवश्यक यन्त्र उपकरण खरिद गरीने छ।

### घ. अन्य कार्यक्रमहरु

आ.व. ०७९।०८० मा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलमा संघीय सरकार तथा प्रदेश सरकार लगायत अन्य निकायहरुबाट कार्यक्रमहरु थप हुन आएमा यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन गरिनेछ ।

## तालिम व्यवस्थापन तथा मुल्याङ्कन समिती

## तालिम व्यवस्थापन समिती

तालिमलाई प्रभावकारी रूपले सञ्चालन गर्न तालिम सञ्चालन गर्ने कार्यका लागि तपसिल अनुसारको तालिम व्यवस्थापन समिति हुनेछः

१. सचिव, वन वातावरण तथा भु-संरक्षण मन्त्रालय, लुम्बिनी प्रदेश, मुमाम बुटवल — अध्यक्ष
२. वन निर्देशक, वन निर्देशनालय, लुम्विनी प्रदेश, भैरहवा — सदस्य
३. महाशाखा प्रमुख, वन व्यवस्थापन योजना तथा अनुगमन महाशाखा — सदस्य
४. सम्वन्धीत डिभिजनको डिभिजनल वन अधिकृत — सदस्य
५. प्रदेश लोक सेवा कार्यालयका अधिकृत स्तर प्रतिनीधी (मुल्याङ्कन हुने तालिममा मात्र) — सदस्य
६. निर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल — सदस्य
७. सहायक तालिम अधिकृत, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल — सदस्य-सचिव

*नोटः आवश्यकता अनुसार ३ जना सम्म आमन्त्रीत सदश्य राख्न सकिने छ ।*

तालिम व्यवस्थापन समितिले आवश्यकता अनुसार बैठक वसी तपसिलका कार्यहरु गर्ने छ

क. तालिम सञ्चालन पुर्व अवस्थामा

- ✓ तालिम सञ्चालन गर्ने मिति र स्थान छनोट गर्ने
- ✓ पाठ्यक्रम(Syllabus) स्विकृति गर्ने
- ✓ तालिम कार्यक्रमको नियमित अनुगमन गरि आवश्यकता अनुसार निर्देशन दिने,
- ✓ पाठयोजना परिमार्जन गर्नु पर्ने अवस्था आएमा परिमार्जन गर्ने

✓ तालिमका कमी-कमजोरी औंल्याई अन्य तालिमलाई पृष्ठपोषण गर्ने

✓ अन्य व्यवस्थापन सम्वन्धी कार्यहरु गर्ने

## तालिम मुल्याङ्कन समितीः

सेवाकालीन तथा सेवा प्रवेश तालिम (मुल्याङ्कन गर्नु पर्ने अन्य तालिम समेत) सञ्चालन गर्न निम्नानुसारको मूल्याङ्कन समिति रहने छ

| | | |
|---|---|---|
| १. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक | अध्यक्ष |
| २. | प्रदेश लोकसेवा आयोगको कार्यालयका अधिकृत स्तरका प्रतिनिधि | सदस्य |
| ३. | वन तथा वातावरण मन्त्रालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि | सदस्य |
| ४. | वन निर्देशनालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि | सदस्य |
| ५. | प्रशिक्षक मध्यवाट २ जना सम्म विषयगत विज्ञहरु | सदस्य |
| ६. | तालिम संयोजक | सदस्य सचिव |

*नोटः आवश्यकता अनुसार बढिमा ३ आमन्त्रीत सदस्य राख्न सकिने छ।*

तालिम मुल्याङ्कन समितिले तपसिल कार्यहरु गर्ने छः

क. पाठयोजना अनुसार प्रश्नपत्र तयार गरी स्विकृति गर्ने

ख. परिक्षाका क्रममा अनुगमन गर्ने

ग. मुल्याङ्कन गर्ने

घ. उत्तरपुस्तिकामा प्राप्त अङ्क आवश्यक परेको अवस्थामा पुनः जाँच गरी सदर गर्ने

ङ. नतिजाको श्रेणी सहित प्रत्येक सहभागीको प्राप्ताङ्क र श्रेणी सदर गर्ने

## सम्पूर्ण तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधा

✓ निर्देशकले कार्यक्रम सञ्चालन गर्ने कर्मचारी तोकी कार्यादेश दिने।

✓ कर्मचारीले कार्यादेश प्राप्त गरेपछी कार्यक्रमको लागत अनुमान तयारी निर्देशकबाट स्विकृत गराउने।

✓ स्विकृत लागत अनुमान सहितको निवेदन पेश गरि पेश्की लिई कार्यक्रम सञ्चालन गर्ने।

✓ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलले प्रत्येक तालिमको पाठ्यक्रम तयार गरी तालिम व्यवस्थापन समिति मार्फत स्विकृत गराउने।

✓ सेवाकालीन तालिमको अवधि ३५ कार्य दिन रहनेछ भने बाँकी अन्य तालिमहरुको अवधि आवश्यता अनुसार २ देखि १५ दिन सम्मको हुनेछ ।

✓ प्रत्येक तालिममा कम्तीमा १५(पन्ध्र) जना सहभागी उपस्थित हुनु पर्नेछ,अन्यथा तालिम रद्द हुनेछ।

✓ तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक तथा स्वास्थ्य सामाग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन समूहभत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर

तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।

✓ तालिमका सहभागीहरुलाई जिल्ला वाहिर वा जिल्ला भित्र २० कि.मी. भन्दा टाढाका भएमा भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ।

✓ तालिमका सहभागीहरु जिल्ला भित्र २० कि.मी. भित्र भई दैनिक भ्रमण भत्ता नपाउने भएमा प्रदेश सरकार लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीतासम्वन्धी निर्देशिका २०७५ बमोजिमको मापदण्ड अनुसार नै सहभागी भत्ता उपलव्ध गराइनेछ।

✓ निर्देशकको अध्यक्षतामा वैठक वसी तालिमलाई प्रभावकारी एवम् व्यवस्थीत रुपमा सञ्चालन गर्न आन्तरीक रुपमा बढीमा पाँच जना कर्मचारी निर्देशकको संयोजकत्वमा तालिम व्यवस्थापन टिम गठन गरीनेछ। व्यवस्थापन टिमले कार्यालय समय अधि पछी तालिमको कार्यमा खटिई काम गर्नु पर्नेछ।

✓ तालिम व्यवस्थापनमा खटिने व्यवस्थापन टिमका कर्मचारीहरुलाई जिल्ला वाहिर र जिल्ला भित्र २० कि.मी. भन्दा टाढा कार्यक्रम सञ्चालन हुँदा भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ।

✓ तालिम व्यवस्थापनमा खटिने व्यवस्थापन टिमका कर्मचारीहरुलाई जिल्ला भित्र २० कि.मी. भित्र सञ्चालन हुँदा सहभागी सरह प्रदेश सरकार लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्वन्धी निर्देशिका २०७५(परिच्छेद २, ५/१) अनुसारको रकम भत्ता स्वरुप उपलव्ध गराइनेछ।

✓ तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुवाट सञ्चालन गर्नु पर्ने छ। र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका मौजुदा जनशक्तीबाट प्रशिक्षण गर्न नसकीने अवस्था आएमा सम्वन्धित विषयवस्तुको विज्ञहरुवाट प्याकेज वा सत्र आधारमा प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ।

✓ सेवा प्रवेश र सेवाकालिन तालिमहरुमा तालिम सञ्चालन पश्चात मुल्याङ्कन गरीनेछ।

✓ तालिम कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा समावेस गर्नु पर्ने बुँदाहरु

- ✓ स्वीकृत लागत इष्टीमेट
- ✓ स्वीकृत पाठ योजना
- ✓ तालिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा विल भर्पाइ
- ✓ सहभागीको विवरण (विश्लेषण सहित)
- ✓ मुल्याङ्कन हुने तालिमको सहभागीहरुको तालिम मुल्याङ्कन फारम
- ✓ तालिमको विस्तृत प्रतिवेदन
- ✓ तालिम कार्यक्रम सञ्चालनका फोटोहरु
- ✓ र अन्य जरुरत पर्ने सवै कागज पत्र हरु

## परिच्छेद-३

## जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम

(३२९०००१३)

### ३.१ जडिबुटी पकेट क्षेत्र सवलीकरण

### ३.२ जडिबुडी नर्सरी निर्माण, मर्मत तथा स्तरोन्नति

डिभिजन वन कार्यालय अन्तर्गत विगत देखि नै संचालनमा रहेका नर्सरीमा हुने सामान्य मर्मत तथा त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्ने र विद्यमान नर्सरीबाट विरुवा उत्पादन कार्य गर्न नपुगेमा मौजुदा नर्सरीको क्षेत्र विस्तार तथा नयाँ नर्सरी निर्माणको कार्य समेतमा यो शीर्षकको रकम खर्च गर्न सकिनेछ । नर्सरी मर्मत तथा स्तरोन्नतीको कार्य तालिका तयार गरी सकभर प्रथम चौमासिक अवधिमा कार्य सम्पन्न गरीसक्नुपर्नेछ । यस शिर्षकमा विनियोजित रकम आवश्यकता अनुसार नर्सरीमा सिचाँईको व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिङकल सिचाईको व्यवस्था, वत्तीको, प्रजातीको नाम प्लेट बोर्ड आदि व्यवस्था भएको हुनुपर्नेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ ।

- नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु
- नर्सरीको पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता
- मर्मत गर्दा लागेको खर्च

### ३.३ पकेट क्षेत्र केन्द्रीत प्रजाति बिशेष जडिबुटी विरुवा उत्पादन

### ३.४ पकेट क्षेत्र स्तरीय जडिबुटी खेति विस्तार सञ्जाल गठन तथा परिचालन

यो कार्यक्रमबाट पहिचान भएको प्रत्येक पकेट क्षेत्रहरूमा जडिबुटी खेति कृषक, स्थानीय जडीबुटी संकलक तथा व्यापारी समेत संलग्न हुने गरी कम्तिमा एकवटा जडिवुटी खेति विस्तार सञ्जाल गठन गर्नु पर्नेछ । यसमा विनियोजन भएको रकम अन्तरक्रिया तथा छलफल, दैनिक भ्रमण भत्ता, इन्धन, खाजा, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ ।

- गठन भएको सञ्चालको प्रत्येक सदस्यको सम्पर्क नम्बर सहितको विवरण
- सञ्जालको काम, कर्तव्य र अधिकार
- सञ्चाल गठनको निर्णय तथा फोटो

### ३.५ पकेट क्षेत्र स्तरीय जडिबुटी खेति विस्तार सञ्जाललाई क्षमता विकास र अध्ययन भ्रमण

यस कार्यक्रमबाट पकेट क्षेत्र स्तरीय जडिबुटी खेति विस्तार सञ्जाललाई आवश्यकता अनुसार जडिबुटीहरूको विरूवा उत्पादन, खेति विस्तार, उत्पादन, संकलन तथा प्रशोधन र सदुपयोग सम्बन्धमा सैद्धान्तिक तथा व्यवहारीक ज्ञान र सिप प्रदान क्षमता अभिवृद्धि गर्नु रहेको छ । सहभागी छनौट र कार्यक्रम सञ्चालन गर्दा सकभर पकेट क्षेत्रमा सिमित हुनु पर्नेछ । यसमा विनियोजन भएको रकम क्षमता विकास कार्यको लागि आवश्यक भ्रमण (समुदाय देखि समुदाय सम्म), प्रशिक्षक व्यवस्थापन, खाना, खाजा, यातायात खर्च, तालिम सामाग्री, दैनिक भ्रमण भत्ता, इन्धन, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ:

- क्षमता विकास गरिएको जडिबुटी प्रजातिको विवरण
- सहभागीहरु तथा स्रोतव्यक्तिको विवरण
- कार्य सञ्चालन चरणको फोटो

### ३.६ एक पकेट क्षेत्र एक जडिबुटी खेति विस्तारमा कृषकलाई निःशुल्क विरूवा, ढुवानी, मलखाँद र रोपणमा सहुलियत

यस कार्यक्रमको मुख्य उदेश्य पकेट क्षेत्र लक्षित गरेर उत्पादन गरिएका जडिबुटी विरूवाहरूलाई पकेट क्षेत्रसम्म ढुवानी गर्दा हुन सक्ने क्षति कम गरी सुरक्षित ढुवानी, विरूवा रोपण पूर्व मलखाँदको प्रयोग र रोपणमा सहजीकरण गरी निजी क्षेत्रमा प्रभावकारी रूपमा जडिवुटी खेती विस्तार गरी कृषकको आम्दानी र जिविकोपार्जनमा टेवा पुर्याउनु रहेको छ। यसका लागि पकेट क्षेत्रमा १०० भन्दा वढी विरूवा रोपण गर्ने किसानहरूको पहिचान गरी लगभग एकै स्थानमा जोडिएका निजी वारी जग्गामा कृषि वनको मोडलमा जडिवुटीको वृक्षारोपण गर्नुपर्नेछ। प्रजाती अनुसारको दुरिको निर्धारण र खाडलको साइजमा विशेष ध्यान दिनुपर्नेछ । ओखर बाहेकका रूखजन्य जडिवुटीको खाडल साइज ३० से.मी. लम्वाई, ३० से.मी. चौडाई र ४५ से.मी. गहिराईको खाडल र पाकेको प्रांगारिक मल वा मलिलो माटो र ओखर प्रजातिको हकमा ४५ से.मी. लम्बाई, ४५ से.मी. चौडाई र ६० से.मी. गहिराईको खाडल र पाकेको प्रांगारिक मल राखुपर्नेछ। लागत अनुमान गर्दा उपरोक्तानुसारको खाडल खन्ने, मलिलो माटो जम्मा गर्ने, मल खरिद र विरूवा रोपण गर्न लाग्ने खर्चलाई मुल्यांकन गर्नुपर्दछ । यसमा विनियोजन भएको रकम निम्नानुसार शिर्षकमा खर्च गर्न सकिनेछ:

- नर्सरीबाट रोपणस्थल सम्म दुरि , साईज र भुगोलको आधारमा प्रति बिरूवा १ देखि ५ रूपैया सम्म ढुवानी अनुदान वा कार्यालय आफैले ढुवानी गरी कृषकको रोपणस्थल सम्म पुर्याउनु पर्ने भएमा ढुवानी भाडा र लोड अनलोडको ज्यामी खर्च
- बिरूवा सुरक्षित ढुवानी गर्न आवश्यक सामग्री खरिद एवम व्यवस्थापन
- वृक्षारोपणका लागि खाडल खन्ने, मलखाँद खरिद र रोपणमा कुल लागतको वढीमा ५० प्रतिशत अनुदान रहेको हुदाँ यी कार्य बापत प्रति बिरूवा रू ४० सम्म खाडलको साइज, तोकिएको परिमाणमा मलखादको प्रयोग गरेको र तोकिएको विधी प्रयोग गरी बिरूवा रोपेको आधारमा प्रमाणित कागजात प्राप्त गरी अनुदान उपलब्ध गराउन सकिने ।

कुल कार्य सम्पादनको आधारमा खर्च भएको रकमको २ प्रतिशत रकम रोपण सहजिकरण, अन्तिम जाँचपास कार्यमा खटिने कर्मचारीलाई दैनिक भ्रमण भत्ता, इन्धन, प्रतिवेदन आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- रोपण भएको जडिबुटी बिरूवा, मलखाँदको परिमाण
- रोपण गर्ने कृषकहरूको नामावली, कृषक अनुसारको प्रजाति र जग्गाको विवरण(जि.आइ.एस. लोकेसन सहित)
- समग्रमा जडिबुटी खेति विस्तार भएको क्षेत्रको नक्सा विवरण
- कार्य सञ्चालन चरणको फोटो(खाडल, मलखाद प्रयोग र रोपण पश्च्यात)

यो शिर्षकमा विनियोजन भएको रकम सार्वजनिक तथा सरकारी जग्गामा खर्च गर्न पाइने छैन ।

## ३.७ विगतका वर्षहरूमा निजी क्षेत्रमा वृक्षारोपण गरिएका जडिबुटी खेतीको स्याहार सम्भार सहयोग (पुनरोपण समेत)

यस कार्यक्रमको मुख्य लक्ष्य माग र अवश्यकताको आधारमा विगत समयमा निजी जग्गामा भएका जडिबुटीजन्य बिरूवाहरूको बृक्षारोपणको स्याहार सम्भार तथा पुनरोपण समेत गरी कार्यक्रमलाई शत प्रतिशत सफल बनाउनु रहेको छ । यसमा विनियोजन भएको रकम विगतमा निजी जग्गामा भएको जडिबुटीजन्य बृक्षारोपणको गोडमेल (Weeding), सरसफाई (Cleaning), आवश्यकता अनुसार मलखाँद समेत प्रयोग गरी मृत बिरूवाहरू प्रतिस्थापनको लागि पुनरोपण कार्य आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- गोडमेल तथा सरसफाई गरीएको जडिबुटी खेति क्षेत्रको विवरण (विरूवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- पुन रोपण गरिएको जडिबुटी विरूवा, मलखाँदको परिमाण
- लाभान्वित व्यक्तिहरूको नामावली
- कार्य सञ्चालन पुर्व तथा पश्चातको र कार्य सञ्चालनको फोटो

## ३.८ पकेट क्षेत्रमा सामुदायिक तथा सार्वजनिक जग्गामा जडिबुटी खेति विस्तारमा सहयोग

पकेट क्षेत्र लक्षित गरेर उत्पादन गरिएका जडिबुटी विरूवाहरूलाई पकेट क्षेत्रमा रहेका सामुदायिक तथा सार्वजनिक जग्गामा जडिबृटी बृक्षारोपण गर्न सुरक्षित विरूवा ढुवानी, विरूवा रोपण पूर्व मलखाँदको प्रयोग र रोपणमा सहजीकरण, बृक्षारोपणको संरक्षण गर्न आवश्कता अनुसार तारवार गर्न यस कार्यक्रम तर्जुमा गरीएको छ । यसमा विनियोजन भएको रकम विरूवा ढुवानी कार्य, विरूवा सुरक्षित ढुवानी गर्न आवश्यक ट्रे/क्रेट खरिद, मलखाँद खरिद, ढुवानी तथा वितरण, विरूवा रोपणको स्थलगत अभ्यास र आवश्यकता अनुसार बारबेरमा खर्च गर्न सकिनेछ । यस कार्यमा विनियोजित भएको रकम मध्य वास्तविक खर्चको आधारमा वढीमा २ प्रतिशत रकम उक्त कार्यमा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- वितरण भएको जडिवुटी विरूवा, मलखाँदको परिमाण
- लाभान्वित समूह/सँस्थाको नामावली तथा विवरण
- जडिबुटी खेति विस्तार भएको क्षेत्रको विवरण तथा जि.आइ.एस. नक्सा
- कार्य सञ्चालन चरणको फोटो

## ३.९ जडिवुटी तथा गैरकाष्ठ बन पैदावारमा आधारित सामुदायिक उद्यम प्रवर्धनमा सहयोग

यस कार्यक्रमको मूल उद्देश्य जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यम विकास र प्रबर्द्धनमा सहयोग गरी प्रशोधन तथा विक्री वितरण सवल र सुदृढ बनाउंदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धी गर्ने रहेको छ। यस अन्तर्गत माग र आवश्यकता अनुसार निम्न कृयाकलापहरु गरिनेछ।

- मूल्य अभिवृद्धी गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विधि लगायतका प्रवर्धनात्मक कार्यहरुमा सहयोग पुग्ने प्रविधि र क्षमता विकासका कार्यहरु,

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मुकाम: बुटवल नेपाल

- स्थानीय स्तरमा कच्चा पदार्थ उपलब्ध भै सञ्चालन हुन सक्ने र भैरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरुमा सहयोग। यसरी सहयोग उपलब्ध गराउँदा प्रस्ताव माग गरी क्षमता र उपयुक्तताको आधारमा कुल लागतको बढीमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिने छ ।

## ३.१० आर्थिक महत्वका जडिबुटीहरूको स्वःस्थानीय संरक्षण

यस कार्यक्रमको उद्देश्य नेपाल सरकारबाट आर्थिक हिसावले महत्वपुर्ण जडिबुटीको रूपमा घोषणा भएका तथा स्थानीय स्तरमा महत्वपुर्ण रहेका जडिवुटीहरूको स्वःस्थानीय (In-Situ) संरक्षण, प्रवर्धन तथा विस्तार गर्नु रहेको छ। रैथाने (Endemic) प्रजातिका उच्च मुल्यका प्राकृतिक रूपमा रहेका स्थानीय जडिबुटीहरूको संरक्षण, सम्बर्धन तथा विस्तार, निजी, सामुदायिक तथा सार्वजनिक जग्गामा उक्त प्रजातिको जडिबुटी खेति गरी स्थानीय जडिबुटीहरूको मुल-बंशाणु समेत सुरक्षित रहने गरी स्थानीय आयमा अभिबृद्धि गर्न यस कार्यक्रम तर्जुमा गरीएको छ । यसमा विनियोजन भएको रकम प्राकृतिक रूपमा रहेका तथा विगत समयहरूमा बृक्षारोपण गरी खेति विस्तार गरिएका जडिबुटी क्षेत्रहरूमा आवश्यकता अनुसार गोडमेल (Weeding), सरसफाई (Cleaning), एकल्याउने, पत्ल्याउने, चरिचरणबाट जोगाउन फेन्सिङका साथै आवश्यकता अनुसार मलखाँद समेत प्रयोग गरी मृत बिरूवाहरू प्रतिस्थापनको लागि पुनरोपण कार्य आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- स्वःस्थानीय संरक्षण गरीएको जडिबुटी खेति क्षेत्रको विवरण (बिरूवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- पुनरोपण गरिएको जडिबुटी बिरूवा संख्या
- लाभान्वित व्यक्ति/समूह/सँस्थाहरूको नामावली र सम्पर्क ठेगाना
- कार्य सञ्चालन पुर्व तथा पश्चातको र कार्य सञ्चालनको फोटो

## ३.११ प्रदेशका महत्वपुर्ण जडिवुटी तथा गैरकाष्ठ वन पैदावारहरूको खेति प्रविधि दिग्दर्शन तयारी र प्रकाशन

यस कार्यक्रमबाट डिभिजन वन कार्यालयहरूले निर्धारण गरेका पकेट क्षेत्र केन्द्रित जडिबुटी प्रजाति र प्रदेशमा रहेका उच्च महत्वका जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको खेति गर्न स्थानीय कृषकहरूलाई सहज हुने गरी जडिवुटीहरूको नर्सरी तथा खेति प्रशारण विधि, संरक्षण, सम्बर्धन, संकलन तथा पुनरूत्पादन लगायतका विषयवस्तुहरू समावेश गरी जडिवुटी तथा गैरकाष्ठ वन पैदावारहरूको खेति प्रविधि दिग्दर्शन तयारी र प्रकाशन गर्नुपर्नेछ । यस कार्यका लागि विनियोजन भएको रकम तथ्यांक संकलन, अध्ययन कार्य,

दिग्दर्शनको मस्यौदा तयारी तथा प्रकाशनका लागि आवश्यकता अनुसार विज्ञ परामर्श सेवा लिई खर्च गर्न सकिनेछ ।

### ३.१२ टिमुर खेति विकास तथा प्रवर्धन कार्यक्रम

यस शिर्षकमा विनियोजित बजेट टिमुरको छुट्टै पकेट क्षेत्र तोकि पकेट क्षेत्र लक्षित गरि नर्सरी स्थापना र सञ्चालन, विरूवा उत्पादन, विरूवा खरिद तथा रोपण गरिनेछ ।साथै भण्डारण तथा प्रशोधन केन्द्र स्थापना, वजारिकरण तथा त्यससँग सम्बन्धित मेसिनरी सामाग्री खरिद कार्यमा खर्च गर्न सकिनेछ ।

### ३.१३ तेजपात खेति विकास तथा प्रवर्धन कार्यक्रम

यस शिर्षकमा विनियोजित बजेट तेजपातको छुट्टै पकेट क्षेत्र तोकि पकेट क्षेत्र लक्षित गरि नर्सरी स्थापना र सञ्चालन, विरूवा उत्पादन, विरूवा खरिद तथा रोपण गरिनेछ ।साथै भण्डारण तथा प्रशोधन केन्द्र स्थापना, वजारिकरण तथा त्यससँग सम्बन्धित मेसिनरी सामाग्री खरिद कार्यमा खर्च गर्न सकिनेछ ।

### ३.१४ अल्लो प्रवर्धन कार्यक्रम

यस शिर्षकमा विनियोजित बजेट अल्लोको पकेट क्षेत्र पहिचान, पकेट क्षेत्र पायक पर्नेगरी नर्सरी स्थापना र सञ्चालन, विरूवा उत्पादन, विरूवा खरिद, अल्लोरोपण/अल्लो खेति, अल्लो भण्डारण केन्द्र स्थापना, वजारिकरण, अल्लोको कपडा बनाउने तान लगायतका मेसिनरी सामाग्री खरिद कार्यमा खर्च गर्न सकिनेछ । साथै यस कार्यक्रमबाट अल्लो खेति, अल्लोको कपडा बनाउने सम्वन्धि क्षमता विकास तालिम, गोष्ठी, वैठक आदि सञ्चालन गर्न सकिनेछ ।

### ३.१५ उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम

आम्दानीको हिसावले प्रचुर सम्भावना रहेको दाँते ओखरलाई यस प्रदेशको एक मात्र हिमाली जिल्ला रूकुम पुर्व र सोही संग मिल्दो जुल्दो हावापानी रहेको प्राकृतिक रूपमै रैथाने ओखरका विरूवाहरू पाइने रोल्पा र प्यूठानको केही भेगमा यस वर्षदेखि अभियानकै रूपमा विस्तार गरी कृषकको आयआर्जन र जिविकोपार्जनमा सहयोग पुर्याउने यो कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।यो कार्यक्रम कार्यन्वयनका लागि आवश्यकता अनुसार १/१ जना वन प्राविधिक र स्थानिय ओखरविकास सहजकर्ताहरू राखी नियमित अनुगमन,स्थान छनोट,रोपण सहजिकरण तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने छ ।यसरी राखीएका वन प्राबिधिकलाइ बढीमा ३० हजार तथा सहजकर्तालाइ बढीमा १२ हजार सम्म खर्च गर्न सकिने छ।यस कार्यक्रमबाट दाँते ओखरको पकेट क्षेत्र पहिचान, पकेट क्षेत्र पायक पर्नेगरी नर्सरी स्थापना र सञ्चालन, विरूवा उत्पादन, कलमी विरूवा खरिद, वृक्षारोपण, सामाजिक सहजिकरण, लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।यो कार्यक्रम नविनतम र विशेष कार्यक्रम भएको हुदाँ मन्त्रालयबाट लक्ष्य, उदेश्य, कार्यनीति, कार्यक्रम, अपेक्षित उपलब्धी, कार्यान्वयन योजना र अनुगमन योजना सहितको प्रारम्भिक परियोजना दस्तावेज

तयार गर्नुपर्नेछ। डिभिजन वन कार्यालयमा विनियोजन भएको एकमुष्ट वजेटलाई वृक्षारोपण र बिरुवा हुर्काउनेकामको सहजिकरणलाइ विशेष प्राथमिकता दिई चालु आ.व.मा खरिद गरी रोपण गरीने कटिंग विरूवा र उत्पादन गरिने विरूवाको स्पष्ट संख्या किटान गरी माथि उल्लेखित क्रियाकलापमा बजेट विभाजन गरी मंसिर महिना भित्र निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ।

### ३.१६ जडिबुटी फोकल टिम बैठक

डिभिजन वन कार्यालयबाट सञ्चालन हुने जडिबुटी विकास सम्बन्धी सम्पुर्ण कार्यक्रमहरूको छलफल गर्न वन तथा वातावरण मन्त्रालयबाट २०६९ सालमा तयार भएको कार्यविधि अनुसार जिल्लास्तरमा गठन भएको फोकल टिमको वैठक आवश्यकता अनुसार वस्नु पर्नेछ र सो वैठक संचालन तथा व्यवस्थापनमा यो शीर्षकको रकम खर्च गर्न सकिनेछ ।

### ३.१७ जडिबुटी खेति विस्तारमा सहजीकरण

यस कार्यक्रमको लक्ष्य निजी, सामुदायिक तथा सार्वजनिक जग्गामा जडिबुटी खेति विस्तारका लागि आवश्यक स्थानीय कृषकहरूको क्षमता अभिबृद्धि तथा स्थलगत अभ्यास गर्न रहेको छ। यसमा विनियोजन भएको रकम क्षमता विकास कार्यको लागि आवश्यक प्रशिक्षक व्यवस्थापन, खाना, खाजा, यातायात खर्च, तालिम सामाग्री, दैनिक भ्रमण भत्ता, इन्धन, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ। यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा सहभागीहरु तथा स्रोतव्यक्तिको विवरण तथा कार्य सञ्चालनको फोटोहरू समावेश गर्नुपर्नेछ ।

### ३.१८ जडिबुटी प्रवर्धनका लागि कृषक, व्यवसायी र प्राविधिक बिच अन्तरकृया

यस कार्यक्रमको लक्ष्य कृषक, व्यवसायि र प्राविधिकहरुका विच जडिबुटी खेति विस्तार, भण्डारण एवं वजारिकरण प्रवर्द्धन र स्थानीय कृषकहरूको क्षमता अभिवृद्धि गर्नको लागि अन्तरकृया गर्नु रहेको छ। यसमा विनियोजन भएको रकम क्षमता विकास कार्यको लागि आवश्यक प्रशिक्षक व्यवस्थापन, खाना, खाजा, यातायात खर्च, तालिम सामाग्री, दैनिक भ्रमण भत्ता, इन्धन, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ। यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा सहभागीहरु तथा स्रोतव्यक्तिको विवरण तथा कार्य सञ्चालनको फोटोहरू समावेश गर्नुपर्नेछ ।

## परिच्छेद -४

## भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम (३२९०००१४)

भू तथा जलाधार व्यवस्थापनका कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि यस परिच्छेदमा उल्लेख गरिएको छ । यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन् ।

### ४.१ कार्य सञ्चालन प्रकृया

#### ४.१.१ कार्यनीति

कार्यक्रमको मुख्य उद्देश्य हासिल गर्नको लागि निम्न लिखित कार्यनीति रहेका छन्।

विभिन्न स्तरका जलाधार (बृहत जलाधार, उपजलाधार, सुक्ष्म जलाधार) अनुरुप जलाधारहरुको पहिचान, वर्गीकरण र प्राथमिकीकरण गर्ने,

क. वर्गीकरणको आधारमा विभिन्न जलाधार व्यवस्थापन योजनाहरू (प्रादेशिक, स्थानिय) बनाई कार्यान्वयन गर्ने,

ख. एक जलाधार वहुउपयोग: एकिकृत सहभागितामूलक जलाधार व्यवस्थापन प्रकृया अवलम्वन गर्ने,

ग. संरक्षण कार्यलाई उत्पादनशील, आयमुलक एवं वजारमुखी ढाँचामा सञ्चालन गर्ने,

घ. हरित क्षेत्रसंग सम्बन्धित निकाय (वन, कृषि, पशुपालन र जलश्रोत)सँग समन्वय र साझेदारी कायम गर्दै एकीकृत सेवा प्रदान गर्ने,

ङ. वृहत जलाधार अनुरुप संस्थागत तथा सांगठनिक विस्तार र सुधार गर्दै जाने,

च. चुरे क्षेत्रको जलाधार व्यवस्थापनलाई विशेष प्राथामिकता दिने,

छ. जलाधार व्यवस्थापनका विविध पक्षहरु बारे प्रचार प्रसार र समन्वय गर्ने,

ज. जलवायु परिवर्तनका कारणले पर्नसक्ने संभावित जोखिमको आँकलन गरी जलाधार स्तरमा आवश्यक र उपर्युक्त अनुकुलन/समानुकुलन एवं विपद् व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने,

झ. Too much water too little water management को अवधारणा अनुसार विषेश गरी हिउँदको मौसममा too little water भएको समयको लागी संचय, नवीकरण र सतत् उपयोगमा सघाउ पुर्‍याउने कार्यक्रमा विशेष जोड दिने,

ञ. संरक्षणका सम्पूर्ण कार्य र प्रयासहरु उपल्लो भेगको संरक्षण तल्लो भेगको फाइदा भन्ने वैज्ञानिक मान्यताका साथ जिल्लाको उपल्लो जलाधार क्षेत्र र तल्लो जलाधार क्षेत्रमा कार्यक्रमहरु एकिकृत रूपमा संचालन गर्ने,

ट. वातावरणीय सेवाको भुक्तानीको लागि उपर्युक्त प्रणालीको विकास गरी कार्यान्वयन गर्ने,

ठ. प्रदेशमा रहेका जमिनहरुको भू-क्षमताका आधारमा उपयोग गर्ने, भू-क्षय जोखिमयुक्त जमिनको पहिचान गरी संरक्षणका उपायहरु अवलम्बन गर्ने,

भू-संरक्षणका आधारभूत उपायहरु अवलम्वन गर्ने।

सचिव

४.१.२ जनशक्ति व्यवस्थापन तथा समय सिमा

क. जलाधार व्यवस्थापन कार्यालय अन्तरगत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ,

ख. दोश्रो चौमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको विश्लेषण, सर्भे डिजाईन तथा ल.ई.सम्पन्न गरी काम शुरु र तेश्रो चौमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानिय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण समेत गर्ने।

४.१.३ खरीद र भुक्तानी प्रकृया तथा गुणस्तर नियंत्रण

क. कुनै पनि वस्तु वा सेवा खरीद र भुक्तानी गर्दा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली २०६४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को अधिनमा रही गर्नुपर्नेछ,

ख. कार्यक्रमको आवश्यकता अनुसार ग्याविन तार जालीको काम गर्दा खिया नलाग्ने, स्पेसिफिकेशन भएको मेशिनवाट वुनिएका Heavy Coated G.I. तारजाली खरीद गर्नु पर्नेछ । जिल्ला दररेट न्युन भै सामाग्री उपलब्ध हुन नसक्ने अवस्था भएमा एक तह माथिको सहमति लिई कानून सम्मत तवरले अन्य विकल्प प्रयोग गर्न सकिने छ,

ग. निर्माण कार्य स्थलमा सो कार्यक्रमसंग सम्वन्धित विवरणहरु (आयोजनाको नाम, लागत रकम, उपभोक्ता समितिको नाम, ठेगाना, लाभान्वित घरघुरी, कार्यक्रमबाट हुने मुख्य मुख्य उपलब्धीहरु, कार्यालय प्रमुखको, साईट प्रमुखको नाम, फोन नम्वर आदि) सर्वसाधारणले देख्ने गरी सार्वजनिक गर्नु पर्नेछ,

घ. कार्यक्रमको भूक्तानी गर्नु भन्दा पहिले सो कार्यक्रममा भएको खर्चको सार्वजनिक लेखापरीक्षण गरिसकेको प्रतिवेदन प्राप्त भएपछि मात्र भूक्तानी गर्नु पर्नेछ,

ङ. मासिक खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ। सम्भव भए सम्म Website मार्फत समेत सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ,

च. लागत, लाभांश, सहभागिता लगायतका विषयमा सार्वजनिक सुनुवाई गर्ने,कार्यक्रमको भुक्तानी पछि उपभोक्ता समूह सदस्यहरु बीच समन्यायिक बाँडफाँड, मर्मत सम्हार, लगायतका विषयमा अनुगमन गर्नुपर्नेछ,

छ. विरुवा उत्पादन, समन्वयात्मक गोष्ठी, संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख अनुगमन तथा मुल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम प्रचलित आर्थिक ऐन नियमको परिधिभित्र रही जनशक्ति मार्फत अमानतमा संचालन गर्न सकिनेछ। यी बाहेक अन्य कृयाकलापहरु सकेसम्म

उपभोक्ता समिति मार्फत र विशेष अवस्थामा प्रचलित कानूनका अधिनमा रहि अमानत वा सेवा प्रदायक मार्फत संचालन गर्न सकिनेछ,

ज. कार्यक्रम कार्यान्वयन गर्दा संभव भए सम्म म्यानुयल रुपमा गर्नु पर्नेछ तर कार्यक्रम /स्थानको प्रकृति हेरी म्यानुयल रुपमा गर्दा निर्माण हुने संरचनाको गुणस्तरमा कमीआउने/ कार्य सम्पन्न हुन बढी समय र लागत लाग्ने देखिएमा यान्त्रिक उपकरण प्रयोग गर्न सकिनेछ।

झ. कार्यक्रमहरु सञ्चालन गर्दा सरोकारवालाहरुको सहभागीतामा क्रियाकलापहरु छनौट गरी सर्भे डिजाईन, लागत अनुगमन तयार गरी बोलपत्र दरभाउ अमानत वा उपभोक्ता समितिमार्फत कार्यन्वयन गर्न सकीने छ।

## ४.२ बार्षिक स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन विधी

### ४.२.१ एकिकृत जलाधार संरक्षण कार्यक्रम

एकिकृत जलाधार संरक्षण कार्यक्रम अन्तरगत तल उल्लेखित विषयगत क्षेत्रहरुमा संचालन गरिने छ।

#### ४.२.१.१ नदी तथा खोला किनारा व्यवस्थापन

नदी तथा खोला किनारा व्यवस्थापनका लागि नदी किनारमा संरचनाको निर्माण गर्दा नदी बहावको लागि प्राविधिक रुपले आवश्यक पर्ने नदीको बहाव क्षेत्र नघटाई संरचना निर्माण गरिनु पर्दछ। यो कार्य संचालन गर्दा कम खर्चिलो बायो इन्जिनियरिङ्ग प्रविधिलाई बढी प्राथमिकता दिनु पर्छ। साथै स्थानीय उपभोक्ताको सहभागिता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ। बायोइन्जिनियरिङ बाहेकका संरचना जस्तै तटबन्ध, स्पर र चेकड्याम निर्माण गर्नु पर्ने भएमा नदीकोलागी आवश्यक ठाउँ छोडेर नदी र खोलाको अर्को किनारामा कटान नबढ्ने गरी मात्र निर्माण गर्नु पर्नेछ र तटवन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लञ्चिङ एप्रोन, डाइक र स्परहरुको व्यवस्था गर्नु पर्नेछ । निर्मित संरचनाको दीगो संरक्षण गर्नको लागि नदीको दुवै किनारमा संभव भएसम्म हरित पेटिका निर्माण गर्नु पर्नेछ । यस अन्तरगत निम्नानुसारका कृयाकलापहरु सन्चालन गरिनेछ ।

क. नदी तथा खोलाको वहावलाई नियमन गरी किनारमा हुने अनियन्त्रित कटान र Overflow वाट वस्ती, खेतीयोग्य जमिन, नदी उकास जग्गा र महत्वपुर्ण संरचना संरक्षण गर्ने,

ख. नदी तथा खोला किनारा स्थिरीकरण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा छनोट गरिएका नदी प्रणालीमा नदी प्रणाली एकीकृत श्रोत व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गर्ने,

ग. नदी किनारा व्यवस्थापनका लागि नदी किनारामा संरचनाको निर्माण गर्दा नदी वहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने नदीको वहाव क्षेत्र नघटाइ गर्ने,

घ. निर्मित संरचनाको दिगोसंरक्षण गर्नकोलागि नदीको दुवै किनारामा स्पर, डाइक तटवन्धन, वायोइन्जिनियरिग, हरितपेटीका लगायतका संरक्षणका कृयाकलाप गर्ने।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ । कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व,कार्य चालु अवस्थाको र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा,

लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम साथै हरेक सेगमेण्ट अनुसार गरेको कामको विवरण र परिमाण आदि उल्लेख गर्नु पर्नेछ।

### ४.२.१.२ ग्रामीण सडकसँग भू-संरक्षण कार्यक्रम

ग्रामीण क्षेत्रहरुमा तिब्रतर रुपमा ग्रामिण सडकको पूर्वाधार निर्माणका कार्यहरुले ठूलो परिमाणमा भू-स्खलन भै जैविक विविधता, भू-उपयोग प्रणाली तथा विविध क्षेत्रमा नकारात्मक असर बढ्दै गईराखेको सन्दर्भमा उक्त कार्यबाट हुनसक्ने जोखिम न्यूनीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। ग्रामिण सडकको भू-स्खलन रोकथामका लागि अवलम्बन गरिने प्रविधिलाई प्रदर्शन स्थलको रुपमा विकास गरी प्रवर्धन गरिनेछ र विकसित प्रविधिलाई क्रमश: प्रदेश, स्थानीय तह सम्म हस्तान्तरण गरिनेछ।

यस कार्यक्रममा बायो ईन्जिनियरिङ्ग प्रविधिबाट सडकको दायाँबायाँ हरियाली प्रवर्धन तथा भिरालो पाखो संरक्षणका लागि जैविक र टेवा पर्खाल लगायतको संरचना निर्माण गरी सडक आसपासका वस्तीको सुरक्षाको लागि स-साना पहिरो उपचार, गल्छी, खोल्सी नियन्त्रण तथा सो सम्बन्धी कुलो नाला निर्माण, सुरक्षित भल पानीको निकास जस्ता कार्यहरु गरिनेछ। यस अन्तरगत निम्नानुसारका कृयाकलाप सन्चालन गर्न सकिनेछ ।

क. ग्रामिण सडकको दायाँ बायाँ हरित पेटीको निर्माण, गल्छी पहिरो रोकथाम, भलपानीको व्यबस्थापन गरिनेछ,

ख. गाउँ घरमा निर्माण गरिने सडक किनाराहरूको संरक्षण गर्न बायो इन्जिनियरिग प्रविधी (टेवापर्खाल, पेलिसेड, चेकड्याम, rip-rap, घाँस तथा बाँसरोपण, अम्रिसो रोपण लगायतका कृयाकलाप) संचालन गरिनेछ,

ग. भू तथा जलाधार व्यबस्थापन कार्यालय मार्फत कार्यक्रमको सर्भे, डिजाईन,लागत इष्टिमेट, संझौता गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन तथा अनुगमन गरिनेछ।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यचालु र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम र कामको विवरण र परिमाण आदि उल्लेख गर्नु पर्नेछ ।

### ४.२.१.३ विरूवा उत्पादन (डालेघाँस तथा बायोइन्जिनियरिङ प्रजाति)

भू-संरक्षणको दृष्टिकोणले महत्वपुर्ण डालेघाँस,भेटिभर तथा अन्य फलफुल तथा बायोइन्जिनियरिङ प्रजातिका बिरुवाहरु मात्र उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरणा जगाई भु-संरक्षण तथा भुउर्वरालाई कायमै राख्न यो क्रियाकलाप संचालन गरिनेछ । विरुवा वितरण गर्दा भु-क्षय भएका तथा हुनसक्ने स्थानमा रोपण गर्न जनसहभागिता परिचालन गरिनेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नुपर्नेछ ।

- विरूवा उत्पादन गरीएको स्थानको विभिन्न चरणको फोटो

- उत्पादन गरिएको विरूवाहरूको सँख्यात्मक प्रजातिगत विवरण विरूवा वितरण तथा खपतभएको स्थान तथा लाभान्वित व्यक्ति, समुदाय तथा क्षेत्रको विवरण वास्तविक लागत खर्च

### ४.२.१.४ आकस्मिक पहिरो व्यवस्थापन (प्याकेज)

आकस्मिक रुपमा पहिरो गई हुन सक्ने जोखिम न्यूनिकरण गर्न यो कार्यक्रम संचालन गरिने छ। आकस्मिक रुपमा आइपर्ने विपदले व्यक्तिको घरवार नै उठिवास हुने अवस्था भई पिडित व्यक्तिले उपभोक्ता समिति वनाई राहत प्राप्त गर्न कठिनाई हुने अवस्थामा पिडित व्यक्तिलाई कार्यालयवाट तत्काल राहत उपलव्ध गराउन पनि यो कार्यक्रम संचालन गरिने छ । यस अन्तरगत निम्न लिखित कृयाकलाप सञ्चालन गर्न सकिने छ।

क. आकस्मिक रूपमा पहिरो जाने क्षेत्रहरूको पहिचान गरी सूचीकरण (अभिलेखीकरण) गर्ने,

ख. त्यस क्षेत्रको अवस्था र हुन सक्ने संभावित क्षतिको वारेमा सम्वन्धित निकायहरुवाट सुचना संकलन गरी प्रोफाइल तयार गर्ने,

ग. आकस्मिक रुपमा पहिरो र नदी कटान भई गाउँ, वस्ती र राष्ट्रिय महत्वका संरचनामा जोखिम हुने अवस्था आएमा तत्काल राहत र रोकथामकोलागि चेकड्याम, स्पर, डाईक, टेवा पर्खाल आदि संरचनाहरु निर्माण गर्ने र निर्माण सामाग्री उपलब्ध गराउने,

घ. भू तथा जलाधार ब्यवस्थापन कार्यालयवाट लागत अनुमान तयार गरि सम्वन्धित उपभोक्ता समूह र उद्धारमा खटिएका सुरक्षाकर्मी मार्फत संरक्षण तथा व्यवस्थापन सम्वन्धि संरचना तयार गर्ने।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्य चालु अवस्था र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, पहिरो तथा नदि कटान क्षत्रको क्षेत्रफल, लाभान्वित घरधुरी रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण सहितको Activity profile तयार गर्नु पर्ने छ।

### ४.२.१.५ गल्छी पहिरो तथा खहरे नियन्त्रण (प्याकेज)

यो कार्यक्रम प्राथमिकता प्राप्त उपजलाधार र नदीप्रणालीमा सञ्चालन गरिनेछ । गल्छी, पहिरो तथा खहरे नियन्त्रणकोलागि माथिल्लो तटीय क्षेत्र वा चुरे पहाडको भिरालो क्षेत्रमा हुने सतही रिल र गल्छी जस्ता भू-क्षयको उपचार बायोइन्जिनियरिंग प्याकेजवाट गर्नुपर्नेछ ।

यस कार्यक्रममा तपसिलका उपचार विधी प्रयोग गर्न सकिनेछ:

क. भलको व्यवस्थापन तथा पानीको निकास,

ख. कम खर्चिलो भू संरक्षण प्रविधि,

ग. Dry stone, loose stone, brush wood-checkdam.

घ. Fascine, pallisade, wattling, layering, rip rap, hedge row.

ङ. Contour trenching, contour bunding, jute netting.

च. स-साना ग्याबियन चेकड्याम लगायतका इन्जिनियरिङ संरचना,

छ. वायो-ईन्जिनियरिङ संरचना जस्तै घाँसरोपण, वाँसरोपण, वृक्षारोपण, हाँगा रोपण आदि,

ज. यस कार्यक्रम स्थानीय तहसँग समन्वय गरी उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने,

झ. सर्भे डिजाईन तथा ल.ई. यसमा स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु-उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud flow, debris flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन्,

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यचालु र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, गल्छीको साइज (लम्वाइ चौडाई र गहिराई), क्रियाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ ।

४.२.१.६ सिमसार तथा पानी मुहान संरक्षण/पोखरी निर्माण कार्यक्रम (प्याकेज)

प्राकृतिक, मानवीय तथा जलवायुजन्य कारणले यस प्रदेशका विभिन्न स्थानहरुमा सिमसार तथा पानी श्रोतहरु सुक्दै गईरहेकोले त्यसको संरक्षण र व्यवस्थापन गर्न यो कार्यक्रम संचालन गरिनेछ। सुख्खा खडेरी न्यूनीकरणका साथै सिमसार तथा पानीको मूलहरुको संरक्षण गर्न यस अन्तरगत निम्न कृयाकलापहरु संचालन गरिने छन् ।

क. परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरिएका पोखरी उत्खनन गर्ने, गाउँघरको बाटोमा बग्ने भललाई पोखरी बनाई संकलन गर्ने आदि कृयाकलापहरु संचालन गरिनेछ।

ख. पोखरी निर्माण, मर्मत सुधारको लागि सम्भावित स्थान पहिचान गर्न स्थानीय तह र उपभोक्ता समूहसँग समन्वय गरि स्थान छनौट गर्ने,

ग. स्थान छनौट गर्दा सार्वजनिक ऐलानी, पर्तिक्षेत्र, परम्परागत साना पोखरी भएका क्षेत्रलाई प्राथमिकता दिने, त्यस्तो स्थान नभएमा सामुदायिक वन, राष्ट्रिय वन क्षेत्रमा रूखविरूवाहरू नभएको तथा समुदायले सिंचाई गर्ने प्रयोजनको लागि निजि जग्गामा समेत सिंचाई पोखरी निर्माण गर्न सकिनेछ,

घ. परम्परागत कुवा, ढुङ्गे धारा र पानीका श्रोतहरुको सरक्षण गर्ने,

ङ. पानी श्रोतको शुक्ष्म जलाधार क्षेत्रमा तारवार गरी वृक्षारोपण गर्ने,

च. मौजुदा ताल, पोखरी, सिमसार क्षेत्र संरक्षण र Runoff Harvesting dam को निर्माण गरिनेछ।

छ. पानी श्रोत, सिमसार र संरक्षण पोखरीको तल माथि पहिरो, गल्छी तथा नदि कटान प्रभावित क्षेत्र भएमा सो नियन्त्रण गर्न चेकड्याम, टेवा पर्खाल तथा तटबन्ध लगायतका बायोईन्जिनियरिङ्गको काम गर्न सकिनेछ।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यचालु, कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र रोपेको वा वितरण गरेको विरुवाको जात र संख्या वृक्षारोपणको क्षेत्रफल, खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

४.२.१.७ संवेदनशिल उपजलाधार क्षेत्रहरुमा कृषि वन प्रणाली प्रवर्धन (डालेघाँस तथा फलफुलका विरुवा वितरण तथा रोपण) (प्याकेज)

यस कार्यक्रम अन्तरगत कृषि वन प्रणालि प्रवर्धनको लागि उपभोक्ताको माग र भूगोल अनुसार निजी तथा सार्वजनिक स्थानमा महत्वपूर्ण गुणस्तरिय फलफुल तथा डालेघाँसका विरुवाहरु खरिद गरी वितरण तथा रोपण गरिने छ। यसरी बिरुवा खरिद गर्दा पहिलो प्रथामिकता स्थानिय नर्सरीहरु र गुणस्तरलाइ दिनुपर्ने छ ।

यस अन्तरगत निम्न कार्यक्रमहरु संचालन गरिने छः-

क. क्षतिग्रस्त भूमी पुनरुत्थान कार्यक्रम,

ख. सिमान्त, सार्वजनिक तथा नदी उकास जग्गा संरक्षण र सदुपयोग कार्यक्रम,

ग. डालेघाँस, भुईघाँस, फलफूल रोपण कार्यक्रम ।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र रोपेको वा वितरण गरेको विरुवाको जात र संख्या वृक्षारोपणको क्षेत्रफल, खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

४.२.१.८ संवेदनशिल शहरी जलाधार क्षेत्र संरक्षण कार्यक्रम (प्याकेज)

संवेदनशिल/शहरी जलाधार क्षेत्रको आवश्यकता र सो क्षेत्रसंग जोडिएको उपल्लो तहको पानी ढलोले घेरीएको जलाधार क्षेत्रको संवेदनशिलतालाई सम्वोधन गर्ने गरी मूलभूत रुपमा एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्वारा भू-स्खलन न्यूनीकरण गर्दै कृतिम रुपमा पानी को मात्रालाई बढाउने उद्देश्य रहेको छ। यस अन्तरगत निम्न कार्यक्रमहरु संचालन गर्न सकिनेछ।

क. स्थानीय जनप्रतिनिधि तथा सरोकारवालहरुसंग अन्तरकृया,

ख. उपल्लो तटीय र तल्लो तटीय अन्तर सम्बन्धको अवधारणा अनुसारयो कार्यक्रम संचालन गर्ने,

ग. शहरी क्षेत्रलाई प्रभावित पार्नसक्ने जलाधार (Up-stream) हरुको पहिचान गरी संवेदनशिलता र प्राथमिकरण गर्ने,

घ. यस्ता जलाधार क्षेत्रबाट शहरले प्राप्त गर्ने वातावरणीय सेवाको निरन्तरताको लागि आवश्यक पर्ने भू-संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम संचालन गर्ने,

ङ. स्थानीय तहसँग समन्वय गरी भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट संवेदनशिल तथा शहरी जलाधार क्षेत्रको पहिचान गर्ने,

च. संरक्षण समूह पहिचान र सशक्तीकरण,

छ. थिग्रीकरण रोकथाम संरचना निर्माण,

ज. जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास,

झ. पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन र श्रोत संरक्षण,

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय

ञ. वृक्षारोपण तथा पुन रोपण,
ट. संरक्षण पोखरी/runoff harvesting dam निर्माण तथा व्यवस्थापन,
ठ. पानी ढल बर्षाझरी तथा वहाव संकलन पोखरी निर्माण गर्ने,
ड. गेग्रान संकलन, पहिरो,गल्छी,खहरे नियन्त्रणको लागि चेक ड्याम तथा टेवा पर्खाल निर्माण,
ढ. क्षतीग्रस्त भूमी पुनरुत्थान तथाखेतीवारी संरक्षण,
ण. भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम,
त. वातावरणीय सेवा, जलाधारीय सेवा भुक्तानी प्रणालीको विकास,
थ. सिंचाई कुलो निर्माण, मर्मत तथा विस्तार,
द. खोला/ नदि/ खहरे नियन्त्रण वा व्यवस्थापन।

नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम साथै हरेक क्षेत्र वा ठाउँ (GPS Location) अनुसार गरेको कामको विवरण र परिमाण आदि उल्लेख गर्नु पर्नेछ।

### ४.२.१.९ ब्रस लेयरिङ, फेसिन निर्माण (Fascine Construction), पालिसेड (Palisade) मार्फत भू-संरक्षण कार्यक्रम

यस कार्यक्रमको उद्देश्य ब्रस लेयरिङ, फेसिन निर्माण (Fascine Construction), जिवित पालिसेड (Live Palisade) को निर्माण गरी भू-संरक्षणको कार्य गर्नु रहेकोछ । यसमा विनियोजित रकम स्वीकृत डिजाईन तथा लागत अनुमानको परिधिमा रही ब्रस लेयरिङ, फेसिन निर्माण, जिवित पालिसेडको लागी चाहिने सामाग्री र निर्माण लगायतका कार्यमा खर्च गर्नु पर्नेछ ।आवश्यक परेमा यसमा काम गरिरहेका अनुभवी बिज्ञहरुबाट समेत काम गराउन सकिनेछ ।

### ४.२.१.१० भूक्षय नियन्त्रणको लागि बाँसको क्रिबवाल (Bamboo Cribwall) निर्माण

यस कार्यक्रमको उद्देश्य भूक्षय नियन्त्रणको लागि बाँसको क्रिबवाल (Bamboo Cribwall) निर्माण गर्नु रहेकोछ । यसमा विनियोजित रकम स्वीकृत डिजाईन तथा लागत अनुमानको परिधिमा रही भूक्षय नियन्त्रणको लागि बाँसको क्रिबवाल निर्माण लगायतको कार्यमा खर्च गर्नु पर्नेछ।आवश्यक परेमा यसमा काम गरिरहेका अनुभवी बिज्ञहरुबाट समेत काम गराउन सकिनेछ ।

### ४.३ भू तथा जलाधार संरक्षणका स्थान विषेश कार्यक्रमहरू

यस कार्यक्रमको मूल उद्देश्य प्रदेश भित्र विभिन्न स्थानमा रहेको भू-संरक्षणको दृष्टिकोणले संवेदनशील क्षेत्रहरूमा भू-संरक्षणका कार्यहरू, सिमसार तथा पोखरी संरक्षण/निर्माण गरी जलाधार व्यवस्थापन गर्नु रहेकोछ । उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्दा सम्वन्धित सरोकारवालाहरुको सहभागितामा

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
मकामः बुटवल नेपाल

क्रियाकलापहरु छनौट गरेर सर्भे, डिजाइन, लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र दरभाउ पत्र वा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नु पर्नेछ ।स्थान विशेष भूसंरक्षण कार्यक्रमको कार्यन्वयन गर्दा सकेसम्म पहिलो प्रथामिकता कम खर्चिलो भूसंरक्षण प्रविधिको अवलम्वन गर्नुपर्नेछ ।सो गर्न नसकिने उचित कारण र आधार भएमा मात्र अन्य प्राविधिकमा जान सकिनेछ । नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम साथै हरेक क्षेत्र वा ठाउँ (GPS Location) अनुसार गरेको कामको विवरण र परिमाण आदि उल्लेख गर्नु पर्नेछ।

## ४.४ प्रचार प्रचार, Activity Profile र योजना तर्जुमा गोष्ठी भू)-संरक्षण(बृक्षारोपण/

यस कार्यक्रमबाट भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्वन्धी जलाधार उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमा र जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले प्रचार प्रसार, अन्तरक्रिया गोष्ठि तालिम, होर्डिङ् बोर्ड, पर्चा पम्पलेट आदि संचालन गरिनेछ। यस अन्तर्गत निम्न लिखित क्रियाकलाप सञ्चालन गरिनेछ।

क. पर्चापम्पलेट, रेडियो, टेलिभिजन होर्डिङबोर्ड तथा अन्य प्रचार प्रसार सामाग्री तयार गरी वितरण,

ख. वार्षिक प्रतिवेदन, **Activity Profile,** दिवस समारोह, तालिम गोष्ठी, अनुगमन तथा अध्ययन भ्रमण आदि, जलाधार /उपजलाधार प्राथमिकीकरण तथा योजना तर्जुमा

परिच्छेद-५

# वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम

(३२९०००१५)

## ५.१ वन क्षेत्र भित्रका खोला(घनफिट लाखमा) खोल्सी व्यबस्थापन तथा नदीजन्य पदार्थ संकलन/

वनक्षेत्रको जग्गा व्यवस्थापनको अभिन्न अंगको रुपमा वनक्षेत्रका खोलाखोल्सी व्यवस्थापन तथा नदीजन्य पदार्थ संकलन गर्ने कार्यक्रम गरिनेछ । यो कार्यक्रमको मुख्य उद्देश्य वनक्षेत्र भित्र रहेका खहरे तथा खोलामा ढुङगा,बालुवा, गेग्रान थुप्रि खोलाले दिशा परिवर्तन गरि वनक्षेत्रको बिनास तथा बाढीको जोखिमबाट जोगाउने,नदि किनार कटान रोक्ने आदी कृयाकलाप सन्चालन गरि बाँकि रहेका नदिजन्य पदार्थको संकलनबाट प्रदेशको आम्दानी बढाउने रहेको छ

यो कार्यक्रम वनक्षेत्र भित्र रहेका खहरे तथा खोलाहरु पहिचान गरी स्वीकृत कार्ययोजना तथा वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम सन्चालन गरिनेछ।संकलन हुन सक्ने नदीजन्य पदार्थ ठेक्काको प्रकृयाबाट संकलन गरी तोकिएको स्थानमा घाटगद्दी गर्नु पर्नेछ।यसरी संकलन भएको नदिजन्य पदार्थ नियमअनुसार लिलाम बढाबढ गरि बिक्रि गर्नु पर्नेछ।नदीजन्य पदार्थ संकलनका लागि प्रचलित नम्स् अनुसार लागत अनुमान तयार गरी घटाघट प्रकृयामा सिलबन्दी ठेक्का बन्दोबस्त गर्नुपर्ने छ ।

यस शीर्षकमा विनियोजित बजेट योजना तयार, वातावरणीय अध्ययन, नदीजन्य पदार्थ संकलन, ढुवानी, घाटगद्दी तयारी,घाटगद्धि स्थान संरक्षण,प्रभाव न्यूनिकरणका कृयाकलाप सन्चालन र अनुगमन कार्यमा खर्च गर्न सकिनेछ।यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ:

- व्यवस्थापन भएको खोला खहरेको लम्बाई, औषत चौडाई र औषत उचाई
- खोलाखहरेको व्यवस्थापन गर्दा गरीएका कृयाकलापहरु झल्किने फोटो,नक्सा
- संकलन भएको परिमाण घन मिटरमा
- बिक्री भएको परिमाण घन मिटरमा
- खर्च रकम

## परिच्छेद-६

## वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम (३२९०००१६)

### ६.१ स्वच्छ वातावरण एवम् कार्यालय परिसर सौन्दर्यीकरण

यसको मुख्य उद्देश्य आफ्नै भवन रहेको यस मन्त्रालय र अन्तर्गतका कार्यालय परिसरको वातावरण स्वच्छ, सफा, हराभरा एवं सौन्दर्यीकरण गर्ने रहेको छ। यस अन्तर्गत विनियोजित रकम सौन्दर्यमुलक विरूवा रोपण, लघु बगैचा निर्माण, हरियाली प्रवर्धन,सन्देशमसलक भित्तेलेखन आदीमा खर्च गर्न सकिनेछ ।

### ६.२ सार्वजनिक स्थल गाँउ/नगर सरसफाई कार्यक्रम

यस कार्यक्रमको उद्देश्य प्रदेशको बढी भिडभाड हुने बसपार्क, मेला प्रदर्शनी स्थल, विद्यालय क्षेत्र, धार्मिक स्थल, मुख्य प्रशासनिक क्षेत्र लगायतका सार्वजनिक स्थलहरूमा सरसफाइ र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरी स्वच्छ वातावरण कायम गर्नु रहेको छ। यस अन्तर्गत विनियोजित रकम बृहत्तर सरसफाई, सौन्दर्यमुलक विरूवा रोपण, हरियाली प्रवर्धन,फोहर व्यवस्थान केन्द्र स्थापना, डस्टविन व्यवस्थापन, ढल तथा फोहरपानी प्रशोधन प्लान्ट स्थापना लगाएतका कार्यमा खर्च गर्न सकिनेछ । ढल तथा फोहरपानी प्रशोधन प्लान्ट स्थापनमा कार्य गर्दा स्थानिय पालीका वा अस्पताल जस्ता सघ सस्थाँ आदिको लागत साझेदारी हुन जरुरी छ । यस खालको प्लान्ट स्थापन कार्य गर्दा डढेलोको सिजनमा सहजै पानी प्राप्ती गर्न सकिने गरी कम्तीमा एक लाख घन मिटर क्षमताको पानी सकलन केन्द्र बनाउन सकिने तर यस्तो स्थान वन क्षेत्र पर्ने भएमा रुख विरुवा नभएको, खेर गएको अनुत्पादित क्षेत्र र मोटरबाटोको पहुच भएको क्षेत्रहुनुपर्नेछ । यसमा विनियोजित बजेट माथी उल्लेखित कृयाकलाप वा आवश्यकता अनुसार प्रचार प्रसार, अन्तर्क्रिया/गोष्ठी, होर्डिंग वोर्ड, प्रभातफेरी आदीमा खर्च गर्न सकिनेछ ।

### ६.३ वातावरण संरक्षणका लागि विद्यालय क्षमता अभिवृद्धी कार्यक्रम

यस कार्यक्रमको उद्देश्य वातावरण संरक्षण, जलवायू परिवर्तन, समुदाय र पारिस्थितकीय प्रणालीमा आधारित अनुकुलन, विश्व तापमान बृद्धिमा न्यूनिकरण एवं हरित गृह ग्याँस कटौती लगायतका जल जमिन र वायूमा हुने प्रदुषण नियन्त्रणका लागि विद्यालयमा अध्ययनरत विद्यार्थी शिक्षक र कर्मचारीहरुको क्षमता अभिवृद्धि र ईको क्लव गठन एवं सन्चालन गर्ने तथा त्यस्तो काम गरिरहेका विधालयहरुलाइ सहयोग गर्ने कार्यमा खर्च गर्ने रहेको छ ।

### ६.४ फोहोरलाई श्रोतमा नै वर्गिकरण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य फोहोरको श्रोतको रूपमा रहेको घर, औधोगिक क्षेत्र, व्यवसायिक क्षेत्र, आदीबाट उत्पादन हुने फोहोरलाई श्रोतमा नै पुनः प्रयोग हुने, सडिगली जाने, पुन प्रयोग हुन नसक्ने गरी वर्गीकरण

गरी व्यवस्थापन गर्ने रहेको छ ।यस कार्यक्रममा विनियोजित रकमबाट फोहोरलाई श्रोतमा नै वर्गिकरण तथा व्यवस्थापनका लागि स्थानीय पालिका, फोहोर संकलनकर्ता, फोहोर व्यवस्थापन तथा पुनः प्रयोगमा कार्यरत उद्योगहरूसँग सहकार्य तथा सहयोग गर्न सकिनेछ ।

## ६.५ वातावरणीय परीक्षण प्रतिवेदन अध्ययन/पुनरावलोकन

यस कार्यक्रमको मुख्य उद्देश्य मन्त्रालयमा पेश भएको वातावरणीय परीक्षण प्रतिवेदनहरूको अध्ययन, पुनरावलोकन तथा पृष्ठपोषण गरी वातावरणीय प्रतिवेदनहरूको गुणस्तर बृद्धि गर्नु छ । यस कार्यक्रममा विनियोजित रकम वातावरणीय प्रतिवेदन पुनरावलोकनका लागि विज्ञको पारिश्रमिक/भत्ता, समिति बैठक सञ्चालन वापतको खर्च, आवश्यकता अनुसारको यातायात, इन्धन आदीमा खर्च गरिनेछ ।

## ६.६ जलबायु परिवर्तन र अनुकुलन सम्बन्धी अभिमुखीकरण

यस कार्यक्रमको उद्देश्य जलवायू परिवर्तनका कारण निम्तिरहेका एवम् भविष्यमा निम्तिन सक्ने संकटको न्यूनिकरण तथा विभिन्न किसिमका अनुकुलनका लागि अभिमुखीकरण अभिवृद्दी गर्नु रहेको छ । यसमा विनियोजित रकम गोष्ठी तथा अन्तरक्रिया संचालन, समन्वय, खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, सवारीसाधन मर्मत, ईन्धन आदीमा खर्च गरिनेछ ।

## ६.७ स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनहरूको स्थलगत परीक्षण

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेश भित्र कार्यान्वयनमा रहेका आयोजनाहरूको स्वीकृत वातावरणीय प्रतिवेदनको कार्यान्वयनको अवस्था सम्वन्धी स्थलगत रूपमा अध्ययन एवम अनुगमन गरी स्वीकृत अध्ययन प्रतिवेदन संकलित तथ्यांकहरूको विश्लेषण गरी कार्यान्वयन अवस्थाको यथार्थ चित्रण गर्नुरहेको छ । यसमा विनियोजित रकम अनुगमनको क्रममा सुचना संकलन तथा अनुगमनमा खटिने प्राविधिक/कर्मचारीको दैनिक भ्रमण भत्ता, विज्ञको पारिश्रमिक, तथ्यांक विश्लेषण, यातायात, प्रतिवेदन लगायतमा खर्च गर्न सकिनेछ । प्राप्त तथ्यांकहरूको विश्लेषणवाट योजना कार्यान्वयन गर्ने फर्म/सँस्था/उद्योग एवम् निकायहरूको वर्गीकरण गरी आवश्यक सुझाव र प्रचलित कानुन वमोजिम कारवाहीको लागि सिफारिस गर्नु समेत कार्यहरू पर्दछन् ।

## ६.८ वातावरणीय निर्देशिकामार्गदर्शन निर्माण तथा प्रकाशन/

यस कार्यक्रमको मुख्य उद्देश्य मन्त्रालयमा वन, वातावरण संरक्षण एवम् जलवायू परिवर्तन सम्वन्धी आवश्यक नीति, नियम, निर्देशिका, मार्गदर्शन, कार्यविधी, जानकारीमुलक हाते पुस्तकहरू निर्माण तथा प्रकाशन गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछः

- प्रदेश स्तरमा आवश्यक पर्ने वन, वातावरण संरक्षण एवम् जलवायू परिवर्तन सम्वन्धी सम्बन्धी आवश्यकतानुसार नीति, ऐन, नियम, रणनीतिक योजनाहरू कार्यविधि, निर्देशिका, मापदण्ड लगायत निर्माण गर्न सकिनेछ ।
- स्वीकृत वार्षिक कार्यक्रम र वजेटको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार विभिन्न कार्यविधि, निर्देशिका, मापदण्डहरू तयार गरिनेछ ।
- कानून मसौदा, कार्यविधि, निर्देशिका, मापदण्डहरू निर्माणका क्रममा आवश्यक्ता अनुसार सरोकारवालाहरुसङ्ग राय सङ्कलन, समिति/कार्यदल बैठक, योजना तर्जुमा बैठक, परामर्श सेवा, गोष्ठी, लेखन, सम्पादन तथा छपाइ सम्बन्धी कार्यको साथै आवश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा होटलमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा सामग्री, खाना, खाजा, अन्य भाडा, ईन्धन, भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

यस कार्यक्रममा विनियोजन वजेट उल्लेखित कार्यहरू सम्पादनका लागि अन्तर्क्रिया, छलफल, विज्ञको पारिश्रमिक, बैठक, लेखन तथा सम्पादन, प्रकाशन लगायतको कार्यमा खर्च गर्न सकिनेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

## परिच्छेद- ७

## वन उद्यम र पर्यापर्यटन प्रवर्धन कार्यक्रम (३२९०००१७)

### ७.१ वन उद्यम प्रवर्धन कार्यक्रम

७.१.१ जडिवुटी तथा काष्ठजन्य उद्यम विकासमा सहयोग (निजी, सहकारी, सामुदायिक, साझेदारी)

यस कार्यक्रमको मुल उद्देश्य जडिबुटी तथा काष्ठजन्य वन पैदावरमा आधारित निजी, सहकारी, सामुदायिक र साझेदारी उद्यमको विकास र प्रवर्धनमा सहयोग गरि प्रशोधन तथा विक्री वितरण सवल र सुदृढ बनाउँदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने रहेको छ । यस कार्यक्रम अन्तर्गत मूल्य अभिवृद्धि गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विधि लगायतका प्रवर्धनात्मक कार्यहरुमा सहयोग पुग्ने प्रविधि र क्षमता विकास कार्यहरु, स्थानिय स्तरमा कच्चा पदार्थ उपलब्ध भै सञ्चालन हुन सक्ने वा भैरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरुको सहयोग गर्न सकिने छ ।

वातावरणवाट दिगो रुपमा प्राप्त हुने काठ, बाँस, जडिवुटीजन्य उद्यमका लागि मन्त्रालयले प्रस्ताव आह्वान गर्न कम्तिमा १५ दिनको म्याद राखी सार्वजनिक सुचना प्रकाशन गर्नुपर्नेछ। प्रस्तावना पेश गर्दा उद्यमका लागि प्रशस्त कच्चा पदार्थ भएको वा हुन सक्ने र प्रस्तावित उद्यमवाट उत्पादित वस्तुको माग तथा वजार भएको हुनु पर्नेछ । कच्चा पदार्थको नियमित प्राप्ति, सृजना हुने रोजगारी, वातावरणमा पार्ने सकारात्मक प्रभाव, स्रोतको सदुपयोग लगायतका सुचकका आधारमा प्राप्त प्रस्ताव मूल्यांकन गरी, सवैभन्दा उत्तम प्रस्ताव छनौट गर्ने र संझौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।गत बर्ष अनुदान लिइसकेका तथा उत्कृष्ट कार्यसम्पादन गरिरहेका उद्यमहरुले समेत गत बर्ष भन्दा अन्य कामको प्रस्ताव पेश गर्न पाउनेछन ।

निजी उद्यमको हकमा कुल लागतको ५० प्रतिशत अनुदान दिने र सहकारी, सामुदायिक वा अन्य साझेदारीको हकमा वढीमा ७५ प्रतिशतसम्म अनुदान यस शिर्षकको रकमवाट खर्च गर्न सकिने छ । पहिलो किस्ता एक तिहाई र बाँकी अंश वढीमा २ किस्तामा भूक्तानी गर्न सकिने छ । कुल विनियोजित वजेटको ४ प्रतिशत नवढ्ने गरी सहजिकरण, सूचना प्रकाशन, अनुगमन इन्धन र पुजीगत कार्यमा खर्च गर्न सकिने छ । यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- उद्यमको नाम, संचालक र ठेगाना
- उद्यम रहेको स्थान (अवस्थिती सहित)
- उद्यमको प्रकार निजि), सहकारी, साझेदारी, समुदाय(
- उद्यमवाट उत्पादन हुने वस्तु तथा सेवा
- कुल लागत र अनुदान तथा उद्यमीको अंश
- रोजगारी अनुमानित श्रमदिन प्रतिवर्ष

• उद्यम स्थलमा राखिएको माथिका विवरण देखिने होर्डिङ वोर्डको फोटो

उद्यम संचालक, उद्यम र उत्पादिन वस्तु सवै एकमुष्ट प्रष्ट देखिने फोटो, मेसिन औजार अनुदानमा खरिद गरेको भए उक्त मेसिनमा पनि सम्वन्धित कार्यालयवाट प्रदान गरेको अनुदान प्रतिशत समेत खुलाइ सबैले देखिने स्थानमा उल्लेख गरिएको हुनुपर्ने र सो को फोटो समेत कार्यसम्पन्न प्रतिवेदन साथ पेश गर्नु पर्ने छ।

### ७.१.२ एक सामुदायिक वनः एक उद्यम विकास कार्यक्रम

यस कार्यक्रमको मुल उद्देश्य जडिबुटी तथा काष्ठजन्य वन पैदावरमा आधारित सामुदायिक वन सँगको साझेदारीमा उद्यमको विकास र प्रवर्धनमा सहयोग गरि प्रशोधन तथा विक्री वितरण सवल र सुदृढ बनाउँदै उपभोक्ताहरुको आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने रहेको छ । यस कार्यक्रम अन्तर्गत मूल्य अभिवृद्धि गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विधि लगायतका प्रवर्धनात्मक कार्यहरुमा सहयोग पुग्ने प्रविधि र क्षमता विकास कार्यहरु, स्थानिय स्तरमा कच्चा पदार्थ उपलब्ध भै सञ्चालन हुन सक्ने वा भैरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरु खरिद गर्न समुहबाट पेश हुने प्रस्तावको लागत अनुमानको बढिमा ७५ प्रतिशत सम्म सहयोग गर्न सकिने छ ।

यसकका लागि प्रस्ताव आह्वान गर्न कम्तिमा १५ दिनको म्याद राखी सार्वजनिक सुचना प्रकाशन गर्नुपर्नेछ । प्रस्तावना पेश गर्दा उद्यमका लागि प्रशस्त कच्चा पदार्थ भएको वा हुन सक्ने र प्रस्तावित उद्यमवाट उत्पादित वस्तुको माग तथा वजार भएको हुनु पर्नेछ । कच्चा पदार्थको नियमित प्राप्ति, सृजना हुने रोजगारी, वातावरणमा पार्ने सकारात्मक प्रभाव, स्रोतको सदुपयोग लगायतका सुचकका आधारमा प्राप्त प्रस्ताव मूल्यांकन गरी सवैभन्दा उत्तम प्रस्ताव छनौट गर्ने र संझौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- उद्यमको नाम, संचालक र ठेगाना
- उद्यम रहेको स्थान (अवस्थिती सहित)
- उद्यमवाट उत्पादन हुने वस्तु तथा सेवा
- कुल लागत र अनुदान तथा उद्यमीको अंश
- रोजगारी अनुमानित श्रमदिन प्रतिवर्ष
- उद्यम स्थलमा राखिएको माथिका विवरण देखिने होर्डिङ वोर्डको फोटो

मेसिन औजार अनुदानमा खरिद गरेको भए उक्त मेसिनमा पनि सम्वन्धित कार्यालयबाट प्रदान गरेको अनुदान प्रतिशत समेत खुलाइ सबैले देखिने स्थानमा उल्लेख गरिएको हुनुपर्ने र सो को फोटो समेत कार्यसम्पन्न प्रतिवेदन साथ पेश गर्नु पर्ने छ।

## ७.१.३ काष्ठजन्य वन पैदावार (नरम प्रजाति विशेष) को गुणस्तर प्रवर्द्धन प्रविधि भित्राउने उद्यम विकास सहयोग

नेपालमा हाल अत्याधिक मात्रामा विदेशवाट महँगो डलर खर्च गरी नरम प्रजातिका काठहरुलाई विशेष प्रकारले प्रशोधन गरि तयार गरिएका फर्निचर लगायतका काष्ठजन्य सामाग्रीहरुको आयातलाई निरुत्साहित गरी राष्ट्रिय उद्यमीलाई प्रोत्साहन गरी स्वदेशमा भएका खेर गईरहेको नरम प्रजातिका काष्ठजन्य वन पैदावारको प्रशोधन गरी गुणस्तर प्रवर्धन गर्ने प्रविधि भित्र्याउने रहेको छ। यो कार्यक्रम सार्बजानिक सुचना मार्फत प्रस्ताव आह्वान गर्ने र पर्न आएका प्रस्तावहरुको मुल्यांकन गरि छनोट भएका उद्योग सन्चालकसँग सम्झौता गरि गरिनेछ ।

यो बजेट नरम प्रजातिका काष्ठजन्य वन पैदावारको प्रशोधनका लागि आवश्यक मेसिन, उपकरण खरिद तथा स्थापना कार्यमा खर्च गर्न सकिनेछ ।

## ७.२ पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम

यस कार्यक्रमको मुख्य उदेश्य धार्मिक, साँस्कृतिक, ऐतिहासिक,वातावरणीय तथा जैविक विविधताका हिसावले विशेष महत्व वोकेका घना वन जङ्गल भएका विशेष क्षेत्रहरूलाई स्थानीय जनसमुदायहरुको सहभागितामा संरक्षणको प्रभावकारिता ल्याउनु हो । हाल प्रदेशमा रहेका घोषणा भएका र प्रकृयामा रहेका संरक्षित वनहरूमा पर्यापर्यटनको विकास र प्रवर्द्धन गरी स्थानीय रोजगारी, आय आर्जन तथा जीविकोपार्जनमा सघाउ पुर्याहिउन यो कार्यक्रमको लक्ष्य रहको छ । कार्यक्रम सञ्चालन गर्नका लागि संरक्षित वन परिषद् गठन भएको र सक्रिय रहेको स्थानमा सोही परिषदवाट र अन्यथा डिभिजन वन कार्यालयको अगुवाईमा प्रमुख सरोकारवालाहरु (सम्वन्धित क्षेत्रका सामुदायिक वन, कवुलियती वन, निजी वन, धार्मिक वन, सम्वन्धित स्थानिय तहका जनप्रतिनिधी, कृषि ज्ञान केन्द्र, पशु विकास सम्वन्धित जिल्लाका कार्यालय प्रतिनिधी, खानेपानी उपभोक्ता समितिको प्रतिनिधी, पर्यटन व्यवसायी, चरा अवलोकनकर्ता, वातावरण संरक्षणसंग सम्वन्धित गैर सरकारी संस्था लगायत) को वैठकवाट विनियोजित वजेटको अधिनमा रहि क्रियाकलापमहरूको प्राथमिकिकरण तथा निर्णय गरी निम्नानुसार क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ ।

- परिषद् र सरोकारवालाहरूलाई नियमित वैठक, तालिम, अध्ययन अवलोकन भ्रमण
- दुर्लभ तथा लोपोन्मूख एवं आर्थिक महत्व भएका प्रजातिहरूको हटस्पटहरूको पहिचान गरी स्व:स्थानिय तथा परस्थानिय संरक्षण
- खानेपानी मुल संरक्षण, वन्यजन्तुका लागि पानी पोखरी, परम्परागत पोखरी संरक्षण, वर पिपल लाकुरीका चौतारी संरक्षण तथा रोपण

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय

- वन संरक्षण क्षेत्र भित्रका धार्मिक एवं साँस्कृतिक सम्पदाको संरक्षण, अभिलेखिकरण तथा सुचना केन्द्र विकास
- कोरिडोर र कनेक्टिभिटी पुनर्स्थापन गर्नका लागि वन्यजन्तु मैत्री तरिकाले स्थानिय वनस्पति प्रजाति रोपण तथा संरक्षण
- संरक्षित वनमा निर्भर भएका समुदायको आयमूलक कार्यक्रम, सुधारिएको चुल्हो र सोलार लगायतको वैकल्पिक उर्जामा सहयोग,
- मानव वन्यजन्तु द्वन्द्व न्युनिकरण र व्यवस्थापनका कृयाकलापहरू सञ्चालन
- पर्यटन पदमार्ग सुधार तथा निर्माण, प्रतिक्षालय, पर्यटकको चाप हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण तथा मर्मत सुधारवलोकन विन्दुहरूको न्यूनतम लागत र न्यूनतम भौतिक संरचनामा दृश्या , विकास
- सम्वन्धित वन संरक्षण क्षेत्रको कार्ययोजना, सो भित्रका सामुदायिक वन, कवुलियती वन, धार्मिक वनहरुको नविकरण
- वन सम्वर्द्धनका कृयाकलापहरू
- जनचेतनामुलक क्रियाकलाप, प्रचार प्रसार तथा विभिन्न दिवस समारोह लिफलेट, पुस्तिका प्रकाशन र वितरण
- सरसफाई अभियान, प्लाष्टिक रहित क्षेत्र वनाउने क्रियाकलाप र यसका लागि सामुदायिक वन, होमस्टे, आमा समूह, युवा क्लव आदिको परिचालन
- संरक्षण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन
- वन्यजन्तु एवं लोपोन्मुख वनस्पति तथा जडिवुटी चोरी/शिकारी नियन्त्रणका लागि स्थानीय गस्ती परिचालन, सुराकी परिचालन, वन हेरालु परिचालन, संरक्षण गस्ती परिचालनको लागि सवारी साधन मर्मत, इन्धन लगायतमा खर्च गर्न सकिने
- अनियन्त्रित आगलागी नियन्त्रणका लागि सामाग्री खरिद, उपयोग सम्बन्धी तालिम, समूह परिचालन, गस्ती तथा आगलागि नियन्त्रमा खट्नेका लागि रुसम्म प्रति दिन प्रति व्यक्ति खाजा तथा २००. पानीको रुपमा खर्च गर्न सकिने
- वनमा आगलागी निभाउन जाँदा वा गस्ती गर्दा दुर्घटना भएमा बढीमा ५० हजार सम्म प्रहरी मुचुल्का, स्थानिय निकाय, सम्बन्धित संरक्षित वन र चिकित्सकको सिफारिसका आधारमा उपचारको लागि खर्च गर्न सकिने

- स्वीकृत कार्ययोजना भएको हकमा उक्त कार्ययोजनाले निर्दिष्ट गरेका प्राथमिकता प्राप्त क्रियाकलापहरु तथा सम्बन्धित वन संरक्षण परिषद वा सरोकारवालाहरुको बैठकले निर्धारण गरेका र संरक्षित वनको उदेश्यमा सघाउ पुऱ्याउने प्रष्ट आधार भएका अन्य क्रियाकलापहरु
- डिभिजन वा पाएक पर्ने सव डिभिजन वन कार्यालयमा संरक्षित वनको कार्यालय सञ्चालन गरी आवश्यकता अनुसार कार्यालय सामाग्रीहरु सवारी साधन ,मर्मतसवारी साधन इन्धन ,
- सार्वजनिक सुनुवाई तथा सरोकारवालाहरूको कार्यक्रम अनुगमन भ्रमण

उल्लेखित कार्यक्रमहरूको तयारी र कार्यान्वयन सहजिकरणका लागि संरक्षित वनमा कम्तिमा वन विज्ञानमा प्रमाणपत्र तह उत्तिर्ण १ जना रेञ्जर र कम्तिमा ८ कक्षा पास गरेको १ जना स्थानिय सहजकर्ता राख्न सकिनेछ । यसरी नियुक्त गरेका रेन्जरलाइ बढिमा ३० हजार र सहजकर्तालाइ १२ हजार खर्च गर्न सकिनेछ ।

यस पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छन् ।

**७.2.1 खाता क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, बर्दिया**

**७.2.2 मदाने क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी**

**७.2.3 रेसुंगा क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी**

७.2.4 थाप्ले सत्यवती सालिमेदह क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी

७.2.5 गौमुखी क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, प्यूठान

**७.२.६ जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम, रोल्पा**

## ७.३ पर्यापर्यटन विकास तथा प्रबर्धन कार्यक्रम

वन क्षेत्र भित्र रहेका पर्यापर्यटन विकास कार्यका लागि सरोकारवालाहरुको समन्वय र सहकार्यमा प्रकृतिमैत्री पर्यटन विकास र प्रवर्धन गरी स्थानीय रोजगारी, आय आर्जन तथा जीविकोपार्जनमा सघाउ पुऱ्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो । यसका लागि सम्वन्धित स्थानिय जनसमुदायहरूलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यसरी स्थानिय लाभग्राही उपभोक्ताबाट कार्यक्रम कार्यान्वयन हुदाँ लाभग्राही उपभोक्ताबाट कम्तिमा १० प्रतिशत लागत सहभागिता हुनुपर्नेछ ।उक्त कार्यक्रम कार्यान्वनका लागि सम्वन्धित कार्यालयमा इन्जिनियरिङ सेवाको प्राविधिक उपलब्ध नभएको अवस्थामा सम्वन्धित स्थानिय तह वा भू-तथा जलाधार व्यवस्थापन कार्यालयको प्राविधिक वा परामर्श सेवामा रकम उपलब्ध भएमा वा नियमानुसारको कन्टेन्जेन्सी रकमबाट प्राविधिक जनशक्ति व्यवस्था गरी निजको सहयोगमा न्यून कंक्रिट वा कंक्रिट रहित संरचना र अन्य कृयाकलापको डिजाइन तथा इस्टिमेट तयार गरी कार्यालय आफै वा

उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । सरकारलाई थप दायित्व सृजना हुने हिसाबले अपुरो वा अधुरो संरचना निर्माण गर्न पाइने छैन ।

यस पर्यापर्यटन विकास तथा प्रवर्धन कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छन्।

७.३.१ ऐतिहासिक गुरिल्ला ट्रेल निर्माण, रोल्पा

७.३.२ विगतमा सुरु गरेको यार्सा पदमार्ग निर्माण

७.३.३ वन क्षेत्रमा पर्यापर्यटन प्रवर्धन कार्यक्रम

७.३.४ सिद्धबाबा सामुदायिक वनमा पर्यापर्यटन विकास बगनासकाली ८ पाल्पा

७.३.५ ऐतिहासिक नाच्ने डाँडामा पर्यापर्यटन पुर्वाधार विकास, बगनासकाली-७, पाल्पा

७.३.६ कमलदह क्षेत्रमा पर्यापर्यटन विकास कार्यक्रम

७.३.७ देवालय क्षेत्र सौन्दर्यीकरण तथा पर्यापर्यटन बिकास कार्यक्रम छत्रकोट-३ गुल्मी

७.३.८ बढैयाताल पर्यापर्यटन सम्भाव्यता अध्ययन

७.३.९ बरादह संरक्षण तथा पर्यापर्यटन प्रवर्धन शितगँगा, अर्घाखाँची

७.३.१० सिसौबगर सामुदायिक वनमा सिमसार संरक्षण र पार्क निर्माण, लमही-६ देउपुर

७.३.११ सत्यवती ताल संरक्षण तथा पर्यापर्यटन प्रवर्धन तिनाउ ४ पाल्पा

७.३.१२ वाउन्न घोला सिमसार क्षेत्रमा पर्यापर्यटन प्रवर्धन, बर्दघाट १०, नवलपरासी (ब.सु.प)

परिच्छेद-८

# कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम (३२९०००१८)

## ८.१ नर्सरी तथा विरूवा उत्पादन

वनक्षेत्रमा खाली रहेका तथा विभिन्न अनुत्पादक रूख तथा बुट्यान प्रजातिले ओगटेर हैसियत खस्किदै गएको वनक्षेत्रको सुधार गरी वन पैदावारको उत्पादन अभिवृद्धि मार्फत बढ्दो काठ दाउरा लगायत वन पैदावारको मागलाई दीर्घकालिन रूपमा सम्बोधन गर्नु वन कार्यालयको एउटा प्रमुख कार्य हो । यस कार्यक्रमबाट वनको उत्पादकत्व वृद्धि गर्नको लागि वनमा रहेको प्रजातिहरूको ठुलो महत्व हुने हुनाले उच्च माग भएका काष्ठ तथा गैरकाष्ठ प्रजातिका स्वस्थ तथा गुणस्तरीय विरूवाहरू उत्पादन गरी बृक्षारोपणको लागि तयार गर्नुपर्नेछ । कम रूचाईएका प्रजातिहरूले वन क्षेत्र ओगटेर वनको क्षमता अनुरूप उत्पादन हुन नसकेका तथा खाली निजी, सार्वजनिक, सामुदायिक जग्गा, सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन लगायत भू-संरक्षणको दृष्टिकोणले संवेदनशील क्षेत्रहरूमा स्थानीय चाहना तथा प्राविधिक दृष्टिकोणले उपयुक्त र उत्पादन दिन सक्ने प्रजातिहरूको बृहत्तर बृक्षारोपण गरी वनबाट समृद्धिमा योगदान पुऱ्याउनको लागि आवश्यक विरूवाहरू वन नर्सरीमा तयार गर्नुपर्नेछ ।

### ८.१.१ एक पालिकाः एक वन नर्सरी निर्माण तथा सञ्चालन (पालिकासँग साझेदारी मार्फत) (पालिका)

यसमा विनियोजित वजेट पालिकास्तरमा सम्वन्धित पालिकाको साझेदारी हुने गरी स्थायी प्रकृतिको नर्सरी निर्माण र गुणस्तर विरुवा उत्पादन गर्नु यो कार्यक्रमको मुख्य उद्देश्य हो। यस कार्यक्रम मार्फत निर्माण हुने नर्सरीमा कम्तिमा वार्षिक ३० हजार गुणस्तरयुक्त विरूवा उत्पादन गर्ने क्षमता भएको हुनु पर्नेछ । यसरी कार्यक्रम सन्चालन गर्दा पालिकावाट प्राप्त रकमवाट नर्सरीको संरचना निर्माण गरिने छ। नर्सरी सन्चालन तथा व्यवस्थापनका लागि १ जना रेन्जरस्तरको नर्सरी प्राविधिक भर्ना गरि कार्यक्रम कार्यन्वयन गरिनेछ। नर्सरी प्राविधिकलाइ बढीमा मासिक रु ३० हजार सम्म पारिश्रामिक दिन सकिनेछ । यसका साथै नर्सरीमा बाह्रै महिना विरूवा उपलब्ध हुने गरी सिंचाईको स्थायी व्यवस्था (Perennial source of water) स्थायी रुपमा फेन्सिङ वा पर्खाल, स्टोरहाउस, कम्पोष्टपिट, सेडहाउस, हरेक बेडमा पाइप जडान गरी स्प्रिङ्कल सिंचाइको व्यवस्था, वत्तीको व्यवस्था समेत गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

नर्सरी निर्माण गरिएको स्थान, फोटो तथा नक्शाहरु

नर्सरीको विरूवा उत्पादन (वहुबर्षे/एकवर्षे) क्षमता

### ८.१.२ नर्सरी मर्मत तथा स्तरोन्नति

यो कार्यक्रमको उद्देश्य डिभिजन स्तरमा स्थायी नर्सरी निर्माण गरी गुणस्तरयुक्त विरुवा उत्पादन गर्ने रहेको छ । यस कार्यक्रम मार्फत निर्माण हुने नर्सरीमा कम्तिमा वार्षिक १ लाख ५० हजार विरूवा उत्पादन गर्ने क्षमता भएको हुनुपर्नेछ । यसका साथै नर्सरीमा वाह्रै महिना विरूवा उपलब्ध हुने गरी सिंचाईको स्थायी व्यवस्था)Perennial source of water(, स्थायी रुपमा फेन्सिङ वा पर्खाल, स्टोरहाउस, कम्पोष्टपिट, सेडहाउस, हरेक वेडमा पाइप जडान गरी स्प्रिङ्कल सिंचाइको व्यवस्था, वत्तीको व्यवस्था गरी स्थायी रूपमा नर्सरी सञ्चालन हुने गरी निर्माण गर्नुपर्नेछ । यस किसिमको नर्सरी सञ्चालनको लागि वाह्रै महिना काम गर्ने गरि नर्सरी नाइकेको व्यवस्था मिलाउनु पर्नेछ।यस खालको नर्सरीमा बहुबर्षे तथा अग्ला आकारका विरुवा समेत उत्पादन गर्नुपर्ने भएकोले नर्सरी निर्माण गर्दा यस विषय समेत विचार पुर्‍याउनु पर्नेछ ।नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

नर्सरी मर्मत तथा स्तरउन्नति गरिएको स्थान, फोटो तथा नक्शाहरु

सिर्जना भएको रोजगारी श्रमदिन

निर्माण गर्दा लागेको खर्च र कार्य सम्पन्न प्रतिवेदन

### ८.१.३ गत वर्षको विरुवा स्याहार सम्भार (वहु बर्षियको रुपमा अल्या भइ आएको)

गत विगत बर्षहरूमा उत्पादन गरी यस आर्थिक वर्षमा अल्या भई आएको विरूवाहरूको वहुवर्षे स्वस्थ विरूवाको रूपमा हुर्काउनु यस कार्यक्रमको उद्देश्य रहेको छ । विगत वर्षमा बहुवर्षे विरूवा उत्पादनको लक्ष्य राखी उत्पादन भएका तथा विरूवा वितरण तथा बृक्षारोपणको सिजनमा बृक्षारोपणको लागि तयार नभई बाकी रहेको बिरूवाहरूलाई आम्दानी वाधी विरूवाको वासलात (Plant Balance Sheet) विवरण एक तह माथिको कार्यालयमा पठाउनु पर्नेछ । यसरी विभिन्न स्थानमा रहेका विरूवाहरूलाई आवश्यकता अनुसार एकत्रित गर्ने, उचित स्याहार सम्भार (नर्सरी नाइकेको पारिश्रमिक समेत), सिचाई, गोडमेल, ग्रेडिङ, ठुला विरुवाका लागि स्पेश मेन्टेन, रूट प्रुनिङ, आवश्यकता अनुसार मलजल, पोलिथैलामा माटो पुनभरण, छाहारी व्यवस्थापन, औषधोपचार तथा आवश्यकता अनुसार नर्सरी सञ्चालनका लागि अन्य सामग्रीको व्यवस्थापन समेतको कार्यमा यस शीर्षकमा विनियोजन भएको रकम खर्च गरी बृक्षारोपण लायक स्वस्थ तथा परिपक्क विरूवा वनाउनु पर्नेछ ।

यस शीर्षकमा विनियोजित भएको रकमवाट नर्सरी नाइके राखी विरूवा स्याहार सम्भार गरिनेछ । यसरी स्याहार सम्भार गरेका अधिकांश विरूवा चालु वर्षमा नै बृक्षारोपणमा खपत भएता पनि कतिपय ढिलो वृद्धि हुने प्रजाति आगामी वर्षहरूमा (तेस्रो/चौथो वर्ष) मा पनि नर्सरीमै स्याहार गरी हुर्काउन पर्ने हुन सक्छ ।

यसरी उत्पादन हुने विरूवाहरू विभिन्न दिवस, समारोह, कार्यालय परिसर, सडक बृक्षारोपण, विगत वर्षहरूमा वृक्षारोपण भएको क्षेत्रमा आवश्यक्ता अनुसार पुनरोपण, अतिक्रमण हटाइएको तथा अन्य खाली वन क्षेत्रमा गरिने वृक्षारोपणको लागि वितरण गरिनेछ । विरुवा उत्पादन भई वितरण गर्दा बहुबर्षे विरूवाको अलग्गै विरूवा मौज्दात तथा वितरण रजिष्टर खडा गरी विरूवा वितरण लगत अद्यावधिक गरी राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ।

- ✓ स्याहार सम्भार गरिएको नर्सरी अनुसारको विरुवाहरुको प्रजाति, साइज र संख्या
- ✓ वितरणको लगत: सरकारद्वारा व्यवस्थित वन, नदी उकास क्षेत्र, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न तथा अन्य बृक्षारोपणको विवरण
- ✓ स्याहार सम्भार, वितरण तथा बृक्षारोपणको फोटो

### ८.१.४ आगामी वर्षका लागि विरुवा उत्पादन (वहु बर्षिय)

सडक किनारा तथा शहरी क्षेत्रमा स-साना विरूवाहरू बृक्षारोपण गर्दा स्याहार सम्भार धेरै गर्न पर्ने र Plant Mortality पनि धेरै नै हुनसक्ने भएकोले वृक्षारोपण क्षेत्रमा अधिकतम Survival Rate को लागि ठुला र परिपक्व विरूवा रोपणलाई अभिप्रेरित गर्न नर्सरीहरूमा यस्ता विरूवा उत्पादन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

यस कार्यक्रम अनुसार सम्भव भएसम्म कम्तिमा एक मिटर उचाईका विरुवा (अति ढिलो बढ्ने प्रजाति वाहेक) उपयोग हुने गरी वहुवर्षीय विरुवा उत्पादनमा जोड दिएको छ । नर्सरीमा बहुबर्षे विरूवा उत्पादन गर्दा लामो समयसम्म विरूवालाई नर्सरीमै राखी स्याहार गर्नुपर्ने भएकोले ४"x७" भन्दा ठुला साइजका पोलिथैला प्रयोग गर्नुपर्नेछ । प्रजाति छनौट गर्दा सडक किनारा तथा शहरी क्षेत्रका लागि आवश्यक पर्ने, विभिन्न महोत्वस समारोहको लागि आवश्यक पर्ने र नियमित बृक्षारोपणका लागि आवश्यक तर ढिलो बढ्ने प्रजातिका विरूवाहरूलाई प्राथमिकता दिनुपर्नेछ ।यस कार्यक्रमवाट चालु आ.व.को यथासम्भव छिटो विरूवा उत्पादन कार्य सुरू गरी आगामी आ.व.हरूमा मात्र प्रयोग हुने गरी उत्पादन गरिने हुँदा आषाढ मसान्तमा आम्दानी बाँधी सोको जानकारी एकतह माथी पठाउनु पर्नेछ ।

यस कार्यक्रम अन्तरगत विरूवा उत्पादन कार्यमा कार्यालयलाई प्राप्त विरूवा उत्पादन लक्ष्य नघट्ने गरी प्रति विरूवा उत्पादन खर्च औषत रकम रू. २५।- (प्रजाति अनुसार तलमाथी हुन सक्ने) का दरले विरूवा उत्पादन गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- ✓ उत्पादित विरुवाहरुको जात र संख्या (पोलिथैला साइज अनुसारको विरूवा सँख्या)

- ✓ नर्सरी ले-आवट सहितको नक्सा
- ✓ विरूवा उत्पादन रजिष्टर (विउ छर्ने, विउ उपचार, ट्रान्सप्लान्ट, गोडमेल, ग्रेडिङ सहितका विस्तृत कृयाकलाप उल्लेखित)
- ✓ विरूवा वितरण रजिष्टरमा विरूवा प्राप्त गर्ने सँघ, संस्था, समूह, व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्बर, विरूवा जात सँख्या, रोपिने स्थान सहितको विवरण
- ✓ विभिन्न क्रियाकलापहरुको फोटो

### ८.१.५ चालु आ.व.को लागि विरुवा उत्पादन (एक बर्षिय)

जिल्लामा खाली रहेको निजी, सार्वजनिक तथा वनक्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा विरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत विरुवा उत्पादन कार्ययोजना वनाई यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्रजातिहरू छनौट गर्दा उपभोक्ताहरुको रुचि र कृषि वनको लागि आवश्यक, कार्यालयको वार्षिक कार्यक्रममा उल्लेखित वृक्षारोपणको लक्ष्यलाई आधार वनाई विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य वहुउपयोगी प्रजातिलाई प्राथमिकता दिनुपर्नेछ । प्रजाति अनुसारको उत्पादन लक्ष्य निर्धारण भैसके पछि विरूवा उत्पादनको कार्ययोजना बनाई अमानतबाट गर्नुपर्ने कामको हकमा एक तह माथिको सिफारिस लिई समयमै विरूवा उत्पादन कार्य थालनी गर्नुपर्नेछ । विरूवा उत्पादनको कार्यदिश गर्दा अनिवार्य रूपमा प्रजाति किटान गर्नुपर्नेछ । कार्यालय आफैले नर्सरी संचालन गर्दा सम्भव भए सम्म वीउ स्रोत, समयतालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरिएको विरूवा उत्पादन रजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा विरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

विरूवा उत्पादन कार्यमा कार्यालयलाई प्राप्त विरूवा उत्पादन लक्ष्य नघट्ने गरी प्रति विरूवा उत्पादन खर्च औषत रकम रू. १०।- (प्रजाति अनुसार तलमाथी हुन सक्ने) का दरले विरूवा उत्पादन गर्न सकिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

बिरुवा उत्पादन भई वितरण गर्दा अनिवार्य रूपमा वितरण लगत राखुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- ✓ उत्पादित विरुवाहरुको जात र संख्या (पोलिथैला साइज अनुसारको विरूवा सँख्या)
- ✓ नर्सरी ले-आवट सहितको नक्सा

- ✓ वितरणको लगत: सरकारद्वारा व्यवस्थित वन, नदी उकास क्षेत्र, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न
- ✓ विभिन्न क्रियाकलापहरुको फोटो

### ८.१.६ अनुसन्धानमुलक वन नर्सरी (अनुसन्धान, सञ्चानल ईत्यादी)

यस कार्यक्रमको उद्देश्य वन नर्सरीहरूमा स्वस्थ विरूवा उत्पादन गर्न विभिन्न प्रविधिको अनुसन्धान गरी प्रदेशभरीका वन नर्सरीमा विरूवा उत्पादनका नविनतम तथा प्रभावकारी विधि सिफारिस गर्नु रहेको छ । यस कार्यक्रममा बिनियोजित रकम नर्सरीमा भएका संरचनाहरु(बेड, ग्लास हाउस, सेडहाउस ग्रीन हाउस तारवार, बाटो लगायत) मर्मत गरी कार्य सञ्चालनमा ल्याउने, सरसफाई गर्ने र आवश्यकता अनुसार स्तरउन्नती गर्ने, थाई रुपमा वोरिङ्ग तथा अन्य उपयूक्त प्रविधी बाट पानी आपुर्ती तथा व्यवस्थापन गर्ने र सोको लागि चाहीने संरचना निर्माण गर्ने कार्यमा खर्च गरीनेछ। यस कार्यक्रमबाट वन नर्सरीमा विरूवाको वृद्धिदर, उत्पादित विरूवाको वृक्षारोपण पश्चात बाच्ने दर (Survival rate) वृद्धि, नर्सरीमा हुने रोग किरा सम्वन्धी समस्या समाधानको तरिका लगायत अन्य विविध पक्षमा अनुसन्धान हुने गरी एक अनुसन्धान वन नर्सरी सञ्चालन गर्नु पर्नेछ। अनुसन्धानमुलक वन नर्सरी स्थापना तथा सञ्चालनका लागि अनुसन्धानको उदेश्य, विधी, सञ्चालन प्रकृया तथा प्राप्त निष्कर्ष तथा उपलब्धीहरूको उपयोग विधि समेत समावेश गरी अनुसन्धान विधि/पद्धति (Research Protocol) तयार गरी मन्त्रालयबाट स्वीकृत गराई कार्य सञ्चालन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजित बजेट माथी उल्लिखित विविध पक्षको अनुसन्धान हुने गरी नर्सरी स्तरोन्नति, विउ संकलन, विरूवा उत्पादन आदि कार्यमा खर्च गर्न सकिनेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुंदाहरु समावेश गर्नुपर्नेछ ।

- ✓ नर्सरी निर्माण गरिएको स्थान, फोटो तथा नक्शाहरु
- ✓ अनुसन्धान गरिएका पक्षहरू र निष्कर्ष सहितको प्रतिवेदन
- ✓ नर्सरीको उत्पादित विरूवा (एकवर्षे/वहुवर्षे) को विवरण
- ✓ सिर्जना भएको रोजगारी श्रमदिन
- ✓ निर्माण गर्दा लागेको खर्च

## ८.२ बृक्षरोपण, समृद्धी बृक्षरोपण, पुनःरोपण, गोडमेल तथा संरक्षण

### ८.२.१ गत विगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुनः रोपण, स्याहार सम्भार र संरक्षण

यस कार्यक्रमको मुख्य लक्ष्य विगत समयमा सामुदायिक तथा सार्वजनिक क्षेत्रमा भएका बृक्षारोपणको स्याहार सम्भार तथा पुनरोपण समेत गरी विगतमा भएका बृक्षारोपणलाई शत प्रतिशत सफल बनाउनु रहेको

छ । यसमा विनियोजन भएको रकम विगत समयमा भएको बृक्षारोपणको गोडमेल (Weeding), सरसफाई (Cleaning), आवश्यकता अनुसार मलखाँद समेत प्रयोग गरी मृत विरूवाहरू प्रतिस्थापन (Beating up) को लागि पुनरोपण कार्य आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- गोडमेल तथा सरसफाई गरीएको वृक्षारोपण क्षेत्रको विवरण (विरूवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- पुन रोपण गरिएको विरूवा, मलखाँदको परिमाण
- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- कार्य सञ्चालन पुर्व तथा पश्चातको र कार्य सञ्चालनको फोटो

### ८.२.२ बृक्षरोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला वृक्षरोपण समेत)

### ८.२.२.१ बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला बृक्षारोपण समेत)

यस कार्यक्रमको मुख्य लक्ष्य उत्पादन गरिएको गुणस्तरिय र बृक्षारोपण लायक विरूवाहरूलाई खाली वनक्षेत्र (हैसियत सुधार गर्नपर्ने वनक्षेत्र समेत), चुरे क्षेत्र, नदी उकास, निजी, सार्वजनिक जग्गा, अतिक्रमण हटाइएको क्षेत्रमा बृक्षारोपण गर्न कार्ययोजना (Action-plan) तयार गरी कार्य सञ्चालन गर्नु रहेको छ। यस कार्यक्रम कार्यन्वयनका लागी सबै डिभिजनहरुले फागुन मसान्त भित्र वृक्षारोपण स्थलको जिपिएस नक्सा तथा कोर्डिनेट सहितको विवरण (क्षेत्रफल,स्थान आदि), सरोकारवालासँग छलफल, ल.इ. तयारी, विरूवा प्रजाति, सँख्या तथा बृक्षारोपणको खाडलको आकार तथा दुरी, मलखाँदको प्रयोग, लागत साझेदारीको अवस्था र विरूवा संरक्षण तथा स्याहार सम्भारको व्यवस्था सहितको प्रदेश वन ऐन २०७८ को दफा ८९ बिस्तृत वृक्षारोपण योजना तयार पारी डिभिजनल वन अधिकृतबाट स्वीकृत गरि मन्त्रालय र निर्देशनालयमा जानकारी गराउनु पर्नेछ। यसमा विनियोजित रकम प्राविधिक खर्च, योजना निर्माण,इन्धन खर्च तथा विज्ञसेवा खर्च समेतमा खर्च गर्नसक्ने छ ।

### ८.२.२.२ वन क्षेत्रको वृक्षरोपण र संरक्षण

स्वीकृत भएको बृक्षारोपण योजना अनुरुप मात्र वृक्षारोपण गर्नुपर्ने छ। अतिक्रमित क्षेत्र, चरिचरणको चपेटामा परेको वनक्षेत्र, नदि उकास, सार्वजनिक जग्गा तथा चुरे क्षेत्रका खालि जमिनमा वृक्षारोपण गर्दा आवश्यकता अनुसार जग्गा तयारी, झाँडी सफाई, तारबार, ट्रेन्च निर्माण वा बारबेर गरि गर्नु पर्नेछ । वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी राख्नु पर्नेछ । कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, विरूवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- वृक्षारोपणमा अवलम्वन गरिएका उपायहरूको विवरण (तारबार, हेरालु, मलखाँद सम्वन्धी विवरण)
- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- कार्य सञ्चालन चरणको फोटो

**८.२.२.३ अतिक्रमण हटाई वन क्षेत्रको पुनर्स्थापना (बृक्षरोपण)**

१० हेक्टर भन्दा बढि अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण हटाई वृक्षारोपण गर्नुपर्ने भएमा सो क्षेत्रको विस्तृत विवरण सहितको नक्शा, अतिक्रमण हटाउन लाग्ने खर्च, सोको संरक्षणको मोडालिटी र खर्च, वृक्षारोपण गर्दा लाग्ने खर्च र व्यवस्थापन योजना सहितको विस्तृत वृक्षारोपण योजना तयार गरी सम्वन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ । तर १० हेक्टर भन्दा कम क्षेत्रमा अतिक्रमण हटाई वृक्षारोपण गर्नुपरेमा कार्ययोजना अनिवार्य हुनेछैन । कार्य सम्पन्न प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, विरूवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- बृक्षारोपणमा अवलम्वन गरिएका उपायहरूको विवरण (तारबार, हेरालु, सम्वन्धी विवरण)
- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- कार्य सञ्चालन चरणको फोटो

## ८.२.३ कार्यक्रम मार्फत सडक सौन्दर्यीकरण वृक्षारोपण "हरित सडक लुम्बिनीको पहिचान"

प्रदेश भित्रका मुख्य राजमार्ग तथा सहायक राजमार्गहरुको छेउछाउँ तथा मध्यभाग (Divider) मा सौन्दर्य प्रदायक वहुवर्षीय विरुवाहरुको वृक्षारोपण मार्फत लुम्विनी प्रदेशको सडकहरुमा हरियाली प्रवर्द्धन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यो कार्यक्रम स्थानीय समुदाय, सम्वन्धित पालिका, डिभिजन सडक कार्यालय, वित्तिय संस्था, क्लव तथा अन्य सरोकारवालाहरुसँगको सहकार्यमा गर्न सकिने छ । यसको लागि डिभिजन वन कार्यालयले विस्तृत कार्ययोजना तथा ल.ई. तयार गरि मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ । डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न गरि आवश्यक कागजात सहितको कार्यसम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश हुन आएमा मन्त्रालयले सोको भुक्तानी दिनु पर्नेछ । कार्य प्रारम्भको लागि माग भई आएमा पेश्की रकम उपलब्ध गराउनु पर्नेछ । वृक्षारोपण कार्य सम्पन्न भएपछि वृक्षारोपण सम्वन्धी तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी राख्नु पर्नेछ ।

यसरी कार्य सम्पन्न पश्चात डिभिजन वन कार्यालयले प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, बिरूवा सँख्या, प्रजाति, क्षेत्रफल/लम्बाई समेत)
- बृक्षारोपणमा अवलम्वन गरिएका उपायहरूको विवरण (तारबार, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु, मलखाँदको परिमाण)
- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- खर्चको विवरण
- कार्य सञ्चालन चरणको फोटो

## ८.२.४ "एक घर दुई बृक्ष, शहर हाम्रो बनाउ स्वच्छ" अभियान

यो कार्यक्रमको मुख्य उद्देश्य प्रदेश भित्रका वन क्षेत्र अति न्युन भएका ठुला शहरहरूको वस्ती क्षेत्रमा हरियारी प्रवर्द्धनमा सहयोग पुर्‍याउने रहेको छ । घना वस्ती भएका शहरहरूको प्रत्येक घरमा कम्तिमा दुई वटा बिरूवाहरू रोपी हुर्काउन अभिप्रेरित गर्नुपर्नेछ । डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र रहेको घना बस्ती रहेको पालिका छनौट गरी उक्त पालिकाको हरियाली कम भएको बस्ती एक वा बढिमा दुइवटा सम्म वडा छनौट गरी रोपण गर्न इच्छुक घरधुरीको निवेदन संकलन गरी एक घर कम्तिमा दुई रूख रोपण गर्ने योजना बनाउनुपर्दछ ।यस कार्यक्रममा विनियोजन भएको रकमले बढीमा ४ प्रतिशत कन्टेन्जेन्सी कटाई प्रति विरूवा रू.१००।- सम्म अर्थात प्रति घर रू. २००।- सम्म सहयोग गर्न सकिने तर शहरमा रोपिने ठुला साइजका, जराको फैलावट कम भएका हाँगा धेरै नफैलिने सुगन्धित, फुल फुल्ने प्रकृतिका विरूवाको मुल्य यस भन्दा बढी पर्न सक्ने हुँदा स्वयम् घरधनी, टोल समिति, वडा कार्यालय वा पालिकाको थप लगानी आवश्यक पर्ने हुँदा यसको सुनिश्चितता गरेर मात्र योजना बनाउन उपयुक्त हुन्छ । विरूवाको व्यवस्थापन, खाडल, मलखाँदको प्रयोग, रोपण र संरक्षण कार्य घरधनि स्वयम् वा टोल समिति मार्फत गर्नुपर्दछ । डिभिजन वन कार्यालयमा विगत देखि उत्पादन भएका यस प्रकृतिका बहुवर्षे विरूवा उपलब्ध भएमा ५० प्रतिशत विरूवा निःशुल्क रूपमा उपलब्ध गराउन सकिनेछ । यसो हुन गएमा प्रति घरधुरीले रोप्न पर्ने विरूवा सँख्यामा बृद्धि वा विरूवा रोपण गर्ने घरधुरी सँख्यामा बृद्धि गर्न सकिनेछ । नमुनाको रूपमा यसरी बृक्षारोपण गरी अन्य टोल छिमेक र वडाहरूलाई आकर्षण गरी आगामी दिनहरूमा स्वतः घरधुरी स्वयंले बृक्षारोपण गरी शहर हरियाली हुँदै जाने अपेक्षा गरिएको छ । कार्य सम्पन्न भए पश्चात टोल समिति वा वडा कार्यालय मार्फत भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ । रोपण गरिएका विरूवाको संरक्षण

र स्याहार सम्भारको सुनिश्चितताका लागि डिभिजन वन कार्यालयले वडा कार्यालय र टोल समितिलाई विवरण उल्लेख गरी अन्य सुविधालाई समेत जोडी विशेष अनुरोध गर्नुपर्नेछ ।

यस शीर्षकमा विनियोजन भएको रकममध्ये कन्टेन्जेन्सी रकमले अन्तरकृया तथा समन्वय बैठक, प्रचार प्रसार र होर्डिङ्ग बोर्ड तयार गरी रोपण गरिएको शहरको मुख्यभागमा राख्नु पर्नेछ ।

यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- रोपण भएको बिरूवाको प्रजातिगत सँख्या, अवस्थिति र घरधुरीको विवरण
- अन्य सहयोगी निकाय भए सो को विवरण
- कार्य सञ्चालन चरणको फोटो

### ८.२.४ ठुला रुख स्तानान्तरणका लागि ट्री स्पेड ट्रक खरिद तथा व्यवस्थापन

यस कार्यक्रमको लागि विनियोजित वजेटको परिधिभित्र रहि Specification तयार गर्न लगाई सोको आधारमा लागत अनुमान स्वीकृत गराई प्रचलित कानुन बमोजिम ट्री स्पेड ट्रक खरिद गरी सन्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

### ८.२.५ बृहत बाँस रोपण अभियान

यस कार्यक्रमको उद्देश्य पहिरो तथा गल्छि नियन्त्रण, वन अतिक्रमण नियन्त्रणका लागि वृक्षारोपण एवं जिवित सिमाङ्कन, आयआर्जनमा वृद्धि एवं हरियाली प्रवर्द्धन गर्नु रहेको छ । यसमा विनियोजित रकम बाँसको प्रति राईजोम/कलमी तीन सयमा नबढ्ने गरी खरिद,ढुवानी,रोपण लगायतका कार्यमा खर्च गर्नुपर्नेछ। डिभिजन वन कार्यालयले बाँसको राईजोम खरिद गर्नुको सट्टा कटिङ्गबाट विरुवा उत्पादन गर्न चाहेमा जिवित विरुवा प्रति गोटा रु. तीन सयभन्दा नबढ्ने गरि उत्पादन गर्न सकिनेछ ।

## ८.३ निजी तथा कृषि वन कार्यक्रम

### ८.३.१ "एक पालिका, एक नमुना कृषि वन" कार्यक्रम

लुम्बिनी प्रदेशको ६ वटा तराईका जिल्लाहरूमा वन नभएका वा अति न्यून वनक्षेत्र भएका प्रत्येक पालिकामा एकवटा नमुना कृषि वन कार्यक्रम मार्फत भुमिको उत्पादकत्व अभिबृद्धि गर्ने महत्वकांक्षाका साथ पहिलो पटक यो कार्यक्रम प्रारम्भ गरिएको छ । यस कार्यक्रम मार्फत खेर गैराखेको वा कम सदुपयोग भएको व्यक्तिको नाममा दर्ता भएको जग्गाको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय क्षेत्रमा नै रोजगारी तथा आय आर्जन र उद्यमशिलताको अभिवृद्धिबाट समृद्धिका लागि वन भन्ने नारालाई प्रत्यक्ष रुपले सहयोग गर्ने अपेक्षा गरिएको छ । यस "एक पालिका, एक नमुना कृषि वन" कार्यक्रम मार्फत तराईका प्रत्येक

प्रदेश सरकार
लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय

पालिकामा निजी जग्गामा कम्तिमा पनि ५ हेक्टर क्षेत्रमा कृषि वनका विभिन्न प्रणालीहरू लागु गरिनेछ । तर कृषि बालीको साथमा विरूवा रोपण गर्दा डिल, आली र सिमान्तकृत जग्गामा रोपण गर्नुपर्ने हुँदा एक विरूवा देखी अर्को विरूवा सम्मको दुरी प्रजाति र अपनाईएको कृषि वन पद्दति अनुसारको दुरी कायम गरी गर्नुपर्नेछ । कार्यक्रमको प्रभावकारिता वढाउन हरेक पालिकामा अत्याधिक मात्रामा खाली रही रहेको वा न्यून प्रयोग भएको एकआपसमा जोडिएका वा नजिकमा रहेका जग्गा छनौट गरी गर्न सकिनेछ । यस कार्यक्रम सन्चालन पश्चात लाभान्वित घरधुरी, वृक्षारोपण गरेको जमिनको क्षेत्रफल, विरुवा प्रजाति र संख्या, अपनाईएको कृषि वन पद्दति आदि विवरण सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरि डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । यसरी रोपण भएका क्षेत्रको ६/६ महिनामा डिभिजन वन कार्यालयले अनुगमन गरि पृष्ठपोषण सहितको प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्नेछ । डिभिजन वन कार्यालयबाट यस्ता समूहहरूलाई निःशुल्क विरूवाको अतिरिक्त खाडल खन्न,खाडलमा अनिवार्यरुपमा पाकेको कम्पोष्ट मल प्रयोग, विरूवा ढुवानी, रोपण र स्याहार सम्भारको लागि प्रति विरूवा रू.३०।- का दरले अनुदान सहयोग उपलब्ध गराउने छ । यसरी उपलब्ध गराइने रकम कार्य सम्पन्न भै कृषि वन प्राविधिक र सम्बन्धित सब डिभिजनबाट सिफारिस भै आएपश्चात् व्यक्ति वा समूहलाई एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।

यसका अतिरिक्त यस शीर्षकमा विनियोजन भएको रकम प्रति विरूवा रू.१।- का दरले समन्वय बैठक, अन्तरकृया, कृषि वन सम्बन्धी क्षमता विकास कार्यक्रम, कार्यक्रमको निरन्तर अनुगमन, इन्धन, दै.भ्र.भ. इत्यादीमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि कृषि वनसँग सम्बन्धित तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी कार्यस्थल मुख्यभागमा राख्नु पर्नेछ ।

कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नु पर्नेछः

- कृषि वन समूहहरूको कार्ययोजना (पालिका अनुसार)
- रोपण गरीएको विरूवा तथा प्रजाति (समूह अनुसार)
- रोपण गरीएको क्षेत्र/विरुवाको संरक्षण तथा स्याहार सम्भार योजना
- अन्य सहयोगी निकायबाट प्राप्त भएको सहयोगको विवरण
- सम्पादित कृयाकलापहरूको फोटो

### ८.३.२ कृषि वन प्रबर्धन कार्यक्रम

निजी जग्गा/सार्वजनिक तथा खस्केको वन क्षेत्रमा जमीनको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीय जनताको आयआर्जनमा सहयोग पुर्याउनका लागि आयमूलक वनजन्य, जडीबुटी तथा फलफुलका विरुवा खरिद, रोपण तथा स्याहार गरी आयमूलक कार्यक्रम संचालन गरिनेछ । यसका साथै अतिक्रमण हटाइएका वन क्षेत्रहरु तथा नदी उकास क्षेत्रहरुमा विपन्न वर्गका जनतालाई समूह बनाई आयमूलक वन जन्य, जडीबुटी तथा फलफुलका विरुवा खरिद, रोपण तथा स्याहार गरी आयमूलक कार्यक्रम संचालन गर्न सकिनेछ

। यस शीर्षकमा विनियोजन भएको रकमबाट क्षेत्र छनौट, अन्तरकृया, कृषि वन प्रणालीको छनौट, छनौट भएको प्रणाली अनुसार आवश्यक विरूवाको व्यवस्थापन, रोपणमा सहयोग जस्ता कार्यहरूमा खर्च गर्न सकिनेछ ।

यसरी कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- लागु गरिएको कृषि वन प्रणाली, क्षेत्रफल
- लाभान्वित घरधुरीको विवरण
- रोपण गरीएको विरूवा तथा प्रजाति
- अन्य सहयोगी निकाय भए सो को विवरण
- कार्य सञ्चालन चरणको फोटो

### ८.३.३ कृषि वन विकासमा प्राविधिक सहजीकरण मार्फत उत्पादन वृद्धि कार्यक्रम

यस कार्यक्रमको जिल्लाका उपयुक्त स्थानहरूमा कृषि वन प्रणाली लागु गरी जमिनको उत्पादकत्व बढाउनका साथै विशेष गरी "एक पालिका, एक नमुना कृषि वन" कार्यक्रमलाई प्रभावाकारी रूपले कार्यान्वयन गर्नु रहेको छ। यस शीर्षकमा विनियोजन भएको रकम कृषि वन समूह गठन गर्ने, कार्ययोजना तयार गर्ने, गठन भएको कृषि वन समूहमा नियमित रूपमा कृषि वन प्रणालीको प्रवर्द्धन र अन्य बहुआयामिक कार्यक्रम मार्फत आयआर्जन बृद्धि हुने किसिमका क्रियाकलापहरू सञ्चालन गर्न वन प्राविधिक परिचालन लगायतमा खर्च गरिनेछ।

"एक पालिका, एक नमुना कृषि वन" कार्यक्रम लागु भएका ८ वटा डिभिजन वन कार्यालयले एक जना कृषि वन प्राविधिक (वन विज्ञानमा स्नातक उत्तिर्ण) बढीमा मासिक रू ३० हजार पारिश्रमिक पाउने गरी बर्षभरीको लागि सेवा करारमा कार्य गराउनु पर्ने छ। गत आवबाट काम गरिरहेका कृषि वन प्राविधिक तथा सहजकर्तालाइ पहिलो प्राथमिकता दिई राख्नुपर्छ। स्वीकृत कार्यक्रममा उल्लेखित पालिका सँख्या अनुसार हरेक पालिका एक कृषि वन सहजकर्ता लाई वजेटको परिधिमा रहि आवश्यकता अनुसार मासिक पारिश्रमिक रू.१० हजार पाउने गरी छनौट गर्नुपर्नेछ। यस वाहेक कृषि वन प्राविधिक तथा सहजकर्तालाई फिल्ड गियर, इन्धन उपलब्ध गराउनु पर्ने छ। यस कार्यक्रममा काम गर्ने कर्मचारीहरु फिल्ड खटिदाको दैनिक भ्रमण भत्ता, यातायात खर्च आदी यसमा बिनियोजित बजेट नपुग भएमा कार्यालयमा अन्य शिर्षकको बजेटबाट समेत ब्यबस्था गर्नुपर्नेछ। यस कार्यक्रमबाट छनौट गरिएको वन प्राविधिक र सामाजिक सहजकर्ताहरूलाई कृषि वन सम्बन्धी विषयमा क्षमता अभिबृद्धि गर्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले प्राथमिकता दिनुपर्नेछ। कृषि वन प्राविधिक र सहजकर्ताले कार्यक्रम लागु भएका हरेक पालिकामा कृषि वन सँग सम्बन्धित निम्न अनुसारको कार्य सम्पादन गर्नुपर्नेछः

क. कार्यक्रम कार्यान्वयनका लागि राखीएका कृषि वन प्राविधिकले गत आ.व.मा. रोपण गरीएका विरुवाको नियमीत अनुगमन गरी मासीक रुपमा डि.व.का मार्फत निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।

ख. गत आ.व.मा विरुवा रोपण गरीएको क्षेत्रमा छहारीमा हुन सक्ने नगदे वाली, जडिबुटी लगायतका घुसुवा बाली (Inter crops)को खेती गर्न प्रोत्साहान गर्ने।

ग. "एक पालिका, एक नमुना कृषि वन" लागु भएका प्रत्येक पालिकामा व्यापक प्रचार प्रसार गर्ने र कृषि वन समूह गठन गर्ने,

घ. कृषि वन समूह, सब डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानिय तह र कृषि तथा पशु सेवा सम्वन्धी कार्यालय लगायतका निकायको बीचमा सम्वन्ध र समन्वय कायम गर्ने,

ङ. कृषि वन प्रणाली लागु हुने क्षेत्रको घरधुरी विवरण, स्थानीय व्यक्तिहरूको रूचाएको कृषि वन प्रणाली, विरूवा, बृक्षारोपण योग्य क्षेत्र (कृषि वन अन्तरवालीको अवधारणामा केन्द्रित भएर) लगायत अन्य आवश्यक तथ्यांक संकलन गर्ने,

च. "एक पालिका, एक नमुना कृषि वन" कार्यान्वयन कार्ययोजना तयार गरी डि.व.का.मा स्वीकृतिको लागि पेश गर्ने,

छ. डिभिजन वन कार्यालयको निर्देशन अनुसार कृषि वन समूहलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।

ज. कृषि वन समूहमा छलफल तथा वैठक व्यवस्थापन गर्न कृषि वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने,

झ. समूहले पाउने सहयोगको वारेमा डिभिजन वन कार्यालय वाट जानकारी लिई सोही वमोजिम समूहलाई जानकारी गराउने,

ञ. सब डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालय संग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र कृषि वन सम्वन्धी क्षमता विकास कार्यक्रम, तालिम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,

ट. कृषि, फलफुल तथा वनजन्य विरूवाहरूको सुरक्षित ढुवानी, बृक्षारोपण र बृक्षारोपण पश्चात उचित स्याहार सम्भार तथा संरक्षण कार्यमा प्राविधिक सहयोग गर्ने,

ठ. भए गरेका कार्यहरूको मासिक रूपमा सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा नियमित रिपोर्टिङ गर्ने,

ड. डिभिजन वन कार्यालय तथा मातहतको सव-डिभिजन वन कार्यालयले तोकेका यस विषयसँग सम्बन्धित अन्य कार्य गर्ने ।

८.३.४ घुम्ति विरुवा वितरण र रोपण सहजिकरण विशेष अभियान

नर्सरी भन्दा टाढा भएका किसानहरुलाई वितरण गर्नको लागि किसानहरुको माग संकलन गरिनेछ । किसानको माग अनुसारको विरुवाको ढुवानी, वितरण तथा रोपण सहजिकरणको लागि विशेष अभियान सन्चालन गरिनेछ । यस कार्यक्रममा विनियोजित रकम विरुवा ढुवानी, वितरण तथा रोपणका लागि इन्धन,सवारी साधन भाडा, लोडअनलोड, दै.भ्र.भत्ता लगायतका कार्यमा खर्च गर्न सकिने छ ।

८.३.५ विविध/अन्य कार्यक्रम सम्बन्धमा

यस कार्यविधिमा उल्लेख भएका कार्यक्रमका हकमा सोहि बमोजिम गरिनेछ तथा उल्लेख नभएका कार्यक्रमका हकमा कुनै द्धविधा उत्पन्न भए मन्त्रालयको निर्णय बमोजिम कार्यक्रम कार्यन्वयन गरिने छ।

सचिव